वैदिक उद्बोधन



Lead me from the unreal to the real.
Lead me from darkness to light.
Lead me from mortality to immortality.

– Brhadaranyoko Panishad

WITH

BEST

COMPLIMENTS

FROM

BISWAS GARMENT

We are the leading manufacturers
and
Exporters of all kinds of
Readymade Garments

BISWAS GARMENT INDUSTRIES

Koteshwor, Kathmandu, nepal.
Phone No. 4-74029, 481923, 481924
Telex : 2308 Gyoko-NP
Fax : 977-1- 472954

॥ ॐ पूर्णमदः पूर्णमिदं पूर्णात् पूर्णमुदच्यते । पूर्णस्य पूर्णमादाय पूर्णमेवावशिष्यते ॥

वैदिक उद्‌बोधन

वर्ष ७	वि.सं. २०५४ श्रीकृष्ण जन्माष्टमी	अंक ११

संस्थापक एवं संरक्षक
श्री सत्‌गुरुदेव स्वामी चन्द्रेश
(शिवपुरी स्वामी)

मार्ग-दर्शक
श्री श्यामसुन्दर ब्रह्मचारी

संपादक
द्वारिकाप्रसाद पौडेल
मनोजकुमार ढुङ्गाना

बजार-व्यवस्थापक
लक्ष्मण अधिकारी
सिजन लामिछाने
ललितादेवी पौडेल
रामहरि थापा

विज्ञापन-व्यवस्थापक
द्वारिका चौलागाईं
रमेशकुमार अर्याल
मिलनदेवी शर्मा

सदस्यता-व्यवस्थापक
पुरुषोत्तमप्रसाद भण्डारी
उमादेवी लामिछाने
विमला शर्मा
सुशील भट्टराई

विशेष-सहयोगी
उत्तमकुमार सुनुवार

भाषा-संपादन
पं. चेतनारायण घिमिरे

प्रकाशन सङ्ख्या :– १५०० प्रति

वैदिक उद्‌बोधनमा पठाइने लेख, रचनाहरू सफा र शुद्ध हुनु पर्छ। अस्वीकृत लेख, र चनाहरू फिर्ता गरिने छैन। प्रकाशित लेख, रचना प्रति लेखक स्वयम् जिम्मेवार रहनेछन्।

COVER PAGES ILLUSTRATED BY: SRI SATGURUDEV SWAMI CHANDRESH

आवरण, पछाडि र भित्री पूरा पृष्ठका चित्रहरू सत्‌गुरुदेव स्वामी चन्द्रेशज्यूद्वारा बनाईएको हो।

वैदिक उद्‌बोधन, **Vedic Realisation** नेपाली, अंग्रेजी पत्रिकाको सदस्यता दर

- वार्षिक सदस्यता व्यक्तिगत रु. १००।– (एक सय)
- वार्षिक सदस्यता संस्थागत रु. २००।– (दुई सय)
- आजीवन सदस्यता व्यक्तिगत रु. १०००।– (एक हजार)
- आजीवन सदस्यता संस्थागत रु. ३०००।– (तीन हजार)

दक्षिण एशियाली एवं अन्य देश (संयुक्तराज्य अमेरिका, क्यानडा, युरोप आदि) मा

- दक्षिण एशियाली देशमा वार्षिक सदस्यता व्यक्तिगत भा.रु. १००।– (एक सय)
- दक्षिण एशियाली देशमा आजीवन सदस्यता व्यक्तिगत भा.रु. ३०००।– (तीन हजार)
- अन्य देशहरूमा वार्षिक सदस्यता व्यक्तिगत U.S.$ १२।–(बाह्र)
- अन्य देशहरूमा आजीवन सदस्यता व्यक्तिगत US$ ३५०।– (तीन सय पचास)

प्रकाशक

वैदिक उद्‌बोधन संघ (**Association for Vedic Realisation**)

बत्तीसपुतली, पत्रमञ्जुषा ६१३७, काठमाडौं, नेपाल।

दूरभाष: ४–७१७०९, ३–७०२०२,

G.P.O.Box NO. 6137, Kathmandu, Nepal.

मूल्य– व्यक्तिगत रू. २५।– (पच्चीस)
संस्थागत रू. १००।– (एक सय)

कम्प्यूटर सेटिङ्ग

राजु कम्प्यूटर सर्भिस
वानेश्वर, बत्तीसपुतली,
फोन :४–८८५१५

मुद्रक

एक्सप्रेस कलर प्रेस
बुद्धनगर, नयाँवानेश्वर, शंखमूल
दूरभाष : ४–८०८१०

अनुक्रमणिका

शीर्षक	लेखक	पृष्ठ
(१) योगेश्वर भगवान् श्रीकृष्ण	स्वामी चन्द्रेश	१
(२) भगवान् श्रीकृष्णको संस्तवन	–	३
(३) कर्मयोग	श्यामसुन्दर ब्रह्मचारी	४
(४) अजात शत्रुद्वारा गार्ग्यलाई आत्म–उपदेश	–	१३
(५) क्रोध माथि प्रेमको विजय	सुधीर निगम	१७
(६) धर्म के हो ?	स्वामी चन्द्रेश	१८
(७) शिक्षा	महाकवि लक्ष्मीप्रसाद देवकोटा	२४
(८) अनेकौं रोगको ओखती "शिलाजित"	डा. श्याममणि अधिकारी	२६
(९) श्री १०८ हैडियाखानी बाबा	स.डा.स्वामी प्रपन्नाचार्य	२९
(१०) भगवान् वुद्ध	स्वामी विवेकानन्द	३८
(११) हाम्रा परम्पराहरू–यस्ता किन ?	उमेश पाण्डे	४१
(१२) आचार्य चाणक्य र अर्थशास्त्र	प्रा.डा. ऋषिराम पोखरेल	४५
(१३) सुदामासित भेट	श्रीमती हिरण्यकुमारी पाठक	५०
(१४) मन्दिर–परिचय	–	५२
(१५) वैदिक उद्बोधन – के छाने र के पाए	ओममणि शर्मा	५४
(१६) सम्पादकीय	–	६०

ॐ ॐ ॐ

साथमा अन्य आकर्षण

गीता, विश्वकै वाङ्मय, वेदवाणी, हिन्दू धर्मः विश्व धर्म, गुरु, जीवक वैद्य, कालजयी संस्कृति, हे भारतवर्ष, अब इन्टरनेटमा आयुर्वेदिक कलेज, मुक्ति; हिन्दू धर्म र पर्यावरण

स्थायी स्तम्भ

• नेपालदेशीय–महात्मा, • नेपाल-संम्पदा, • आयुर्वेद-विज्ञान, • बुद्ध–दर्शन, • बाल–बगैंचा, • वैदिक–विज्ञान, • शिक्षा, • उपनिषद्–कथा

शीघ्र बजारमा आउँदैछ

श्री सत्‌गुरुदेव स्वामी चन्द्रेशज्यू कृत



मानव जीवनका विविध प्रसंगहरू जस्तै :– जीवनको उद्देश्य, कर्म, समाज, तीर्थ, साहित्य, संगीत, कला,शिल्प, आदिमा सटिक एवं सुन्दर ढङ्गबाट विवेचन सहित

प्रकाशक : **वैदिक उद्बोधन संघ**

योगेश्वर भगवान् श्रीकृष्ण

स्वामी चन्द्रेश

वस्तुत: श्रीकृष्णको समग्र लौकिक लीलालाई नै हामीले पूर्णरूपमा आध्यात्मिक दृष्टिले हेर्न सक्यौं भने उहाँको आनन्द र महत्त्वलाई अझै प्रगाढ रूपमा उपलब्ध गर्न सक्छौं । उहाँको व्यापक चरित्रलाई यदि हामीले केवल जागतिक दृष्टिकोणमा मात्र सीमित राख्यौं भने हाम्रो श्रद्धा अवश्यनै अपूर्ण हुन्छ । कुनै नेता, महात्मा, समाजसेवी, अथवा वीर पुरुषको चरित्र चित्रण गरे जस्तै गरी श्रीकृष्णको चरित्रलाई पनि हामीले चित्रण गर्न कोशिस गर्‍यौं भने त्यसमा अवश्य नै हाम्रो अज्ञता झल्किन्छ। किनभने श्रीकृष्ण कुनै नेता या योद्धा हुनलाई पृथ्वीमा आउनु भएको थिएन । पृथ्वीबाट अज्ञानताको भारलाई हलुङ्गो पार्नको लागि समाजलाई असत्य र असाधुत्वबाट बचाइ मानवलाई ब्रह्मको उज्यालोमा पुर्‍याएर पूर्ण परिज्ञान दिनको लागि उहाँको आविर्भाव भएको थियो । यो कुरालाई नै गीतामा उहाँले पुन:पुन: उल्लेख गरेर जानुभएको छ । युद्ध आदि कर्महरू उहाँलाई केवल परिस्थितिको वशमा आएर गर्नुपरेको थियो। यथार्थ राजनीति माथि नै सामाजिक परिस्थिति आधारित हुन्छ। यदि राजनीति विकृत भयो भने सामाजिक परिस्थिति पनि विकृत हुन बाध्य हुन्छ । यस्तो अस्वस्थकर सामाजिक परिस्थितिमा धर्मको अनुशीलन र उत्थान कदापि संभव हुन सक्दैन । यही कारणले नै श्रीकृष्णले त्यस समयको राजनीतिमा त्यस्तो महत्वपूर्ण भूमिका खेल्नु भएको थियो । सामाजिक परिस्थिति ठीक भएपछि धर्मको सहि रूपरेखा प्रकाशित हुन सक्छ । यही नै थियो उहाँको सिद्धान्त तथा कर्म पद्धति । यही नीतिमा आधारित भएर नै उहाँले अर्जुनलाई महाभारतको युद्धमा उत्साह प्रदान गर्नु भएको हो । यी सबै लौकिक कर्ममा लिप्त भए तापनि उहाँ कहिले पनि आफ्नो दिव्य आध्यात्मिक स्थितिबाट च्यूत हुनु भएन । सधै अच्युत नामले प्रसिद्ध भई आफ्नो लक्ष्यमा अटल रहिरहनु भयो । अतएव गीतामा पनि उहाँले भन्नु भएको छ –

> **व्योम, मरुत, तेज, अप र क्षिति, यीनै पञ्चतत्त्वबाट उत्पन्न भएको अनाहत नाँदलाई नै पाञ्चजन्य भनिन्छ । यो संसारमा समस्त कर्म-प्रचेष्टाको पछाडि शब्दले नै मूल शान्तिको रूपमा काम गरिरहेको हुन्छ ।**

जन्म कर्म च मे दिव्यमेवं यो वेत्ति तत्त्वत: ।
त्यक्त्वा देहं पुनर्जन्म नैति मामेति सोऽर्जुन ॥

जसले मेरो जन्म र कर्मलाई दिव्य भनी प्रत्यक्ष अनुभव गर्दछ, त्यसले यो मरणशील शरीर छोडेर पुनर्जन्म ग्रहण गर्नु पर्दैन हे पाण्डव अर्जुन !

त्यस्तो व्यक्तिले मलाई नै पाउँछ। अर्थात् उसले शाश्वत अमृतलोक नै प्राप्त गर्दछ।

महाभारतको युद्ध सुरु हुनु भन्दा अगाडि श्रीकृष्णले पाञ्चजन्य शङ्ख फुकेर समग्र युद्धभूमिलाई कम्पित तुल्याउनु भयो। यो प्रसिद्ध शङ्खको नाम पाञ्चजन्य हो। अर्थात् व्योम, मरुत्, तेज, अप र क्षिति, यीनै पञ्चतत्त्वबाट उत्पन्न भएको अनाहत नाँदलाई नै पाञ्चजन्य भनिन्छ। यो संसारमा समस्त कर्म-प्रचेष्टाको पछाडि शब्दले नै मूल शान्तिको रूपमा काम गरिरहेको हुन्छ। जीवनयुद्ध शब्दको ध्वनिमा नै प्रारम्भ हुन्छ। शिशु जन्मनासाथ रोएर आफ्नो जीवनीशक्ति प्रकाशित गर्छ। हरेक मानवको अन्त:करणमा निरन्तर यो अनाहत ध्वनि उसको अस्तित्त्वलाई गतिशील राख्नको लागि ध्वनित भइरहन्छ। जुन मानिसले आध्यात्मिक साधनाको बलले विशेष श्रवणशक्ति पाएको हुन्छ, त्यसले पञ्चतत्त्वले बनेको यो शरीरबाट उत्पन्न भएको यो अनाहत, ध्वनिलाई सजिलै सित श्रवण गर्न सक्दछ। शङ्ख यो प्रसङ्गलाई अलि अघि बढायौं भने हामी अझै के पाउँछौं भने विष्णु भगवान् जसको अवतार श्रीकृष्ण हुनुहुन्छ, उहाँको हातमा पनि शङ्ख, चक्र, गदा, र पद्म रहेको देख्न सकिन्छ। शङ्ख शब्दको प्रतीक हो भने गदा गति या कर्मको प्रतीक हो, त्यस्तै पद्म, भक्ति अथवा प्रेमको प्रतीक हो। शब्द नभई कुनै कर्म सुरु हुँदैन, तसर्थ शब्दनै हो शिक्षा र कर्मको मूल प्रेरक तत्त्व। त्यसपछि कर्मबाट उत्पन्न हुन्छ प्रेम तथा भक्ति। त्यो प्रेमबाट. पुन: शब्द उत्पन्न हुन्छ, जसले मानिसलाई फेरि कर्ममा प्रेरित गर्छ र त्यो कर्मले फेरि भक्ति उत्पन्न गर्छ। यस्तै तरिकाले संसारमा शब्द, कर्म र प्रेमको चक्र निरन्तर घुमी नै रहेको हुन्छ। उदाहरण स्वरूप जसले जुन कुरालाई रुचाउँछ, त्यसले त्यही विषयमा कुरा गर्छ। त्यस कुराले अरुलाई प्रभावित पारेर कर्ममा संलग्न गराउँछ र त्यो कर्मबाट त्यस विषयमा अरु गहिरो प्रेम उत्पन्न हुन्छ। जुन मानिस देश प्रेमी छन् तिनीहरूले त्यस विषयमा छलफल गरे भने श्रोताहरू उत्साहित हुन्छन् र प्रेरणाका साथमा देश सेवामा लागि हाल्छन् अनि देशप्रेम अझै बढ्दै जान्छ, साथै त्यस विषयमा चर्चा परिचर्चा पनि चल्न थाल्छ।

बूढानीलकण्ठ आश्रम, बूढानीलकण्ठ।

गीता

भगवान् व्यासले गीता सरल संस्कृतमा लेख्नु भएको छ। तर समुद्र भन्दा पनि गहिरो छ। अनि सगरमाथा भन्दा पनि करोडौं गुणा उच्च छ। यो वेदरूपी समुद्र मथेर झिकेको अमृत हो जुन पान गर्नाले अजर र अमर भइन्छ। मन्थनकर्ता खास षोडशकला परिपूर्ण भगवान् श्रीकृष्ण नै हुनु हुन्छ। आफ्नो बुद्धिलाई अँगालेर कुरुक्षेत्रको रणक्षेत्रमा धर्म सम्मूढ भएका अर्जुनको शोक र मोह यही गीतामृत पिएर नै नष्ट भएको हो। अर्जुनलाई प्रतीक बनाएर सारा मनुष्यलाई भगवान्‌ले उपदेश दिनु भएको हो।

– बदरीनाथ भट्टराई

भगवान् श्रीकृष्णको संस्तवन

त्वमादिदेवः पुरुषः पुराण- स्त्वमस्य विश्वस्य परं निधानम्। वेत्तासि वेद्यं च परं च धाम त्वया ततं विश्वमनन्तरुप ॥

प्रभो ! हजुरआदिदेव तथा सनातन पुरुष हुनुहुन्छ। हजुर यस जगत्का परम आश्रय एवं ज्ञाता तथा ज्ञातव्य र परम-धाम हुनुहुन्छ। हे अनन्तरुप ! हजुरद्वारा नै यो समस्त जगत् व्याप्त अर्थात् परिपूर्ण छ।

वायुर्यमोऽग्निर्वरुणः शशाङ्कः
प्रजापतिस्त्वं प्रपितामहश्च ।
नमो नमस्तेऽस्तु सहस्रकृत्वः
पुनश्च भूयोऽपि नमो नमस्ते ॥

हे हरि ! हजुर वायु, यमराज, अग्नि, वरुण, चन्द्रमा एवं प्रजाका स्वामी ब्रह्मा तथा ब्रह्माका पनि पिता हुनुहुन्छ। हजुरलाई हजारौं पटक नमस्कार, नमस्कार होस्, हजुरलाई फेरि पनि बारंवार नमस्कार नमस्कार होस्।

नमः पुरस्तादथ पृष्ठतस्ते नमोऽस्तु ते सर्वत एव सर्व।
अनन्तवीर्यामितविक्रमस्त्वं सर्वं समाप्नोषि ततोऽसि सर्वः ॥

हे अनन्त सामर्थ्यवान् प्रभो! हजुरलाई अगाडि तथा पछाडिबाट पनि नमस्कार होस्। हे सर्वात्मन् ! हजुरलाई सबैतिरबाट नै नमस्कार होस्, किनकि अनन्त पराक्रमशाली हजुरले समस्त संसारलाई व्याप्त गर्नु भएको छ, यसर्थ हजुरनै सर्वरुप हुनुहुन्छ।

पिताऽसि लोकस्य चराचरस्य
त्वमस्य पूज्यश्च गुरुर्गरीयान्।
न त्वत्समोऽस्त्यभ्यधिकः कुतोऽन्यो
लोकत्रयेऽप्यप्रतिमप्रभाव ॥

हे विश्वेश्वर ! हजुर यस चराचर जगत्का पिता एवं गुरुमा पनि ठूला गुरु तथा अति पूजनीय हुनुहुन्छ। हे अतिशय प्रभाववान्! तीनै लोकहरूमा हजुरका समान पनि अन्य कोही छैन फेरि अधिक कसरी हुन सक्छ ?

तस्मात्प्रणम्य प्रणिधाय कायं
प्रसादये त्वामहमीशमीड्यम्
पितेव पुत्रस्य सखेव सख्युः
प्रियः प्रियायार्हसि देव सोढुम् ॥

अतएव हे प्रभो ! मैले शरीरलाई राम्रोसँग हजुरका चरणकमलमा निवेदित गरेर तथा प्रणाम गरेर स्तुति गर्न योग्य हजुर ईश्वर प्रसन्न हुनका लागि प्रार्थना गर्दछु। हे देव ! पिता जसरी पुत्रको तथा मित्र जसरी मित्रको एवं पति जसरी प्रियतमा पत्नीको अपराधलाई सहन गर्दछन् त्यसरी नै हजुर पनि मेरा अपराधलाई सहन गर्न योग्य हुनुहुन्छ।

ॐ

जीवन एउटा कुरुक्षेत्र हो, यो समरभूमीबाट भाग्नु जीवनको लक्ष्य होइन।

– महर्षि अरविन्द

कर्मयोग

श्यामसुन्दर ब्रह्मचारी

न हि कश्चित्क्षणमपि जातु तिष्ठत्यकर्मकृत् ।
कार्यते ह्यवशः कर्म सर्वः प्रकृतिजैर्गुणैः ॥

प्रस्तुत श्रीमद्भगवद्गीताको श्लोकबाट यो स्पष्ट हुन्छ कि, कुनै पनि मानव कर्मरहित् हुनै सक्तैन । प्रकृतिद्वारा नै संपूर्ण कर्म गरिएको हुन्छ । भोजन गर्नु, कुरा गर्नु, शयन गर्नु, यात्रा गर्नु, चिन्तन गर्नु आदि मानसिक वा शारीरिक सम्पूर्ण गति कर्म हुन् । केवल रहस्यमय कुरा यो छ कि, मानव भोजन गरेको हुन्छ तर मन भोजनमा हुँदैन र शरीर ध्यानमा वसेको हुन्छ तर मन हुँदैन त्यस्तै देहले यात्रा गरेको हुन्छ तर मन देहसंगै हुँदैन र शरीर ध्यानमा वसेको हुन्छ तर मन आसनमा हुँदैन आदि मनको भ्रामरी अवस्थाले गर्दा हामीले जति नै भौतिक वस्तु प्राप्त गरे तापनि त्यसमा मनको उपस्थिति नरहनाका कारणले त्यसवाट तृप्ति वा संतुष्टि भने प्राप्त हुन सकेको हुँदैन । जुन कर्ममा शरीर अग्रसर छ वा क्रियाशील छ त्यही कर्ममा मात्र मनलाई स्थित पारिराख्नु योग हो । यसरी योगका साथमा गरिने कुनै पनि कर्मबाट मानवले शान्ति र आनन्द प्राप्त गर्दछ जसले नित्य कर्ममा उत्साह, प्रेम र कर्मशक्ति प्रदान गर्दछ । यो जगत्मा वायु परिव्याप्त छ सदृश ईश्वर पनि । हामीले गर्ने यावत् कर्ममा ईश्वरको शक्ति समावेश भएको हुन्छ र गरिएका प्रत्येक कर्ममा ईश्वरको नजर परिरहेको छ भन्ने भावनाले जुन कर्म गरेको छ त्यसैमा मात्र मन एकाग्र गर्नुलाई कर्मयोग भनिन्छ । जव मानवले ईश्वरको उपस्थितिलाई अगाडि स्थापना गरेर कर्म गर्दछ तब उसले असत्कर्म गर्नै सक्तैन ।

यो धरणीमा गरिने यावत् कर्ममा एउटा आकर्षण रहेको हुन्छ । जुवाको कर्ममा लागेको व्यक्तिलाई यदि उसको घरमा पत्नी प्रसुती भएकी छिन् भने पनि उसलाई उसकी श्रीमती प्रतिको कर्तव्य कर्मको अतिरिक्त जुवाकै आकर्षणले त्यतातिर अधिक सम्झना भएको हुन्छ र त्यहाँ नपुगे पर्यन्त शान्ति मिल्न सकेको हुँदैन । त्यस्तै सत्कर्म (पूजा, पाठ, यज्ञ, ध्यान) गर्ने आदत भएको व्यक्तिमा सो कर्म नगरेसम्म उसको शिरमा भारी बसेको भान भई रहेकै हुन्छ ।

पिशाच साधना गर्ने व्यक्तिले प्रथमतः तिनीहरूलाई प्रसन्न राख्नु पर्छ अन्यथा आफैंलाई आक्रमण गरिदिन्छन् अनुरूप इन्द्रियलाई अगाडि राखेर (सकाम) कर्म गरेपछि पनि तिनीहरू सन्तृप्त रहुन्जेल तथाकथित शान्तिको आभास प्राप्त भए पनि यदि भोग्य वस्तु कसैगरी उपलब्ध गराउन नसकेमा तिनीहरूले मानव मशितष्कमा आक्रमण गरिहाल्छन् । फलस्वरूप मानसिक तनावले आफ्नो स्वरूप प्रकट गरेर हामीमा भएको इच्छाशक्ति स्मरण शक्ति, कर्मशक्ति, विचारशक्ति आदि माथि धावा गरिदिन्छ । जसको परिणाम भय, आलस्य असन्तुष्टि, क्रोध आदि विषयादि तत्त्वहरूको प्रवेश हामी माथि हुन थाल्छ । दैनिक कार्यालयबाट फर्कंदा

यदि कसैले आफ्नो बालक पुत्रलाई पापा लिएर जाने गरेको छ भने यदि एकदिन उसले कारणवश पापा बोकेर जान सकेन भने त्यो बालकले झगडा गर्न सुरु गर्छ र रिसको आवेशमा उसको कोट च्यात्न पनि बेर मान्दैन तर कहिल्यै पापा बोक्ने गरेको छैन भने त्यो बालकलाई यस विषयमा कुनै वास्ता नै हुँदैन अनुरूप हामीले इन्द्रियलाई समावेश गरेर कर्म गरेपछि, कर्ममा सिद्धि हुँदा त खुसी लाग्छ । तर कर्म असम्पन्न हुँदा त यिनीहरूले धेरै कष्ट सृजना गरी हाल्छन् । कोही मानिस त त्यो पीडाको तापलाई शान्त गर्न पोखरीभित्र पसेर सुती रहेका पनि हामीले कहिले काँही देखेका छौं, जसलाई उठाउन पुलिस पनि जानु पर्छ । त्यसैले यो स्वार्थी इन्द्रियहरूको सङ्गत नगरे पछि, मात्र मानवलाई यथार्थ आनन्द प्राप्त हुन्छ ।

सकाम कर्ममा मात्र सम्लग्न भएपछि मानवको विवेक आफ्नो स्वधर्मबाट विचलित हुन विवश हुन पुग्छ परिणामस्वरूप मानवहृदय भयले पल-पल आक्रान्त भई रहेको हुन्छ । भय नै दानव हो । जब हाम्रो देहमा दानवले निवास गर्दछ तब हामीमा मानवता, शान्ति, दया, प्रेम आदि सद्‌गुण हुन्छ, कसरी ? दानव विराजित हृदयबाट यस्ता सद्‌गुणको अतिरिक्त घमण्ड, क्रोध, लोभ, हिंसा, आदि दुर्गुण प्रकट हुन जानाले मानव सभ्यता वा समाज दानव सभ्यता वा समाजमा परिणत हुन जान्छ । निर्भयता नै मानव मुकुट हो, अलङ्कार हो, प्रतिभा हो र आभूषण पनि हो । निष्काम (समाज कल्याणको भावनाले गरिने) कर्मद्वारा हामीमा निर्भयता प्राप्त हुन्छ । यस्तो कर्म गर्ने व्यक्तिको हृदयमा ईश्वरले निवास गरेको हुन्छ जसले गर्दा उसले शान्ति, आनन्द, दया, प्रेम आदि सद्‌गुण प्राप्त गरेर सदा प्रसन्न चित्तमा मुस्कुराई रहेको हुन्छ । यस्तो मानवको हृदयमा निष्काम कर्मको हेतु आत्मगर्वको अग्नि प्रज्वलित भई रहेको हुन्छ । जसमा स्वार्थ चिन्तन आलस्य मोह, भय, तृष्णा जस्ता अज्ञानरूपी वृत्तिहरू सो अग्निमा भस्म भएर जान्छन् र उसले आफू हिंड्दा पनि बाटोको गौरवता वा शोभा बढेको अनुभव गर्दै हात्ती लस्किएको जस्तो गरेर मार्गमा भ्रमण गर्दछ जसको स्पर्श गर्न पाउँदा पवन प्रफुल्लित भएर आफूलाई पवित्र भएको अनुभव गर्दछ, वृक्षले स्वागत्का पंखा डोलाउन थाल्छ र यस्तो व्यक्तिको दर्शनबाट सारा प्राणी जगत् आनन्द प्रकाश गरेको देखेर धन्य मेरो गर्भ भनेर धरतीमाता गर्व गर्छिन् । अधिक धन सम्पत्तिले मानवलाई अहङ्काररूपी अन्धकार तर्फ लिएर गएको हुन्छ जसले सम्वन्धित व्यक्तिलाई मात्र अन्धकार तर्फ लिएर नगई उसका सम्पर्कमा जाने सम्पूर्णलाई नै अभिप्रेरित गरेको हुन्छ । तर कर्मयोगी पुरुष भने आनन्दरूपी प्रकाश तर्फ गई आफूले पनि महाशान्ति प्राप्त गरी उसको सान्निध्य उपस्थित हुने व्यक्तिलाई पनि त्यतै तर्फ डोऱ्याई रहेको हुन्छ । यस्तो व्यक्तिको देहले पृथ्वीबाट विदा लिएपछि पनि उसको आदर्श अमर भएर युग युगान्तर पर्यन्त मानव जगत्‌लाई अदृश्य रुपमा मार्गदर्शन गरी रहेको हुन्छ । सकाम

निर्भयता नै मानव मुकुट हो, अलङ्कार हो, प्रतिभा हो र आभूषण पनि हो । निकाम (समाज कल्याणको भावनाले गरिने) कर्मद्वारा हामीमा निर्भयता प्राप्त हुन्छ । यस्तो कर्म गर्ने व्यक्तिको हृदयमा ईश्वरले निवास गरेको हुन्छ जसले गर्दा उसले शान्ति, आनन्द, दया, प्रेम आदि सद्‌गुण प्राप्त गरेर सदा प्रसन्न चित्तमा मुस्कुराई रहेको हुन्छ ।

(स्वार्थी) कर्मले मानवलाई मृत्यु (पीडा) तर्फ लिएर जान्छ र निष्काम (निस्वार्थ) कर्मले अमृत (आनन्द) तर्फ। वेदमा वताइएको छ –

"मृत्युर्मेति नान्य पन्था विद्यतेऽ यनाय"

अर्थात् "यो शरीर रहँदैमा मृत्युलाई जित्नु पर्छ। यसको निमित्त सकाम (स्वार्थ) कर्म परित्याग गर्नुको अतिरिक्त नान्य पन्था: अथवा अर्को बाटो नै छैन।

मन सूक्ष्म तत्त्व हो र शान्ति र आनन्द पनि सूक्ष्म तत्त्व हुन्। पत्थर फोर्न सूक्ष्म तत्त्वको सहयोगद्वारा असम्भव भएर स्थूल देहकै परिचालन हुनु पर्छ तर आनन्द, शान्ति र ज्ञान तत्त्व सूक्ष्म भएकोले यसको प्राप्तिका निमित्त सूक्ष्म मनको नै जरुरत पर्दछ। स्थूल कर्मद्वारा जागरितिक कर्म हुन्छ जुन नाशवान् छ तर सूक्ष्म कर्मद्वारा आध्यात्मिक कर्म हुने भएकोले यो चिरस्थायी हुन्छ। मानवलाई सर्वश्रेष्ठ प्राणी भनेको साँडे जस्तो पुष्ट शरीर भएर नभई यही नित्य–शाश्वत आनन्द र ज्ञान प्राप्त गर्न सक्ने भएर हो। वस्तुत: ज्ञानतत्त्व देहमा अदृश्य र अव्यक्त रूपमा स्थित भएकोले संसारी प्रपञ्चबाट माथि नगई यसको परिचय प्राप्त गर्न सम्भव छैन। घरबाट वाहिर नआई नविन प्रकृतिका मनमोहक दृश्य देख्न पाइन्न अनुरूप इन्द्रिय जगत्वाट वाहिर ननिस्के पर्यन्त यो देहासीन आनन्द, शान्ति, र ज्ञानको आभास प्राप्त हुन सम्भव हुँदैन। यो दिव्य तत्त्वको कुनै सीमा वा अन्त नभएकोले यसलाई अनन्त भनिन्छ। निष्काम भावमा कर्मले निरन्तरता प्राप्त गरेपछि यो सुप्त हृदयासीन दिव्य तत्त्वको जागरण हुन थाल्छ जसको अनुभूतिले धुलीले आवृत्त दर्पण परिस्क्रित भएर स्वस्वरूपको स्पष्ट दर्शन भए सदृश मन-मशितष्कमा दिव्य ज्ञानको प्रकाश प्रकाशित हुन जान्छ। कर्मयोगद्वारा उर्ध्व मार्गमा प्रवाहित ज्ञान यदि सकाम (स्वार्थ) कर्ममा सम्लग्न हुन पुग्यो भने त पुन: हिम आरोहणमा प्रयत्नशील व्यक्ति चिप्लिएर फेदीमा पुगेको जस्तै गरी प्राप्त शान्ति र आनन्द विनाश हुन्छ। जब निष्काम कर्मद्वारा आनन्द, सन्तुष्टि र शान्तिको चौतारीमा बसेर हामी रमाउन पाउँछौ तब जति नै जागतिक आकर्षित भोग्य पदार्थ हाम्रा सामु उपस्थित भए पनि त्यसबाट विचलित हुँदैनौं। किनभने हाम्रो हृदयले भनी हाल्छ कि, "आध्यात्मिक चौतारीको आनन्द यसमा छैन।" यस्तो आध्यात्मिक चौतारीमा स्थित भएर संसारी भोग्य पदार्थ प्रतिको अनुराग समाप्तिको अवस्थालाई नै यथार्थमा वैराग्य भनिन्छ। यही कुरालाई स्पष्ट पार्दै श्रीकृष्ण अर्जुनलाई उपदेश दिदै भन्नु हुन्छ –

सुखमात्यान्तिकं यत्तद्वुद्धिग्राह्यमतिन्द्रियम्।
वेत्ति यत्र न चैवायं स्थितश्चलति तत्त्वत: ॥

अर्थात् "इन्द्रियबाट माथि केवल शुद्ध सूक्ष्म बुद्धिद्वारा ग्रहण गर्न योग्य जुन अनन्त आनन्द छ त्यसलाई अनुभव गर्ने योगी परमात्माको स्वरूपबाट अथवा संसारी भोग्य वस्तु प्राप्त हुंदा त्यसबाट विचलित हुँदैन।" आफ्नो मनलाई नित्य ईश्वरमा समर्पण गरेर कर्तव्य कर्म गरेपछि त्यसबाट शान्ति, ज्ञान र आनन्दको प्रतिक्रिया हृदयजगत्मा उत्पन्न हुन्छ। यी तत्त्व मानवको स्वासको साथमा वाहिर निस्किएर धरणीमा प्रवाहित पवनसँग सरोवरी भई संसारमा भएका उक्त कर्म सुहाउँदो हृदय भित्र पसी "आत्ममोक्षार्थं जगत् हिताय च" को भावना जगाई दिन्छ। कर्ममै ईश्वरको निवास हुन्छ। कर्मद्वारा नै प्राचीन ऋषिहरूले परलोकका अनेकन दिव्य तत्त्वहरूको अनुसन्धानमा सिद्धिको झण्डा स्थापित गर्न सफल हुनुभएको हो।

सागरलाई लक्ष गरेर प्रवाहित नदीलाई बाँध बाँधेर सिंचाइको निमित्त लिएर गए पछि उक्त नदी त्यहीं सोशित भएर गए तुल्य व्यापक तत्त्वमा एकिभूत भएर अनन्तमा रम्ने मन पनि यदि इन्द्रियको परिधि भित्र मात्र स्थित हुनु पऱ्यो भने मानव हृदयको अनन्त शान्ति विनास भएर जीवन इन्द्रिय जगत्मै विलिन भइदिन्छ। सकाम भाव परित्याग गर्नासाथ कर्मशक्ति र विचार शक्तिमा वृद्धि हुन थाल्छ। एउटा सानो नदी विना अवरोध आफ्नो मार्गमा प्रवाहित हुँदै गए पछि उसमा अन्य साना–साना नदीहरू थपिँदै गई विद्युत शक्तिको तीव्रतामा वृद्धि हुँदै जान्छ अनुरूप निष्काम कर्म गर्दै गए पछि समष्टिगत कर्तव्य कर्मले विशाल शक्तिको स्वरूप लिएर अन्तर्जगत्मा विद्युत शक्ति पैदा हुन्छ, जसले भौतिक जगत्‌देखि माथिको आध्यात्मिक जगत् तर्फ लिएर गई अतिन्द्रिय राज्यको दर्शन गराई दिन्छ। यो अवस्थामा स्थित आत्माले कर्म गरेको हुन्छ तर ऊ कर्ममा हुँदैन। यही नै पूर्ण शान्ति वा आनन्दको अवस्था हो। यस्तो स्थिति प्राप्त हुँदैन जस्तो हो त्यस्तै पृथक् पृथक् विषयले आवृत्त मन समष्टिमा प्राप्त भएर कर्मशक्ति लक्ष्यमा जब प्रवाहित हुन्छ तब छरिएका नदीहरू एक भई डाइनामा भित्र प्रवेश गरे पश्चात् विद्युत् पैदा गरे तुल्य अतीन्द्रिय तत्त्वको अनुभूति हुन्छ। वेदमा उल्लेख छ –

"तन्मेमनः शिवसङ्कल्पमस्तु"

"अर्थात् हे मन ! तिमी छरिएर विभिन्न विषयहरूमा नगई एकत्रित भएर शिवको मात्र संकल्प गर।"

मानव शान्ति प्राप्त गर्न विभिन्न मानिसहरूको सम्पर्कमा गएको हुन्छ तर जति नै प्रेम, विश्वास र श्रद्धा गरे पनि मानवहृदयमा स्वार्थरूपी कालो मेघ बसेर अन्धकारले आवृत्त गरिदिए पछि यो हृदयबाट अन्ततः उसले ईर्ष्या, द्वेष र विश्वासघातरूपी वर्षा प्राप्त गरी त्यसैमा भिजेर दुःख सहन बाध्य भएको हुन्छ। शान्ति वा आनन्द कुनै व्यक्ति वा भौतिक वस्तुमा नभएर स्वयम्मा स्थित छ, यसैकारण अरुसँग मित्रता गर्नुको

जब हामी कुनै कर्म निस्वार्थ भावले गर्छौं तब त्यो कर्म पूर्ण गर्न शिवजी त्रिशूल लिएर कर्मबाधा नाश गर्दै पछि पछि हिड्नु हुन्छ, सरस्वती वाक्शक्ति प्रदान गर्दै, लक्ष्मी आवश्यक द्रव्य प्रदान गर्दै र गणेशजी सकी नसकी पनि ठूलो भूँडी बोकेर सूँड हल्लाउँदै सो कर्म पूर्ण गर्न पछि पछि सिद्धि प्रदान गर्दै हिड्नु हुन्छ।

प्राप्त व्यक्तिको केवल इच्छा शक्तिद्वारा मात्र पनि समाजको कल्याण भई रहेको हुन्छ। कल्पना गरौं यदि यस्तो व्यक्तिको छत्रछायाँ वा निर्देशनमा राज्य व्यवस्था सञ्चालन हुन पाउँथ्यो भने यो पृथ्वीमा आउने हामी कति भाग्यमानी हुने थियौं र विश्व सामु हाम्री जननी नेपाल आफूलाई कति गर्व गर्थिन् होला ? चारैतिर छरिएका तत्त्वहरू जबसम्म समष्टिमा प्राप्त हुँदैनन् तबसम्म त्यसमा शक्ति अतिरिक्त आफ्नै मनसँग गरेमा मात्र हामीले शान्ति प्राप्त गर्न सक्तछौं। जस्ले आफ्नो मनसँग मित्रता राख्न सकेको हुँदैन उसले अरुसँग मित्रता गर्छु भन्नु अन्ततः धोखा नै हुन जान्छ। श्रीकृष्ण अर्जुनलाई उपदेश दिँदै भन्नु हुन्छ –

आत्मैव ह्यात्मनो वन्धुरात्मैव रिपुरात्मनः।

अर्थात् "आफूनै आफ्नो परम मित्र हो र शत्रु पनि" मन कुनै विषयसँग सम्लग्न छैन, यो

निश्चल र निराकार स्वरूप छ। जब हामी यसलाई गतिशील बनाउन प्रयास गर्छौं र अनेक स्वरूपको आरोप लगाउँछौं तब यसले आफूलाई एउटा जालमा फसाउन लागेको महसुस गरेर सुती रहेको शेरलाई चलाउँदा रिसाएको जस्तै गरी मन रिसाउन थाल्छ र सो जालबाट उम्कन छटपटाउँछ, जसले गर्दा पूरा शरीररूपी जाल दोलित हुन थाल्छ। त्यसको प्रतिक्रिया व्यक्त गर्दा हामी भन्छौं "मलाई सारै अशान्ति भयो ।" आफ्नो मनको स्वभाविक अवस्थामा रहनु वस्तुतः परमात्मासँगै बस्नु हो र यसको विपरीत अवस्थामा रमाउन प्रयास गर्नु शत्रुसँग बस्नु हो । हाम्रो यो मन यति विशाल छ जुन कल्पनातीत राज्यमा विचरण गरेर पृथक्–पृथक् स्थानमा प्राप्त अमूल्य तत्त्वहरू समेट्न सफल भइदिन्छ। जब मनको स्वभाविक अवस्थामा मानव स्थित हुन्छ तब उसले त्रिभुवन नै आफैंभित्र स्थित भएको प्राप्त गर्दछ र त्यसको स्वामी आफूलाई नै अनुभव गर्दछ। यो अवस्थालाई नै शास्त्रले अनन्त आनन्द भनेको हो। यति व्यापक वा विशाल तत्त्व आफूमा भई–भइकन पनि हरे हामी मानव ! किन आज फोहर दुर्गन्धमा रमेको सुँगुर जस्तो गरी जीवन विताई रहेका छौं ?

मनको स्वस्वरूप अवस्थामा रहन हामीलाई निरन्तर रूपमा कर्मयोग अभ्यास गरी र हनु पर्छ। मनका वृत्तिलाई होसियारीका साथ निरोध गर्न जुन कर्म गरिन्छ वस्तुतः त्यही नै कर्मयोग हो। देह विनाश हुन्छ तर मन कहिल्यै हुँदैन । यसरी अध्ययन गर्दा मानव जीवन अनेकन अन्य शरीर धारण गरेर आएको छ, अन्य शरीर त नाश भएर गए परन्तु मनको नाश भने नभएर त्यही साथमा लिएर आएका छौं। अरुको सुखमा यदि दुःख, डाह र अशान्ति अनुभव हुन्छ र अरुको दुःखमा यदि आनन्द र शान्ति हुन्छ भने हामीले वुभ्नु पर्छ कि "पशु जीवनको मन ममा चलिरहेको छ" जबसम्म अरुको उन्नतिमा प्रफुल्ल हुन र दुःखमा दुःखी बन्न हाम्रो मन सक्षम हुँदैन तबसम्म हामीले आफूलाई मानव भन्न सुहाउँदैन । सम्पूर्ण शास्त्रको निचोड हुन्छ आफ्नो मनलाई नियन्त्रण गर्नेमा । यसलाई नियन्त्रण गर्न उपनिषद्ले मार्गदर्शन गर्दै भनेको छ –

कुर्वन्नेवेह कर्माणि जिजीविषेच्छतं समाः ।
एवं त्वयि नाऽन्यथेतोऽस्ति न कर्म लिप्यते नरे ॥

अर्थात् "जुन गर्नु पर्ने कर्म (निष्काम कर्म) हो सो गर्दै सय वर्ष पर्यन्त तिमी बाँच्ने इच्छा गर अन्यथा अर्को उपाय (शान्तिको निमित्त) छैन ।

हरेक मानव मनलाई परिचालन गर्ने तत्त्व शब्द, स्पर्श, रुप, रस र गन्ध हुन्। जब उपर्युक्त तत्त्वहरू अप्रिय बनेर हामीमा प्रवेश गर्छन् तब जति नै शान्ति वा आनन्द भए पनि हाम्रो मनलाई विषादित पारिदिन्छन्। यी पञ्चतन्मात्रामा केवल भौतिक जगत्मा मात्र नभएर आध्यात्मिक जगत्मा पनि अवस्थित छन्। भौतिक जगत् सबैको निमित्त परिचित भएकोले सबैलाई यसको प्रतिक्रिया महसुस भएको हुन्छ तर आध्यात्मिक जगत्सँग सबै परिचित नभएकाले यस विषयको प्रसङ्गमा अलि द्वन्द सृजना हुनु स्वभाविकै हो । द्वन्द मेट्नको निमित्त शास्त्र वाक्यलाई विश्वास गरेर श्रद्धायुक्त अभ्यास गर्नुको अतिरिक्त अन्य उपाय छैन। जब अभ्यासको गतिंले अटूटरूप प्राप्त गर्छ तब भौतिक जगत् र यसको प्रभावमा चल्ने मानसिक जगत् शून्य भएर त्यो शून्यबाट दिव्य रस प्रकट भई यसले आफ्नो उद्गम स्थान तर्फ आकर्षण गर्छ तब पृथक-पृथक दिव्य नाद श्रवण गर्न पाइन्छ जसको प्रतीकरूप मन्दिरमा शंख, घण्ट, आदि प्रयोग गर्ने परम्परा आएको छ। मन्त्र जप गर्दै गए पछि इष्ट देवताको स्वरूप

योगिराज भगवान श्री कृष्ण को
दैनिक जीवन चर्या
हरिप्रसाद शर्मा

आफ्नो अगाडि प्राप्त हुन्छ। पूर्वजन्मका स्मृतिहरूले स्वरूप लिएर आउँछन् र सो अवस्थामा मिष्ट सुवासको आभास प्राप्त हुन्छ जसको स्मृतिमा धूपको प्रचलन आएको छ। ब्रह्मसाधनाको तीव्र अभ्यासमा "ॐ" शब्द जीवन्त बनेर अनन्त जगत्मा परिव्याप्त भएको ऋषिहरूले श्रवण गरेर नै शब्दब्रह्म भनी शास्त्रमा यसको महिमा प्रस्तुत गर्नु भएको हो । भौतिक जगत्मा तमोगुणी कर्म भएमा मानसिक जगत् पनि तमोगुणले आवृत्त हुन्छ यस्तै रजोगुणी र सत्त्वगुणी कर्ममा पनि। परमात्मा तत्त्व अनुभव हुन यी तीनै गुणबाट माथि जानु पर्छ । आनन्द तत्त्व कर्मदेखि उर्ध्व छ अथवा जहाँ पुगेर कर्म समाप्त हुन्छ त्यही नै जीवनको यथार्थ स्थान हो। कर्मत्याग तमोगुण हो, विषयकर्म रजोगुण हो, निस्वार्थ कर्म सत्त्वगुण हो र सत्त्वगुणमा रही कर्म गर्दै गए पछि जहाँ गएर कर्ता भावको अभाव अनुभूति हुन्छ त्यो त्रिगुणातीत अवस्था हो। भौतिक (स्थूल) शरीर जति नै वलिष्ठ भए पनि यदि कर्म यथार्थ रूपमा भएन भने यसको असरले मन विक्षिप्त भई दिन्छ, यसर्थ सत्कर्मद्वारा मन उन्नत हुन पुग्छ फलस्वरूप त्यो मनले आध्यात्मिक जगत् तर्फ लिएर गई यथार्थ आनन्द प्रदान गर्दछ। मनलाई प्रत्यक्ष प्रभाव पार्ने तत्त्व श्रवण वा शब्द र दर्शन वा दृश्य हुन्। त्यसैले उपनिषद्मा प्रार्थना गरिएको छ–

"ॐ भद्रं कर्णेभिः श्रृणुयाम देवा,
भद्रं पश्येमाक्षभिर्यजत्रा ।"

अर्थात्, "हे परमात्मा ! मङ्गलमय वचन यी कानले श्रवण गर्न पाऔं र मङ्गलमय दृश्य आँखाले देख्न पाऔं।" मन प्रसन्न हुनासाथ शरीरका सम्पूर्ण अङ्गहरू तृप्त हुन्छन् र सबै शरीरका अङ्गहरूको प्रतिनिधित्व गर्दै चेहराले आनन्द र शान्तिको कान्ति प्रदर्शन गरेको हुन्छ। यदि अप्रिय दृश्य र शब्द श्रवण गरेपछि निन्याउरो वा उदास भाव प्रकट गर्दछ । समाजसेवी, महात्मा वा ऋषिहरूको जीवनी श्रवण गर्नु र शास्त्र अथवा ब्रह्मचर्या भएको स्थानमा गएर प्रवचनमा श्रद्धा भक्ति र विश्वासले भाग लिनु मङ्गलमय वचन श्रवण गर्नु हो। जवसम्म हाम्रो समाजले यो तत्त्वलाई जीवनको प्रमुख अङ्गको रूपमा ग्रहण गर्दैन तवसम्म यथार्थ शान्तिले हामीलाई परै बसेर गिज्याई रहेको हुन्छ । वर्तमान समयमा मानिसहरू चलचित्रका पात्रहरूको चर्चा र राजनीति चर्चामा आफ्नो समय लगाई रहेको पाइन्छ वस्तुतः यसबाट मानसिक शान्तिको अतिरिक्त दुःख उत्पन्न हुन्छ। मानिसले जुन तत्त्वमा अधिक चर्चा गरेको हुन्छ त्यही तत्त्वको प्रभाव उसको मन मश्तिष्कमा परेको हुन्छ। राजा जनक, राम, युधिष्ठिर आदि महापुरुषहरूको समयमा राजनीति शब्दले परोपकार, प्रेम, दया, दान, विद्या आदि शान्तिपूर्ण तत्त्वहरूको आभास हुन्थ्यो परन्तु वर्तमान समयमा पवित्र नदी वाग्मतीको नाम लिंदा कालो दुर्गन्ध, रोग आदि नालीको आभास भए तुल्य राजनीति नामैले चोरी, ठगी, अन्याय, अत्याचार र शोषण केन्द्रको भान हुने भएकोले यसको चर्चा गर्दा मानिसमा राग द्वेष, आलस्य, क्रोध आदि दुर्गुणले आक्रमण गरिदिन्छ । ती हाम्रा पुर्खा ऋषिहरूको जीवन चरित्रलाई जीवन्त उदाहरण बनाएर यदि हामीले अवलम्बन गरेको खण्डमा हामीमा उदारता, प्रेम, शान्ति, क्षमा, दया, उत्साह, आदि सद्‌गुणहरूले हामीलाई अमृत तर्फ लिएर जान्छन्। शास्त्रमा भनिएको छ– "महाजनो येन गतः स पन्थाः" अर्थात् महाजनहरूले (ज्ञानीहरूले) जुन बाटोबाट आफ्नो जीवन परिचालन गर्नु भएको थियो त्यही नै यथार्थ जीवन मार्ग हो। प्रश्न उठ्न सक्छ कि, कसैले राजनीति चर्चा नै नगरेमा झन् त्यस्ता अनैतिक नेताहरूले राष्ट्रलाई सखाप पार्दै जाने छन् नि ? वस्तुतः मानव कदापि राजनीतिदेखि

पृथक् हुन सक्तैन तर कुनै रिक्त स्थानलाई पूर्ण गर्न आफूमा सामर्थ्य हुनु पर्छ। यदि त्यो आफूमा छ भने प्रयास गर्नु पर्छ, अन्यथा व्यर्थ हुन्छ। सर्वप्रथम त निस्वार्थ भावले नित्य हृदयलाई स्नान गराइदिनु पर्छ र अन्त्यमा परिष्कृत हृदय भएपछि मात्र आफू त्यसमा समावेश हुनु पर्छ अनि मात्र यसको प्रभावले लक्ष्य पूर्ति हुन सम्भव हुन्छ। निस्वार्थ भाव नभएमा जति नै व्यक्ति सो स्थानमा पुगे पनि हाम्रो किंवदन्ती सिद्ध हुन्छ कि "जति जोगी आए पनि, कानै चिरेका।"

शास्त्रवाक्यलाई अगाडि स्थापना गरेर समाज कल्याणको भावनाले आफ्नो तन मन र वचनले श्रद्धा र पूर्णभक्ति पूर्वक निर्माण भएका कार्य जसमा कर्मयोगका तरङ्गहरू परिव्याप्त भई रहेका हुन्छन् यस्तो दृश्य नै यथार्थ मङ्गलमय दर्शन हो। प्राचीन कालमा योगी राजा र प्रजा सबैमा यस्तो कार्य प्रति तन, मन र धनले सहयोग गर्ने परम्पराले नै उक्त समयमा विशाल मठ मन्दिर र आश्रमहरूको निर्माण भएको हो। त्यस्तो स्थानमा वैरागी र ज्ञानी व्यक्तिहरू निवास गर्नु हुन्थ्यो र उहाँहरूको प्रवचन श्रवण गर्न र ती कर्मयोगको दर्शन गर्न टाढा टाढादेखि मानिसहरूको आवागमन हुन थाले पछि त्यस स्थानलाई तीर्थ र आउने जाने व्यक्तिहरूलाई यात्री भनिन थालियो। जब हामी कुनै कर्म निस्वार्थ भावले गर्छौं तब त्यो कर्म पूर्ण गर्न शिवजी त्रिशूल लिएर कर्मबाधा नाश गर्दै पछि पछि हिड्नु हुन्छ, सरस्वती वाक्शक्ति प्रदान गर्दै,, लक्ष्मी आवश्यक द्रव्य प्रदान गर्दै, र गणेशजी सकी नसकी पनि ठूलो भूँडी बोकेर सूँड हल्लाउँदै सो कर्म पूर्ण गर्न पछि-पछि सिद्धि प्रदान गर्दै हिड्नु हुन्छ।

प्रत्येक मानव यो संसारमा सुख खोजेर हिंडिरहेको छ तर सुख खोज्नु पनि एउटा दुःख हो। सुखको निमित्त निष्काम कर्मको अतिरिक्त अर्को उपाय छैन। समाज एउटा शरीर जस्तै छ, शरीरको एउटा अङ्गमा रोग लाग्यो भने जसरी त्यसको असर अन्य अङ्गहरूलाई पनि परेको हुन्छ त्यसरीनै समाजमा एकजना मात्र पनि स्वार्थी व्यक्ति भएमा त्यसको प्रभावमा सम्पूर्ण समाज नै लोभी, व्यभिचारी अथवा आवारा बन्न पुग्छन्। यस्ता व्यक्तिहरू जीवन्त कालमा पनि पिशाच तुल्य पृथ्वीमा रहन्छन्। मरेपछि पनि पिशाचै हुन्छन्। उपनिषद्‌मा भनिएको छ –

असुर्या नाम ते लोका अन्धेन तमसाऽऽवृताः।
ताँस्ते प्रेत्याभिगच्छन्ति ये के चात्महनो जना :॥

अर्थात् "जो मानिसले आत्मघात (स्वार्थ कर्मलीन) गरेको छ त्यो व्यक्ति प्रेत भएर असुर्य (नित्य रातमात्र) नाम गरेको अन्धकारले ढाकिएको लोकमा जान्छ।" कुनै विकसित समाजलाई पतन गराइदिनु छ भने आवारा तालिम दिएर घुसाई दिनु जसको प्रभावले कर्महीन व्यक्तिहरूको विकास भई समाजमा अराजकता फैलन थाल्छ। यस्ता व्यक्तिहरूको अगाडि बुद्धिजीवी व्यक्ति जान रुचाउन्नन् किन कि यिनीहरू पिशाच तुल्य दुःख दिने हुन्छन्। स्वार्थी व्यक्तिहरूको बाहुल्य समाजमा रहेमा समाज उराठलाग्दो मरुभूमि समान हुन्छ। निस्वार्थी व्यक्तिहरू समाजमा भएमा शान्तिपूर्ण हुन्छ र यस्ता व्यक्तिहरूलाई लिएर नै राष्ट्रले गौरव गरेको हुन्छ। वस्तुतः स्वार्थी व्यक्तिहरूले राष्ट्रको ठूलो धन राशीलाई प्रत्यक्ष रूपमा अपव्यय गरेका हुन्छन्। यिनै व्यक्तिहरूको निमित्त प्रहरी, अदालत, अख्तियार दुरुपयोग आदि कार्यालहरू सञ्चालन भएका छन्। यदि राष्ट्रले जति यी क्षेत्रहरूमा खर्च गरेको हुन्छ त्यसको दश प्रतिशत मात्र पनि

समाजलाई चरित्रवान् बनाउने तर्फ खर्च गरिदिने थियो भने पक्कै पनि यो वैदिक राष्ट्रमा शान्तिको लहर आउने थियो । जति महत्त्व समाजमा र जोगुणी कर्मले प्राप्त गरेको छ त्यति नै यदि सत्त्वगुणी कर्मले पनि स्थान लिन सक्थ्यो भने पक्कै पनि समाजमा आपसी प्रेम र सद्भावनाको विकास भई हाम्रो समाज साँच्चै नै विश्वको सामु एक अद्वितीय क्षेत्र हुने थियो । यसलाई किन मानिसले बुझ्न सकेन ? आधुनिक विकासवादका जुत्ता ल्याएर सीधा–सादा जनताका गलामा जवर्जस्ति भिराई दिने ? आफ्नै महान् आदर्श गरिमा बोकेर शेर जस्तो भएर उभिएको विश्वको सर्वोच्च शक्तिशाली विद्या वा शिक्षालाई लत्याएर भौतिकवादी पेट पालन गर्ने शिक्षा राष्ट्रमा घुसाई दिनाले आफ्नो अनमोल संपद् विनाश भएर गई रहेको छ । कलियुगको प्रभावले सत्य बोलेर कर्म सिद्ध हुँदैन भनेर मानिसहरूले मिथ्या पालन त गरे, गरे । तर शेरले पनि घाँस खाएर बसेर उसको शरीरमा मृग उफ्रिन थाल्यो । आफ्नो आमालाई ठगेर पैसा लिई वेश्यालयमा गई इन्द्रिय तृप्ति गर्ने बानी छोडेर एक पटक सोध तिनको अन्तरआवाज के छ ? आफ्नो गौरवता बचाउनको निमित्त सरकार हो, नाश गर्नको निमित्त होइन । यति उन्नत धर्म, संस्कृति र विद्या स्थापना गरेर यस्तो महान् सभ्यता प्रतिष्ठापन गर्ने ती प्रतिभाशाली, परोपकारी, देशभक्तहरूले यसको निमित्त कति श्रद्धा र भक्तिका अश्रु वगाएका छन्, तिनीहरूले यस्तो सर्वोत्कृष्ट दर्शन निर्माण गर्न कति त्याग तपस्या र वलिदान गरेका छन्, यसलाई सिगान जस्तो गरी नफाल बरु आफ्ना पुर्खाको कमाई सम्झेर गर्व गर, अमृत सम्झेर पान गर, अनि आफूले पनि बुझ्ने प्रयास गर र आफ्ना बाल बालिकालाई पनि बुझ्ने मौका देऊ । यसबाट तिमी माथि ती ऋषि, तपस्वी र योगीहरूको अदृश्य आशीर्वाद श्रावणको वर्षा जस्तै गरी वर्षने छ जसले गर्दा यो वैदिक जगत्मा आएर अमरत्व प्राप्त गरी यो धरणीबाट जाने छौ र तिम्रो आत्मालाई पुन: पुन: यो वैदिक जगत्ले आगमनको निमित्त विनय गर्ने छ । तिमीले यो कर्ममा प्रयासको कदम मात्र पनि अगाडि बढाउँदा जननीले खुसी र आनन्दको स्वास ग्रहण गर्ने छिन् । कृपया उठ हेर, अन्यथा यो वैदिक जगत्मा देवताहरूको आगमन हुनुपर्नेमा पिशाचहरूको चकचकी भइसकेको छ । भगवान्ले कृपा गरेर नै मानवलाई विशेष आसन प्रदान गरेको हुन्छ । तिम्रो आसन इन्द्रासन समान छ । यसलाई केवल भोगासनको रुपमा लिनाले राष्ट्रमा महामारीको पीडा सहनु परेको छ । आफ्नो शक्तिलाई नाश गर्नु पाप हो । कति जन्मको धर्मले प्राप्त आसनमा बसेर क्षुद्र स्वार्थ चिन्तनको परिधीभित्र मात्र आफूलाई स्थित गर्नाले त्यसबाट समष्टिगत पीडाको व्यथाले समाज तड्पिरहेको छ ।

असंख्य छन् तिम्रा सन्तान, नहेर केवल आफ्नै घर ।
भावत्यागी नव हवेली, नि:सहाय जनको सेवा गर ॥

सकाम अथवा निष्काम दुवै कर्मले सर्वप्रथम दृष्टिलाई असर पार्दछ । सकाम (स्वार्थ भएको) कर्मले धेरै परसम्म देख्न सक्तैन, केवल आफ्नो घर परिवार र नाता गोतामा सीमित रहन्छ परन्तु निष्काम (निस्वार्थ) कर्मले पर भन्दा पर अति परसम्म देख्न सक्ने हुनाले विश्व मानवलाई आफ्नो परिवार भित्र लीन गरिदिन्छ । चार पाँच जनाको परिवारलाई प्रेम र विश्वास दिन पाउँदा अथवा लिन पाउँदा त हामी कति खुसी हुन्छौं, यदि हामीले विश्व मानवलाई प्रेम र विश्वास दिन पायौं अथवा तिनीहरूबाट लिन पाउँथ्यौं भने हामी

कति आनन्दित हुन्थ्यौं होला ? जब हामी हाम्रो नजरलाई सुदृश्य युक्त स्वार्थको चस्मा लगाई दिन्छौं तब त्यो आँखामा लोभरूपी मोतिविन्दुको रोग लागेर सुदृश्य तर्फ लाग्ने शक्ति क्षीण भइदिन्छ । मानिसलाई नालीमा वसेर खिरपुरी जस्ता स्वादिष्ट भोजन खानु भन्दा आफ्नो घर भित्र बसेर ढिंडो गुन्द्रुक खानु धेरै स्वस्थकर र आनन्ददायी हुन्छ ।

वस्तुत: सत्कर्मद्वारा धर्म प्राप्त हुन्छ सत् कर्म नै अमर तत्त्व हो र सत्कर्म नै ईश्वर तत्त्व हो । सत्कर्म परित्याग गरेर शान्ति वा आनन्द प्राप्त गर्ने इच्छा राख्नु, अगिन नजगाई भोजन तयार गर्ने इच्छा राख्नु जस्तै हो । स्थूल देहको नाश हुन्छ तर सूक्ष्मदेहको नाश कहिल्यै हुँदैन । सूक्ष्म शरीर भित्र मन निवास गर्दछ । मानवले जीवनभर आर्जन गरेका सम्पूर्ण तत्त्व यहीं छोडेर गएको हुन्छ तर आफूले गरेको कर्मको समष्टि साथमै लिएर जान्छ । जस्तो कर्म जीवनमा गरेको हुन्छ त्यसैको स्मृति मृत्युमा आइदिन्छ । मृत्युको समयमा जस्तो भावना आउँछ त्यस्तै उसको फल मृत्यु पश्चात् प्राप्त हुन्छ । भगवान् श्रीकृष्ण गीतामा भन्नु हुन्छ–

यं यं वापि स्मरन्भावं त्यजत्यन्ते कलेवरम् ।
तं तमेवैति कौन्तेय सदा तद्भावभावित: ॥

अर्थात् "अन्तकाल वा मृत्युको समयमा जस्तो जस्तो भावनाको स्मरण गरेर मानवले शरीर परित्याग गर्दछ त्यस्तै-त्यस्तै फल प्राप्त गर्दछ ।" यदि जीवनमा कसैले अन्याय अत्याचार गरेको छ भने मृत्युको द्वारमा पुगे पछि त्यसैको स्मृति आई आफूले गरेका कुकृत्यका वेदनाले मुखवाट फिंज निकालेर प्राण निस्कने समयमा पापी व्यक्ति अति पीडित भएको हामीले देखेका छौं र सत्कर्म गर्ने पुण्यात्मा तत्समयमा पत्तै नपाई कुरा गर्दा गर्दै शरीर परित्याग गरेको पनि देखेका छौं । मृत्युको समयमा सत्कर्मको स्मृति आउनको निमित्त जीवनकालमा सत्कर्मको अभ्यास गरी रहनु पर्छ अन्यथा हाम्रो मनुस्य जीवन अन्तिम कालमा वेदनाको अन्धकार लोकमा प्रवेश गरी यो जीवात्मा दु:खले ग्रसित हुनेछ । उपनिषद्मा मृत्युको वेलाको यसरी प्रार्थना गरिएको छ –

वायुरनिलममृतमथेदं भस्मान्तम् शरीरम् ।
ॐ क्रतो स्मर कृतम् स्मर क्रतो स्मर कृतम् स्मर ॥

अर्थात् "अन्त्यमा मेरो प्राणवायु अमृतस्वरूप परम् वायुमा लीन होओस्, यो शरीर खरानी भएर जाओस् । हे परमात्मा ! मेरो मनले जीवनकालमा गरेको शुभ कर्मको मात्र स्मरण गरोस्, शुभकर्म मात्र स्मरण गरोस् ।"

-- अस्तु --

विश्वकै वाङ्मय

अत्यन्त हर्षको कुरो छ कि ज्ञानको अमर वाणीहरूको भण्डार हाम्रो धर्म ग्रन्थ गीता हिन्दूहरूको मात्र नभएर अब विश्व कै वाङ्मयमा अमर सन्देश दिने हुन गएको छ । गीताको चषकमा भरिएको अमृत पिएर महा मानवहरूले यस धर्तीलाई नै आ-आफ्नो कर्म सौन्दर्यहरूद्वारा पवित्र पारेका उदाहरणहरू यथेष्ट छन् । श्रीकृष्णको वाक्धाराबाट ऐश्वर्य, धर्म यश र श्री मात्र होइनन् कि वैराग्य तथा मोक्षकै अर्थ प्रवाह पनि विस्तृत भएको छ ।

– कविवर केदारमान व्यथित

उपनिषद् कथा –७

अजात शत्रुद्वारा गार्ग्यलाई आत्म–उपदेश

प्राचीन कालमा गार्ग्य नामका एक ऋषि हुनुहुन्थ्यो । उहाँका पिताको नाम बलाका थियो । गार्ग्यले वेदको गहन अध्ययन गरेका तथा वेदका व्याख्याकार पनि हुनुहुन्थ्यो । सर्वत्र उहाँको विद्वत्ताको महिमा गाइन्थ्यो । उहाँ काशी, कुरुक्षेत्र, मत्स्य, पाञ्चाल, मिथिला आदि राज्यहरूमा गएर वेदको प्रवचन गर्नुहुन्थ्यो ।

एकपटक उहाँ काशीका राजा अजात शत्रु समक्ष पुग्नुभयो अजात शत्रु आत्मज्ञाता तथा वेदका रहस्यहरूलाई जानेका थिए । उनीसँग गार्ग्य ऋषिले अहंकारपूर्वक भन्नुभयो – "म तपाईलाई ब्रह्मज्ञानको उपदेश दिन्छु ।" यो कुरा सुनेर राजाले भने – "हे ब्राह्मण ! वर्तमान समयमा त मानिसहरू 'जनक-जनक' भन्दै राजा जनक समक्ष नै आत्म-ज्ञानको लागि जान्छन्, किन्तु यदि तपाई मलाई ब्रह्म-ज्ञान दिन चाहनुहुन्छ त यस कृपाको लागि म तपाईलाई सहस्र गाईहरू भेटी स्वरूप दिनेछु । तपाई नै मलाई ब्रह्म-ज्ञानको उपदेश दिएर कृतार्थ गर्नुहोस् ।

गार्ग्य ऋषिले भन्नुभयो – "सूर्य-मण्डलमा स्थित जो परमेश्वर निहित हुनुहुन्छ म उसलाई ब्रह्म भावनाबाट उपासना गर्दछु ।" यसमा राजाबाट आज्ञा भयो – "हे ब्राह्मण ! तपाई यस विषयमा केही पनि नभन्नुहोस् । म पनि उहाँको यसै तरहबाट उपासना गर्दछु । त्यो ब्रह्म ज्योतिस्वरूप तथा सबभन्दा उच्च छ । त्यो सबैको मश्तिष्क हो, जो यसलाई यस भावनाबाट उपासना गर्दछ ऊ सब प्राणीहरूको मश्तिष्क बराबरभन्दा श्रेष्ठ हुन जान्छ ।

बलाका-पुत्र गार्ग्यले भन्नुभयो –

"चन्द्रमामा प्रतिष्ठित अन्तर्यामी पुरुषको म ब्रह्म-भावद्वारा उपासना गर्दछु ।" यस्तो सुनेर अजात शत्रुबाट आज्ञा भयो – "यस विषयमा तपाई केही नभन्नुहोस्। चन्द्रमा सबैका राजा हुन्, यही अन्नको प्राण हो। जो चन्द्रमामा स्थित पुरुषले ब्रह्मभावबाट उपासना गर्दछन् उसको लागि अन्नको कहिल्यै अभाव रहँदैन ।"

तब विप्र श्रेष्ठ गार्ग्यले भन्नुभयो – "विद्युत-मण्डलमा स्थित अन्तर्यामी पुरुषलाई म ब्रह्मभावबाट उपासना गर्दछु ।" यसमा अजात शत्रुबाट तुरुन्त आज्ञा भयो – "तपाई यस विषयमा केही पनि नबोल्नु होस्। म यस तेजलाई आत्मा मानेर उसको उपासना गर्दछु। जो विद्युत-मण्डलमा प्रतिष्ठित ब्रह्मको यस प्रकार उपासना गर्दछन् ती तेजका स्वामी हुन जान्छन् ।"

बलाका-तनय गार्ग्यले फेरि भन्नुभयो – "मेघ-मण्डलमा प्रतिष्ठित अन्तर्यामी परमेश्वरलाई म ब्रह्मभावबाट उपासना गर्दछु।" यसमा अजात शत्रुबाट आज्ञा भयो – "तपाईं यस विषयमा केही पनि नबोल्नु होस्। म यस शब्दलाई आत्मा मानेर त्यसको उपासना गर्दछु। यस प्रकार जो मनुष्य मेघ-मण्डलमा स्थित ब्रह्मलाई शब्दको आत्मा मानेर उपासना गर्दछन् ती शब्द आत्मामा स्थित हुन जान्छन् ।"

तब गार्ग्य ऋषिले भन्नुभयो – "हे राजा ! आकाश मण्डलमा स्थित अन्तर्यामी पुरुषलाई म ब्रह्मरूपबाट उपासना गर्दछु।" यसमा राजाबाट आज्ञा भयो – "यस विषयमा तपाई केही नभन्नुहोस्। म पनि यस्तो उपासना गर्दछु। जो मानिस आकाशमा स्थित ब्रह्मको यस भावनाबाट उपासना गर्दछ ऊ, सन्तान् र पशुहरूबाट सम्पन्न हुन जान्छ ।"

गार्ग्य ऋषि फेरि भन्न लाग्नुभयो– "हे राजन् ! वायुमण्डलमा स्थित अन्तर्यामी पुरुषलाई म ब्रह्मभावबाट उपासना गर्दछु ।" यस वाक्यमा अजात शत्रुबाट आज्ञा भयो – "यस विषयमा तपाई केही नभन्नुहोस्। यो कहिल्यै पनि अपराजित नहुने शक्ति हो। म यसको यसै भावद्वारा उपासना गर्दछु । जो मानिस यसको यस्तो भावद्वारा उपासना गर्दछ ऊ सदा शत्रुहरूमाथि विजय प्राप्त गर्दछ, उसले कहिल्यै पनि पराजय भोग्नुपर्ने छैन ।"

बलाकाका पुत्र गार्ग्यले फेरि भन्नुभयो– "अग्नि-मण्डलमा स्थित जो अन्तर्यामी पुरुष हुनुहुन्छ । उहाँको म ब्रह्म भावद्वारा उपासना गर्दछु ।" यसमा राजाबाट आज्ञा भयो । "तपाईं यस विषयमा केही नभन्नुहोस् । म उहाँको यो भावसँग उपासना गर्दछु। जो साधक त्यस पुरुषको यस भावद्वारा उपासना गर्दछ ऊ अर्काको आक्रमणलाई सहन गर्नमा समर्थ रहन्छ ।"

गार्ग्यले भन्नुभयो – जल-मण्डल स्थित जो अन्तर्यामी पुरुष हुनुहुन्छ । म ब्रह्मभावबाट उहाँको उपासना गर्दछु।" यसमा राजाबाट आज्ञा भयो – "तपाई यस विषयमा केही पनि नभन्नुहोस्। यो नामधारी जीवहरूको आत्मा हो, यस्तो मान्दै म उहाँको उपासना गर्दछु। जो उपासक उहाँको उपासना गर्दछ, त्यो नामधारी प्राणी मात्रको आत्मा हुन जान्छ। यसलाई आधिदैविक उपासना मानिन्छ।

बलाका-पुत्र गार्ग्यले भन्नुभयो – "यस दर्पणमा स्थित पुरुषलाई ब्रह्मभाव मान्दै म उहाँको उपासना गर्दछु ।" यसमा अजात शत्रुबाट आज्ञा भयो – "तपाई यस विषयमा केही नभन्नुहोस्। म उहाँको प्रतिरूपभावबाट उपासना गर्दछु। जो साधक दर्पणमा स्थित पुरुषलाई यस भावबाट उपासना गर्दछ त्यो प्रतिरूप गुणवाला हुन जान्छ।

बलाका-तनय गार्ग्य ऋषिले भन्नुभयो – "म प्रतिध्वनिमा निहित पुरुषलाई ब्रह्म मानेर उपासना गर्दछु।" यो सुनेर राजा अजात शत्रुबाट

आज्ञा भयो – "तपाई यस विषयमा केही नभन्नुहोस्। म यसलाई सबैमा व्याप्त पुरुष मानेर उसको उपासना गर्दछु । जो मानिस ध्वनिमा निहित पुरुषलाई यस भावद्वारा उपासना गर्दछ ऊ सबैको आत्मा हुन जान्छ अर्थात् उसलाई आफूबाट अलग अर्को पुरुषको भान (प्रतीत) हुँदैन ।

बलाका–नन्दन गार्ग्यले भन्नुभयो – "गमनशील पुरुषको पछाडि ध्वनियुक्त पदचाप सुनाइदिन्छ जसमा जो ब्रह्म छ उसको म उपासना गर्दछु । यसमा अजात शत्रुबाट आज्ञा भयो – "तपाई यस सम्बन्धमा केही नभन्नुहोस्। म उहाँको प्राणरुपमा उपासना गर्दछु । जो मानिस उहाँको यस प्रकार उपासना गर्दछ ऊ पूर्ण आयु प्राप्त गर्दछ, अल्पायुमा उसको मृत्यु हुने छैन । साथै उसका सन्तान पनि पूर्ण आयु बिताउँछन् ।

बलाका-तनय गार्ग्य ऋषि बोल्नु भयो – "यो जो पुरुष शरीरमा निवास गर्दछन् उहाँलाई म ब्रह्म मानेर उपासना गर्दछु ।" यसमा राजाबाट आज्ञा भयो – "तपाई यस सम्बन्धमा केही नभन्नुहोस् । म उहाँको ब्रह्म रूपमा उपासना गर्दछु जो मनुष्य उहाँको यस प्रकार उपासना गर्दछन् उनीहरू प्रजा र पशुहरूद्वारा परिपूर्ण हुन जान्छन् ।"

गार्ग्य ऋषि फेरि बोल्नुभयो – "यो जुन प्रज्ञावान् एवं प्राणरूप आत्मा छ, त्यसमा संयुक्त रहेको पुरुष शयनकालमा स्वप्नलोकमा विचरण गर्दछ । म उसलाई ब्रह्म मानेर उपासना गर्दछु ।" यसमा अजात शत्रुबाट आज्ञा भयो – "तपाई यस सम्बन्धमा केही नभन्नुहोस्, म उहाँको ज्ञान रूपमा उपासना गर्दछु । जो मनुष्य उहाँको यस प्रकार उपासना गर्दछन् उनीहरूको सामु सम्पूर्ण विश्व झुक्दछ ।"

गार्ग्य ऋषिले भन्नुभयो – "म दायाँ आँखामा स्थित पुरुषको ब्रह्मभावद्वारा उपासना गर्दछु । यसमा राजा अजात शत्रुबाट आज्ञाभयो – "तपाई यस विषयमा पनि केही नभन्नुहोस् । म यसको नाम अग्नि र ज्योतिलाई आत्मा मानेर उपासना गर्दछु । जो पुरुष उहाँलाई यस भावद्वारा उपासना गर्दछन् उनीहरू सबै आत्म-रूप हुन जान्छन् ।"

तव गार्ग्य ऋषिले भन्नुभयो – "म बायाँ आँखामा स्थित पुरुषलाई ब्रह्म-रूपबाट उपासना गर्दछु ।" यसमा राजा अजात शत्रुबाट आज्ञा भयो - "तपाई यस विषयमा केही भन्ने कष्ट नगर्नुहोस्। यो सत्य, तेज र विद्युतको आत्मा हो । उहाँको म यस रूपमा उपासना गर्दछु । जो मानिस यस प्रकार उहाँको उपासना गर्दछ त्यो यी सबैको आत्मा हुन जान्छ, किनकि उहाँ सबैमा व्यापक अविनाशी पुरुषलाई पाएर उसमा नै तद्गत हुन जान्छन् ।

अब बलाका-तनय गार्ग्य ऋषि चूपचाप हुनुभयो। यसमा राजा अजात शत्रुबाट आज्ञा भयो– "के तपाईको ब्रह्मज्ञान यहींसम्म सीमित रह्यो ?" गार्ग्यले भन्नुभयो – "हो यहींसम्म ।" यस्तो कुरा सुनेर अजात शत्रुबाट आज्ञा भयो – "तब तपाईले ब्रह्म ज्ञानको उपदेश गर्ने कुरा व्यर्थको प्रयास गर्नु भयो । तपाईले भन्नु भएका यी सबै पुरुषहरूको जो कर्ता हुन् यी अक्षर ब्रह्म हुन्, ऊनै परम-ब्रह्म हुन्, ऊनै सबैका अन्तर्यामी परम पुरुष सबैका स्वामी (मालिक), ऊनै जान्ने, योग्य र सबैका आराध्य हुन् ।"

यस्तो कुरा सुनेर बलाका पुत्र गार्ग्य हातमा समिधा लिंदै जिज्ञासु भावबाट राजा अजात शत्रुका नजिक गएर सोधन थाल्नुभयो – "म हजुरलाई गुरु रूपबाट वरण गर्नको लागि आएको छु।" यसमा राजाबाट आज्ञा भयो – "म अवश्य तपाईलाई ब्रह्म ज्ञान दिनेछु। तपाई मेरो साथ आउनुहोस्, म तपाईलाई ब्रह्म-ज्ञानको प्राप्ति गराउनेछु ।"

राजाद्वारा गार्ग्यको हात समातियो र त्यहाँबाट हिंडेर एक सुतिरहेको व्यक्तिको घर पुगेर उसलाई बोलाईयो – हे राजा सोम ! हे बृहन् ! हे पांडुरवासा ! यसरी धेरै पटक आवाज दिंदा पनि उनी जागेनन् । यसमा राजाले उसको शरीरमा वेतको लट्ठीद्वारा प्रहार गरे । चोट लाग्ने बित्तिकै व्यक्ति जागेर खडा भए । तब राजा अजात शत्रुबाट गार्ग्यसँग आज्ञा भयो – "यो पुरुष चेतनहीन भएर कहाँ सुतिरहेको थियो ? कुन देशमा सुतेको थियो ? अव जागेर कहाँबाट आयो ?"

यी प्रश्नहरूको उत्तर गार्ग्यबाट आउन सकेन । उनी यस रहस्यलाई सम्झनमा असमर्थ रहे । तब राजा अजात शत्रुबाट फेरी आज्ञा भयो– "जहाँ ऊ सुतेको थियो, जहाँ शयन गरेको थियो र जहाँबाट यो जागेर आयो – त्यो स्थान वताउँदछु । हृदयकमल सम्बन्धित 'हिता' नामका अनेकौं नदीहरू छन् ती हृदय-कमलबाट निस्केर सम्पूर्ण देह (शरीर) मा फैलिएका छन् । एउटा रौंलाई झिकेर यसलाई टुक्रा टुक्रा गर्दा हजार टुक्रा हुन्छन् । यस्तो सूक्ष्म यसको आकार छ । यी नाडीहरू विभिन्न प्रकारका सूक्ष्म रेखाहरूद्वारा परिपूर्ण छन् । उनमा सेता, पहेंला, नीला र काला धेरै प्रकारका रंगहरू रहेका हुन्छन् । सुषुप्त अवस्थामा पुरुष यिनै नाडीहरूमा लीन रहन्छ ।

सुषुप्त अवस्थामा जब मानिस सपना देख्दैन तब प्राणमा लीन हुन जान्छ । त्यस समय वाणी आफ्नो सवै नाम सहित र मन सब चिंतनीय विषयहरू सहित प्राणमा नै स्थित हुन जान्छ । जब मानिस जाग्राम हुन्छ तव प्रज्ज्वलित अग्निद्वारा चारैतिर ज्वाला निस्के समान प्राणरूप आत्माबाट सवै इन्द्रियहरू आ-आफ्नो स्थानतिर फर्कन्छन् । त्यस समय उनीहरूको अधिष्ठाता अग्नि आदि देवता प्राणबाट प्रकट भएर नाम आदि सबै विषयहरूलाई प्रकट गर्दछन् । जस्तो पेटिमा उस्तरा राखिन्छ त्यस्तै देहमा स्थित हृदयमा परमेश्वर निवास गर्नुहुन्छ । जस्तो अग्नि, काठमा विद्यमान रहेको हुन्छ त्यस्तै नै यस शरीरमा आत्मा पनि पाउदेखि शिरसम्म सर्वत्र विद्यमान छ । जस्तो कुनै शुभगुण युक्त धनवान्का आश्रितजन उसको आदेशमा रहन्छन् त्यस्तै नै आत्मा वाणी आदिका साथ भोग्दछ र यो वाणी आदि पनि आत्मालाई भोग्दछ । जबसम्म देवराज इन्द्रले आत्मालाई जान्दैनन्, चिन्दैनन् तबतक दैत्यगण उनलाई जितिरहन्छन् । परन्तु जब उनले आत्मालाई जाने तब नै उनले दैत्यहरूको संहार गरे र स्वर्गको राज्य पाएर देवताहरूमा श्रेष्ठ हुन गए । यस्तै नै आत्मालाई जान्ने ज्ञानी व्यक्ति आफ्ना सबै पापहरूलाई मेटाएर सब प्राणीहरूमा श्रेष्ठ भएर सबैका स्वामी बन्दछन् । यस प्रकार जान्नेलाई पूर्व वर्णन गरिएका सबै फल प्राप्त हुन्छन् ।

यस प्रकार राजा अजात शत्रुद्वारा अनेक विधि युक्तिपूर्वक आत्मज्ञान सम्बन्धी उदाहरणहरू सहित गार्ग्य ऋषिलाई आत्म उपदेश प्रदान गरियो । तत्पश्चात् अजात शत्रुले गार्ग्यलाई विधिवत् आत्म-ज्ञानका क्रियात्मक बोध गराए । गार्ग्य विद्वान् त थिए नै, यसैले उनले आत्म-तत्त्वको विधिवत् ध्यान गरे र आत्माको पूर्ण ज्ञाता हुन पुगे ।

प्रत्येक जिज्ञासुलाई यो आवश्यक छ कि ऊ अभिमानलाई सर्वथा त्याग गरेर तत्त्वज्ञानी सद्गुरुसँग आत्म-ज्ञान प्राप्त गर्न सकोस् । यसबाट नै मानव-तनको सार्थकता आउँदछ ।

हरि ॐ तत्सत्

(कौषीतकि ब्राह्मणोपनिषद्को आधारमा)

अनु : – वैदिक पुत्र

बोध कथा

क्रोध माथि प्रेमको विजय

सुधीर निगम

ब्रह्मर्षि विश्वामित्र वास्तवमा अत्यन्तै कोधी थिए क्रोधमा उनले सोचे, "वशिष्ठलाई मारि दिउँ फेरि मलाई ब्रह्मर्षिको ठाउँमा राजर्षि भन्ने कतै कोही रहने छैनन्" यस्तो विचार गरेर एउटा छुरा लिएर उनी त्यही रुखमा माथि बसे जुन रुख मुनि बसेर महर्षि वशिष्ठ आएर आफ्ना शिष्यहरूलाई पढाउने गर्दथे । शिष्यहरू आएर रूखमुनि बसे, फेरि वशिष्ठ आएर आफ्नो आसनमा विराजमान भए । साँझपऱ्यो, पूर्वको आकाशमा भर्खरको पूर्णिमाको नयाँ चन्द्रमा उदाए । विश्वामित्र सोचिरहेथे "अहिले सबै विद्यार्थीहरू गएपछि तल झरेर एकै प्रहारमा आफ्नो शत्रुलाई सिध्याइदिन्छु" त्यसैबेला एकजना विद्यार्थीले भर्खर उदाइरहेका चन्द्रमातिर हेरेर "कति मधुर चन्द्रमा हो त्यो ! कति सुन्दरता छ त्यसभित्र !" भनेर सोचिरहेको थियो ।

वशिष्ठले चन्द्रमातिर हेरेर भने "तिमी ऋषि विश्वामित्रलाई हेर, त्यो चन्द्रमालाई विर्सिदिउ । ती चन्द्रमा सुन्दर अवश्य छन् तर विश्वामित्र त्यो भन्दा बढि सुन्दर छन् यदि उनीभित्र क्रोधको कलङ्क नभएको भए त उनी सूर्य झैं देदिप्यमान हुने थिए ।"

शिष्यले भने, "परन्तु महाराज ! उनी त हजुरका शत्रु हुन् ठाउँ ठाउँमा हजुरको उनी निन्दा गर्दछन् ।

वशिष्ठले भने, मलाई थाहा छ, तर मलाई यो पनि थाहा छ कि उनी म भन्दा वढि विद्वान् छन् । मैलेभन्दा बढि तप उनले गरेका छन् यसैले उनी म भन्दा महान् छन् । मेरो निधार उनको पाउमा झुक्दछ ।" रूखमाथि बसेका विश्वामित्र यो कुरा सुनेर एकदमै झस्के उनी बसेका थिए वशिष्ठलाई मार्न र वशिष्ठ भने यस्ता थिए कि उनको प्रशंसा गर्दा पनि नअघाउने । विश्वामित्र एकदम रूखबाट तल झरेर छुरा एकातर्फ फ्याँकेर वशिष्ठको पाउमा गिरेर भने, "मलाई क्षमा गरिदिनुहोस् ।

वशिष्ठले बडो प्रेमपूर्वक उनलाई उठाएर भने, "उठ ब्रह्मर्षि !" विश्वामित्रले आश्चर्यसँग भने – "ब्रह्मर्षि ? हजुरले मलाई ब्रह्मर्षि भन्नु भयो ? तर हजुर त मलाई ब्रह्मर्षि मान्नु नै हुँदैनथ्यो ।

वशिष्ठले भने "आजदेखि तिमी ब्रह्मर्षि भयौ महापुरुष ! तिमीभित्र जो चण्डालपन थियो, त्यो हटिसक्यो ।

यो कोध भनेको धेरै खराव तथा हानिकारक तत्त्व हो । सवा लाख् हैन, सवा करोड, सवा अरब गायत्री मन्त्र जप गर, तर एकपल्टको कोधले त्यसको सम्पूर्ण फललाई नष्ट गरिदिन्छ ।

साभार – नवनीत

अनु.– देवेन्द्रमान प्रधान

वशिष्ठले चन्द्रमातिर हेरेर भने "तिमी ऋषि विश्वामित्रलाई हेर त्यो चन्द्रमालाई विर्सिदेउ । ती चन्द्रमा सुन्दर अवश्य छन् तर विश्वामित्र त्यो भन्दा बढि सुन्दर छन् यदि उनीभित्र क्रोधको कलङ्क नभएको भए त उनी सूर्य झैं देदिप्यमान हुने थिए ।"

धर्म के हो ?

स्वामी चन्द्रेश

यो संसारमा प्रत्येक वस्तुको आफ्नो धर्म हुन्छ भिन्ना भिन्नै स्वभाव हुन्छ। धर्म बाहेक कुनै पनि वस्तुको अस्तित्व नै रहन सक्दैन। त्यति मात्रै होइन कुनै वस्तुलाई चिन्न र त्यसलाई प्रयोगमा ल्याउनको लागि पनि हामीलाई त्यस धर्मको बारेमा ज्ञान हुनु अति आवश्यक छ। उदाहरण स्वरूप आगोको धर्म हो दहन गर्नु र ताप दिनु; पानीको धर्म हो प्यास मेटाउनु, शीतलता प्रदान गर्नु आदि। आगो र पानी दुवै सँगै बस्न सक्दैनन्। किनभने हामीलाई थाहा छ कि यी दुईको धर्म या स्वभाव एक-आपसमा विपरीत छ। त्यसकारण यी दुबै तत्त्वलाई प्रयोग गर्ने हो भने यिनीहरूको स्वभावको बारेमा पूर्व जानकारी हुनु जरुरी छ। नत्र त्यसलाई प्रयोग गर्न जाँदा हामीलाई असजिलो मात्र हुने होइन खतरा पनि आउन सक्छ। त्यही अनुरूप घोडालाई प्रयोग गर्न घोडाको स्वभाव र गाईलाई प्रयोग गर्न गाईको स्वभाव जान्न आवश्यक छ। घोडाको स्वभाव नजानिकन घोडा चढ्न गएको खण्डमा त्यसले पछार्न सक्छ र गाईको स्वभाव थाहा नपाइकन दूध दुहुन गएमा उसले लात्तले हिर्काउन सक्छ।

यसरी यो जगत्‌को सानोभन्दा सानो कणदेखि लिएर दूवो, रुख, वृक्ष, गाई, भैंसी, मानिस, देवतासम्म चाहे त्यो चेतन होस् या जड जुनसुकै वस्तुको एउटा न एउटा विशेष स्वभाव या धर्म हुन्छ। यिनै स्वभावहरू मार्फत् नै हामीसँग यिनीहरूको परिचय हुन्छ। हामी आफ्नो वरिपरीको विश्वलाई यसरी नै चिन्दछौं। तर हामीलाई सबैभन्दा पहिला यो जगत्‌को विभिन्न वस्तुहरूको स्वभावलाई अनुसन्धान गर्नुभन्दा हाम्रो आफ्नै धर्मसित परिचय हुनु जरुरी छ। ब्राह्य जगत्‌का विभिन्न तत्त्वहरूको धर्म जानेर तिनीहरूलाई नित्य दिनको आफ्नो कार्यमा हामी प्रयोग गर्न सक्छौं तर आफ्नै धर्मको बारेमा थाहा पाएनौं भने जीवनलाई शान्तिको मार्गतिर अगाडि बढाउन कदापि सक्दैनौं।

कुनै व्यक्तिलाई उसको धर्मको बारेमा सोध्दा उसले भन्दछ कि म हिन्दू हूँ। त्यस्तै गरेर कसैले आफूलाई बौद्ध मार्गी ठान्छ तर कसैले खीष्ट धर्मावलम्बी, कसैले मुसलमान त कसैले यहुदी आदि आदि। यसरी बाहिरबाट हेर्दा प्रत्येक व्यक्तिको भिन्ना-भिन्नै धर्म जस्तो लाग्छ। तर हामीलाई थाहा छ कि हरेक मानिसमा भोक-प्यास, सुख-दुःख, मान-अपमान आदि मानसिक धर्म एक किसिमको हुन्छ चाहे त्यो नास्तिक होस् या धार्मिक, चाहे धनी होस् या गरीव, चाहे ज्ञान सम्पन्न होस् वा विद्याविहीन।

मानव शरीरको बाहिरी त्वचाको वर्ण प्रकृतिले वातावरण अनुकूल जस्तोसुकै बनाएता पनि शरीरभित्रको नसा-नसामा बग्ने रगतको वर्ण कसैको निलो र कसैको कालो कहिले पनि हुँदैन। रगत रातो नै हुन्छ। त्यस्तै गरेर बाहिरी धर्ममा हिन्दूले केही विशेष आचार-आचरणलाई अनुसरण गर्दछ भने खीष्ट मार्गीले अलि भिन्नै रीति-रिवाजलाई पालन गर्दछ। हिन्दू धर्ममा गाईलाई पूजा गरिन्छ भने खीष्ट धर्ममा त्यसलाई अपमान गरिन्छ। प्राचीन मिश्र धर्ममा बाखा काट्नु अपराध

मानिन्थ्यो किनभने उनीहरूले त्यसलाई प्यान नामक देवताको बाहन मान्दथे । हिन्दूहरूलाई जुत्ता र टोपी लगाएर भोजन गर्न निषिद्ध छ भने खीस्तानहरूलाई त्यसमा केही बाधा छैन । त्यस्तै गरेर मुसलमान धर्ममा सुंगुरलाई काट्न निषिद्ध छ भने अरु धर्ममा त्यसलाई मारेर मासु आहार गर्नलाई समेत कुनै बाधा छैन । तर योगधर्ममा यो चराचर जगत्को कुनै पनि प्राणीलाई अकारण हत्या गर्न त परै रहोस् बाह्यिक क्लेश या कुनै अप्ठ्यारो सृजना गऱ्यो भने मात्र पनि त्यसलाई धर्मको विरुद्ध मानिन्छ।

आभास पाउँदैनथ्यो भने उसले कर्मप्रतिको झुकाव र कर्म गर्ने प्रेरणा कहाँबाट पाउँथ्यो ! आनन्दको खोजीमा आनन्द नै कारण हुन्छ किनभने आनन्द नै मानिसको मूल धर्म हो ।

मानिसको यो आनन्द धर्मको समर्थनमा उपनिषद्मा भृगु र वरुण ऋषिको उपाख्यान पाइन्छ। भृगुमुनि आफ्नो पिता वरुणकहाँ गएर ब्रह्म के हो भनी प्रश्न गर्दा उहाँले पुत्रलाई एकान्तमा गएर गहिरो मनन गरी पत्ता लगाउन सुझाव दिनुभयो। केही समयसम्म एकान्तमा मनन गरेर फर्केपछि

ब्रह्मको यही असीम आनन्दलाई खोजी गर्नु नै मानवमात्रको मूल धर्म हो । विषयको क्षणिक आनन्द लिएर मात्र कुनै पनि मानिस आजसम्म न सुखी भए न हुनेछन् । इन्द्रियको आनन्द खाएर, पिएर, सुतेर, सन्तान-सन्तति उत्पन्न गरेर जीवनले यथार्थ तृप्ति पाउनुभन्दा अगाडि नै निःशेष भएर जान्छ ।

धर्मको यो बाहिरी यस्ता अनेक विभिन्नताहरू देश-काल-पात्र र भौगोलिक एवं प्राकृतिक विभिन्नताबाट उत्पन्न भएका हुन्। यसमा कसैलाई प्रशंसा र स्तुति या कसैलाई घृणा र उपेक्षा गर्ने अधिकार हामीलाई छैन । किनभने मानिसको मूल धर्म अवश्य नै एउटै हो । हामीले त्यो धर्मको विशेषतालाई यथार्थ रूपमा विश्लेषण गऱ्यौं भने हामीलाई तुरुन्त प्रत्यक्ष भइहाल्छ । जीवनयात्रामा मानिसको कर्म भिन्न भिन्न भए तापनि आखिरी हरेक मानिसले स्वभावतः आनन्द नै खोजेको हुन्छ। जहाँ आनन्द छैन, त्यहाँ मानिस एकछिन पनि बस्न या उभिन खोज्दैन । आमा-बाबुले सन्तान जन्माएर पालन पोषण गर्नु, चोर-डाँकाले चोरी-डकैती गर्नु, राजाले राज्यपालन गर्नु, साधुले शान्तिको वाणी प्रचार गर्नु आदि जे जति क्रियाकलापहरू हामी समाजमा यत्रतत्र देख्दछौं । ती सबै कामहरू मानिसले आनन्दको खोजिमा नै गरेको हुन्छ। यदि ती कर्महरूमा मानिसले आनन्दको

पितालाई भने ब्रह्म नामक तत्त्व मलाई थाहा भयो । अन्न नै ब्रह्म रहेछ । किनभने नखाइकन जीव न त बाँच्न सक्दछ न मनन गर्न नै । पुत्रको उक्ति सुनेपछि वरुण ऋषिले भन्नुभयो कि "पुत्र ! तिमीले ब्रह्मलाई नितान्त थोरै मात्रामा चिनेका छौ । अझै एकान्तको सेवन गरी मनन र ध्यान गर।" त्यसपछि भृगुमुनि फेरि गए । लामो समय विते पछि एकान्तवासबाट फर्केर पितालाई भने मैले ब्रह्मलाई चिनें । प्राण नै ब्रह्म रहेछ । किनकि प्राणमा उत्साहको अनुभव हुँदैनथ्यो भने कुनैपनि जीवले बाँच्ने चेष्टा गर्ने थिएन, कुनै पनि प्राणीले काम गर्नको लागि प्रयास गर्ने थिएन । पुत्रको यो कुरा सुनेपछि वरुण ऋषिले भृगुलाई अझै मनन र ध्यान गर्न आग्रह गर्नुभयो। केही दिन पछि भृगुमुनि फेरी फर्केर आएर र मन नै ब्रह्म रहेछ भनी पितालाई भने। किनभने मनले चिन्तन गर्न सकेन भने मानिसले कुनै पनि कुरा जान्न र बुझ्न सक्दैन। जान्ने र बुझ्ने शक्ति भएन भने मानिसको

जीवनयापन पनि निरस र दुष्कर हुन जान्छ । मनले सही रुपमा सोच्न पाएन भने प्राण पनि उत्साहित हुन पाउँदैन र जीवन निर्वाहको लागि अन्न तथा अन्नान्य सामाग्रीहरू संग्रह गर्न पनि कठिन पर्छ ।

पुत्रको यो कुरा सुनेपछि हर्षले गद्‌गद् हुँदै वरुण ऋषिले भन्नुभयो कि पुत्र तिम्रो निश्चय पनि विवेक प्रकाशित भइरहेछ, अवश्य पनि ज्ञान बढ्दै गइरहेको छ तर ब्रह्मको स्वरूपलाई यथार्थ रूपमा जान्नको लागि तिमीले अझै ध्यान गर्नुपर्छ । वनको एकान्तमा गएर शान्तिले फेरी तीव्र रूपमा मनन गर ।

यसपटक भृगुमुनि बनबाट फर्केर पितालाई भने कि विज्ञान नै ब्रह्म रहेछ । विज्ञान अर्थात् बुद्धि नभइकन मन सही मार्गमा चल्न सक्दैन । मन उचित मार्गमा स्थित हुन सकेन भने प्राणले पनि उत्साह पाउँदैन र जीवनयात्रामा कर्ममा सँलग्न हुन पनि गाह्रो हुन्छ । पुत्रको मुखबाट यो कुरा सुनेपछि वरुण ऋषिले पुत्रलाई पुन: अरण्यमा गएर मनन र ध्यान गर्न भन्नुभयो । त्यसपछि भृगुमुनि फेरि वनतिर लागे । अन्त्यमा, केही समयपछि फर्केर "आनन्द नै ब्रह्म रहेछ आनन्द स्वरूप ब्रह्मबाट यो समस्त संसार उत्पन्न भई आनन्दमै स्थित भएर आनन्द मै विलीन हुन्छ" भनेर पितालाई भने । पुत्रमा यथार्थ ज्ञान प्रकाशित भएको देखेर वरुण ऋषिले भन्नुभयो कि अब तिमीले ब्रह्मलाई सही रूपमा चिनिसकेका छौ । किनभने ब्रह्म नै जीव र जगत्‌को मूल हो, सत्य, ज्ञान र आनन्दको आधार हो । हृदयको आकाशमा यो आनन्द स्वरूप् ब्रह्मले निरन्तर प्रेरणा दिदैनथ्यो भने यो जगत्‌को कुनै पनि जीवले कर्म गर्ने चेष्टा गर्ने थिएन ।

ब्रह्मको यही असीम आनन्दलाई खोजी गर्नु नै मानवमात्रको मूल धर्म हो । विषयको क्षणिक आनन्द लिएर मात्र कुनै पनि मानिस आजसम्म न सुखी भए न हुनेछन् । इन्द्रियको आनन्द खाएर, पिएर, सुतेर, सन्तान-सन्तति उत्पन्न गरेर जीवनले यथार्थ तृप्ति पाउनुभन्दा अगाडि नै नि:शेष भएर जान्छ । खाने हो भने कति खाने, सुत्ने हो भने कति सुत्ने, इन्द्रिय सुखको यो भौतिक सामाग्रीहरू जति थुपारे तापनि मानिसको तृष्णा कदापि मेटिनें होइन । झन् आगोमा घिउ हाले झैं बढ्दै जान्छ । भौतिक सुखको पछि लागेर जीवन बिताउने मानिसहरूको लागि अन्ततोगत्वा हतासा र अनुशोचनाको भारद्वारा ग्रस्त हुनुपर्दछ ।

मानव जीवनको अस्तित्त्व वस्तुत भौतिक, मानसिक र आध्यात्मिक यी तीन भागमा बाँडिएका छन् । भौतिक जगत्‌मा हाम्रो भौतिक शरीरको अस्तित्त्वलाई कायम राख्न भौतिक साधन नै चाहिन्छ । साहित्य, शिल्प, सङ्गितादि मानसिक तत्त्वले मात्रै मानिसको भौतिक अभाव मेटाउन सक्दैन ।

यसको निमित्त अन्न, जल, वस्त्र, वासस्थान, औषधि आदि अत्यावश्यक भौतिक वस्तु नै चाहिन्छ । मानसिक अस्तित्त्वलाई स्वास्थ्य राख्नको लागि सूक्ष्म मानसिक आहार चाहिन्छ । पोषक तत्त्व नपाएको शरीर विस्तारै ठिंगुरिएर गए झैं पूर्ण रूपमा मानसिक आहार नपाएको मन पनि क्षीण हुँदै विस्तारै-विस्तारै चिन्तन शक्तिरहित भएर जान्छ । साहित्य, संगीत, शिक्षा, उच्च तत्त्वको चिन्तन र ज्ञान-गुनका चर्चाद्वारा मानसिक तथा बौद्धिक अस्तित्त्वको पुष्टि हुन सक्छ । कुनै अध्ययन अथवा बौद्धिक ज्ञान नभएको व्यक्तिलाई गहिरो चिन्तन दुर्वल व्यक्तिको छातिमा विशाल ढुङ्गा राखे झैं भारी हुन सक्छ । कथित नै छ - "दरिद्रस्य विषम् गोष्ठी" अर्थात् विचार–शक्तिहीन व्यक्तिलाई पण्डितहरूको सभा जहाँ शास्त्रका गहन तत्त्वहरूको

छलफल हुन्छ, आलोचना हुन्छ, त्यो विष बराबर हुन जान्छ । अतएव: अध्ययन र ज्ञानचर्चाद्वारा मानसिक स्वस्थतालाई कायम राख्नु हरेक व्यक्तिको कर्तव्य हो ।

तर जतिसुकै अध्ययन र बौद्धिक चर्चा गरेता पनि, जति नै राम्रो र शुद्ध आहार गरे पनि यसले मानिसको आध्यात्मिक अस्तित्वमा खास सहयोग पुऱ्याउन सक्दैन । हरेक व्यक्ति भित्र भएको आध्यात्मिक शरीरलाई स्वस्थ र बलिष्ट पार्नको लागि उसलाई ध्यान, धारणा, एकाग्रता आदि आध्यात्मिक साधनाको नै आवश्यकता पर्दछ । आध्यात्मिक शरीर पुष्टि गर्नको लागि आध्यात्मिक खाद्य नै चाहिन्छ । धर्मीय आचरणको माध्यमबाट व्यक्तिले आध्यात्मिक खाद्य संग्रह गर्न सक्छ ।

जुन असीम आनन्दको खोजिको सिलसिलामा मानिस हरेक कर्म गर्दै आफ्नो जीवन बिताउँछ त्यो आनन्द उसले भौतिक साधनबाट कदापि प्राप्त गर्न सक्दैन । एकछिनको लागि मानौं कसैले पेटभरी रसभरी खाएर आफ्नो असीम आनन्द प्राप्त गर्ने चाहनालाई पूर्तिको रूप दिन खोज्यो भने प्रथमत: उसलाई अनन्त परिमाणमा रसभरी पाउन नै गाह्रो पर्छ। यदि अनन्त परिमाणमा रसभरी पाए तापनि त्यो राख्ने उसको पेट त सीमित नै हो । यो सीमित पेटलाई असीमित बनाउन वैज्ञानिकहरूद्वारा पनि संभव हुने होइन । अत: इन्द्रियवाट उत्पन्न हुने सुख केवल क्षणिक र सीमित मात्रै होइन अपितु निरन्तर त्यसको पछि लाग्यो भने र मात्रा भन्दा बढी भयो भने यसले देह र मनमा विभिन्न विकारहरू उत्पन्न गरी अशान्ति सृजना गर्दछ । इन्द्रिय सुखभन्दा बौद्धिक र मानसिक सुख लाखौं गुना ठूलो हो तापनि यसले मात्र मानिसको अनन्त सुख पाउने इच्छालाई पूर्ण गर्न सक्दैन । किताब पढेर, चित्र अंकन गरेर, बौद्धिक वाद-विवाद गरेर, संगीत भजनादि गरेर मानिसलाई सुख त अवश्य नै प्राप्त हुन्छ, तर इन्द्रियको बन्धन या नागपाशलाई काट्न यिनीहरूद्वारा संभव छैन । मनमा एउटा प्रश्न उठ्छ र त्यसको उत्तर पाएपछि व्यक्ति एकछिनको लागि सुखी हुन्छ । तर त्यो सुखलाई पुन: अर्को नयाँ एवं जटिल प्रश्नले आक्रमण गर्छ र ऊ फेरि विषादित् अवस्थामा पुग्छ । यसैगरी बौद्धिक जगत्‌मा पनि तृष्णा लागी नै रहन्छ। जति पढे तापनि त्यति बिर्सिंदै गइन्छ, जति सोच्यो त्यति विचार अल्मलिंदै जान्छ । आखिरीमा मानिसलाई इन्द्रिय संयम, ईश्वरको उपासना र ध्यान-धारणाको आश्रय विना आफूभित्र बलिरहेको असीम शान्तिको तृष्णा मेटिन बिलकुल असंभव छ ।

यो शाश्वत आनन्दको अधिकारी हुनको लागि शारीरिक र मानसिक प्रस्तुतिको आवश्यक छ । शरीर र मनलाई समानान्तर रुपमा स्वस्थ नराखिकन ब्रह्मको आनन्द प्राप्त गर्न संभव छैन । नियमित एवं विशुद्ध आहार-विहार, इन्द्रियनिग्रह, कल्याणमूलक चिन्तन र पवित्र जीवन-यापन नै धर्मको मूल तत्त्व हो ।

मानिस धर्मको आशामा मन्दिर जान्छ, आश्रम धाउँछ, विभिन्न पवित्र तीर्थस्थल भ्रमण गर्छ, शास्त्रपाठ र साधु-महात्माको दर्शन गर्छ, फल-फूल दीप र धूप-बत्तिले मूर्ति अगाडि बसेर उपासना गर्छ। तर जबसम्म उसको हृदय विषयको मलिनतावाट परिष्कृत हुँदैन तवसम्म संसाररूपी समुद्रदेखि पारी जाने चेष्टा वृथा हुनेछ; जवसम्म विषयप्रतिको झुकाव र संशयवाट मुक्त भई उसमा

विवेक, विचार, स्मृति र वैराग्यको आविर्भाव हुँदैन तवसम्म ऊ जीवनको अन्तर यात्रामा अगाडि बढ्न सक्दैन, उसमा आध्यात्मिक ज्ञानको ढोका खुल्न संभव हुँदैन । जुन व्यक्ति विभिन्न कामनाहरू लिएर मन्दिर धाउँछ, विभिन्न देवदेवीको पूजा गर्छ, त्यो भक्त होइन । उसलाई स्वार्थी र व्यवसायी मान्नुपर्छ । यसबाट व्यक्तिको आत्मशुद्धि अलिकति पनि हुँदैन । तीर्थ भ्रमण, पूजा-पाठ, याग-यज्ञ आदि जे जति कर्म धर्म-प्रवण मानिसहरूले गर्छन् त्यो सबै आत्मशुद्धिको लागि नै गर्दछन् । आत्मशुद्धि विना विवेक प्रकाशित हुँदैन र विवेक विना धर्मको वास्तविक मर्मलाई बुझ्न सकिदैन । आत्मशुद्धिको साधनामा सँलग्न भएका साधकहरूलाई आफ्नो चित्तलाई कुमार्गमा लाग्न नदिएर सबै इन्द्रिय विषयहरूमा उदासिन भई निरन्तर आफूभित्र ब्रह्मभाव ल्याउने चेष्टा गर्नुपर्दछ । आफूभित्र ब्रह्मभाव जागरित नभएसम्म यथार्थ धर्मको मर्म बुझ्न गाह्रो हुन्छ ।

हरेक व्यक्ति भित्र भएको आध्यात्मिक शरीरलाई स्वस्थ र बलिष्ट पार्नको लागि उसलाई ध्यान, धारणा, एकाग्रता आदि आध्यात्मिक साधनाको नै आवश्यकता पर्दछ । आध्यात्मिक शरीर पुष्टि गर्नको लागि आध्यात्मिक खाद्य नै चाहिन्छ । धर्मीय आचरणको माध्यमबाट व्यक्तिले आध्यात्मिक खाद्य संग्रह गर्न सक्छ ।

धारणा, ध्यान, योगादिद्वारा परमात्माको असीम आनन्दमा मनलाई विलीन गर्नु नै धर्मको मुख्य उद्देश्य हो । तर विविध क्रिया र कर्मको अनुष्ठान नगरिकन यो एकत्वको अवस्था प्राप्त हुन संभव छैन । त्यसकारण गीतामा उल्लेख गरिएको छ –

आरूरूक्षोर्मुनेर्योगं कर्म कारणमुच्यते ।
योगारूढस्य तस्यैव शमः कारणमुच्यते ॥

अर्थात् जुन व्यक्तिले ब्रह्मको शाश्वत आनन्दरूपी योग प्राप्त गर्न खोज्छ, प्राथमिक अवस्थामा उसलाई निष्काम कर्मको अभ्यास गर्नु पर्दछ । अनि योगको अझै माथिल्लो अवस्थामा पुग्नको लागि साधकलाई निरन्तर मनको संयम अभ्यास गर्नुपर्दछ । वस्तुतः विश्वका सबै धर्मका मूल कारण यी दुई कुरामा नै आधारित छन् – अनासक्तभावद्वारा निष्काम कर्म र ध्यानयोगद्वारा मनको नियन्त्रण ।

इन्द्रियहरूलाई आफ्नो नियन्त्रणमा राखेर कर्मयोगको अभ्यास गरेपछि मनको विचार शुद्ध हुन जान्छ । आत्मशुद्धिको कारणले मन स्वतः शान्त भएर आएपछि साधकले ध्यानको भाव प्राप्त गर्न थाल्दछ । ध्यानले साधकको अन्तः करणमा ईश्वरको अनन्त आनन्दको ढोका खोलिदिन्छ । त्यस अवस्थामा उसको आँखाको अगाडि विश्वको रुप नै परिवर्तित भएर जान्छ । सर्वत्र आनन्दमयी ईश्वरको रुप प्रकाशित हुन थाल्छ । यो अवस्थालाई वेदमा "आनन्दरुपममृतं यद्यद् विभाति" भनी उल्लेख गरिएको छ ।

यो शाश्वत आनन्दको अधिकारी हुनको लागि शारीरिक र मानसिक प्रस्तुतिको आवश्यक छ । शरीर र मनलाई समानान्तर रूपमा स्वस्थ्य नराखिकन ब्रह्मको आनन्द प्राप्त गर्न संभव छैन । नियमित एवं विशुद्ध आहार-विहार, इन्द्रियनिग्रह, कल्याणमूलक चिन्तन र पवित्र जीवन-यापन नै धर्मको मूल तत्त्व हो । सदाचार र विचारहीन अपवित्र व्यक्ति हजारौं मन्दिर धाए तापनि, हजारौं तीर्थस्थल घुमे तापनि ऊ धर्मको शाश्वत तत्त्व बुझ्ने अधिकारी बन्दैन । उच्च विचार प्राप्त गर्न

सत्सङ्गको नितान्त आवश्यकता छ । सज्जन र ज्ञानी व्यक्तिहरूको संगतले, गुरु-महात्मा एवं अन्य पूजनीय व्यक्तिहरूको सेवाको प्रभावले र उहाँहरूको जीवन-पद्धति र आदर्शलाई अनुसरण गर्नाले साधकको हृदयमा सजिलैसँग उच्च विचार जागरित भएर आउँछ । परमात्माले मानिसको जीवन आध्यात्मिक साधनाको निमित्त सृजना गर्नुभएको हो । यस्तो अमूल्य जीवन पाएर पनि आहार, निद्रा, भय, मैथुन आदि सहजात वृत्तिको क्षुद्र कुवामा डुबेर पशुवत् जीवन बिताउनु महापाप हो । अतः समय छँदा छँदै धनी-गरीब, शिक्षित-अशिक्षित हरेक व्यक्तिलाई आफ्नो शक्ति र सामर्थ्य बमोजिम परमात्माको शाश्वत बाटोमा लागिहाल्नु पर्छ ।

धर्मका बाटा असंख्य छन् । हरेक व्यक्तिले आफ्नो संस्कार र प्रवृत्ति बमोजिम आफूलाई मनपर्दो र सुहाउँदो बाटो रोज्न पाउँछ । यसमा कसैले कसैलाई घृणा, गर्ने, उपेक्षा गर्ने या सानो सम्झेर अवहेलना गर्ने कारण केही पनि छैन । हिन्दू होस् या बौद्ध, क्रिष्चियन होस् या मुसलमान, यहुदी होस् या फारसी सबैको मूल लक्ष्य एउटै हो । त्यो हो शाश्वत शान्ति र आनन्दको प्राप्तिका हरेक धर्मिष्ठ व्यक्तिले आफ्नो धर्ममा स्थित भई यो उदार ब्रह्म धर्मलाई अनुभव गर्न अघि बढ्नु पर्दछ । धर्मको मूल आधार उदारता हो भने मुख्य शत्रु हो-घृणा । संसारमा हरेक जीवभित्र एक ब्रह्मको नै अस्तित्त्व छ भने फेरि त्यहाँ घृणाको ठाउँ कहाँ छ ? उपनिषद्‌मा पुनः पुनः संसारका हरेक वस्तुलाई ब्रह्मभावले हेर्ने, प्रत्येक तत्त्वमा ईश्वरलाई चिन्तन गर्ने उपदेश दिइएको छ । हरेक भूत-भूतमा, प्रत्येक प्राणी-प्राणीमा परमात्मा छ भनी अविच्छिन्न रूपमा चिन्तन गर्दा–गर्दा आफूभित्र भएको ईश्वर जागरित भएर आउँछ र साधक मुक्तिको शिखरतर्फ अग्रसर हुँदै जान्छ । सनातन धर्मको सार पनि यही नै हो ।

अस्तु ।

वेद वाणी

हे देव ! हामीले ईश्वरको उपासना गर्दै कर्णद्वारा श्रवणीय शब्दहरू सुन्न पाऔं, आँखाद्वारा कल्याणमय दृश्यहरू हेर्न पाऔं तथा निरोग एवं बलियो शरीरको अङ्ग-प्रत्यङ्गद्वारा भगवत् उपासना गर्दै भगवान्‌ले नै कल्याणार्थ दिएको आयुको सदुपयोग गरौं । प्राचीन कालदेखि प्रसिद्धि पाएका देवराज इन्द्रले हामीलाई स्वस्ति प्रदान गरून् । विश्वका हरेक कुराका ज्ञाता भगवान् पूषाले हाम्रो कल्याण गरून् । बाधा विघ्ननाशक गरुडदेवले शान्ति प्रदान गरून् । देव गुरु बृहस्पतिले हाम्रो कल्याण गरून् । हामीले आध्यात्मिक आधिदैविक र आधिभौतिक तापबाट शान्ति पाऔं ।

हिन्दू धर्म : विश्व धर्म

"हिन्दू धर्म त्यस्तो धर्म हो जसले अरुलाई तल पार्दैन वरु सम्मान गर्छ । एउटा हिन्दू घरमा जति स्वतन्त्रता अरु धर्मका घरमा पाइँदैन । हिन्दूका एउटै घरमा शैव, वैष्णव, शाक्त मान्नेका साथसाथै अरु धर्म मान्नेहरू पनि रहन सक्छन् तर अरु धर्ममा यो संभव हुँदैन ।"

मुंशी प्रेमचन्द्र

शिक्षा

महाकवि लक्ष्मीप्रसाद देवकोटा



✡ मलाई शिक्षा भनेको त्यस्तो केही कुरा हुनुपर्दछ जस्तो लाग्दछ जसले किसानको आदत लेओस्, माटो खनोस्, मलिलो बनाओस्। जमीन तयार गरोस् तर प्रकृतिलाई सहायता दिनका निमित्त मात्र, बीउलाई खुल्ला हावा र उज्यालो दिनका निमित्त मात्र, विरुवालाई स्वर्गको किरणबाट पोषण लिने मौका दिनका निमित्त मात्र ।

✡ शिक्षा जञ्जीर नहोस्, सिक्री नहोस्, नहोस् ऐठन; होस् प्राकृत विकासलाई सहायता दिने प्राकृत उपाय। साङ्ग्रो गराओस, तर हठ सिद्धान्ती नबनोस् र चारौंतर्फ देखाओस्। अवश्य अनन्त नियमहरूको होश दिलाओस् तर संकुचित वन्धनले नजेलोस्।

✡ शिक्षाले आत्मालाई बाधा नबनाओस् तर प्रकृतिका र जीवनका क्षेत्रमा स्वतन्त्रतान्वेषक बनाओस् । हाम्रा सबै शक्तिको प्राकृत विकास गरोस् र अर्द्धविकसित अवस्थामा राखेर हामीलाई साङ्ग्रो कट्टर नबनाओस्। पूर्णतातिर लैजान यसको ध्येय होस् । भित्रवाट प्रकाशका निमित्त ठाउँ खोजिरहेका शक्तिहरूलाई यसले प्राकृत मार्ग दिन सकोस्।

✡ स्वदेशी भावहरू हामीबाट निक्लँदैन। हामी हिन्दू जातिलाई हेप्तछौं । तान्ने किसिमका जान्ने हुन चाहन्छौं। संकीर्णता, विकीर्णता नै शिक्षा हो । जीवनबाट दूर गराउनु विद्यालयको क्रम छ। हामीलाई के चाहिएको छ, त्यो बुझ्ने थोरै छन्। प्रकृतिहरूको संस्कारशील पोषण पाइन्न । मगज बिग्रिन्छ जस्तो चर्कुल्लो पिपिले गानको मधुर आत्मा प्रतिभाशाली व्यक्तिहरू मूर्ख बनाउने प्रमाणलाई शिक्षा नाम दिइएको छ । यहाँ गर्व, अहंकार, मद, मात्सर्य, म्लेच्छता, शक्तिप्रेम, हिंसात्मक प्रवृत्तिहरू र असत्यको हर एक किसिमका तत्त्वकला अक्षरहरूद्वारा उचित तवरले पढाइन्छन् । तब ज्ञान मगजमा बस्तछ,, हृदय रित्तो बन्दछ र झिलिमिली चतुरताको सिंगार पाएको खप्परे सुगा झैं दोहोरावटमा आत्मशयन राखेर खोक्रो बोली बोलने सोखमा फुर्फुरिन्छ।

✡ पन्ध्र वर्षको बोध चिच्याहट पाई पढ्दै नपढूँ जस्तो लाग्नु आधुनिक शिक्षाको लक्षण हो । कति सस्तो सन्तोषले हामी बी.ए. एम.ए. हुनासाथ किताव पन्साउँदछौं। मुख्य काम छ रोटी कमाउनु, नौनी लगाउनु ।

✡ शिक्षा म त्यसलाई भन्दछु, जसले

मानिसलाई पूरा मानिस बनाउँछ, जसले जीवनको अल्पतामा दृष्टि राखेर समयको हिसाब उपयोग गर्न सिकाउँछ र सबभन्दा उत्तर मानवोपकारी क्रियाहरूमा जसले सबै मानसिक र शारीरिक शक्तिहरूलाई बचाउने तवरले मिलापसँग संवर्द्धन दिन्छ; जसले मानवात्मालाई आफ्नो भित्री शक्ति र सूक्ष्मातिसूक्ष्म भावनाहरूमा सचेत गराउँछ, जसले सत्यको पथमा मनुष्यको अनन्त शक्ति पत्ता लगाई विकासशील क्रमहरूद्वारा प्रकाशनशील बनाउँछ, र बढ्दो शक्तिको साथ त्यस्तो अमीर चैतन्यको विकास गराउँछ, जसले हितकारिताको सामर्थ्यदायी नै आत्मबलको गौरव सम्झन्छ जसले प्राकृत आभ्यन्तरिक उद्‌गारमा साम्य, सौन्दर्य र सत्याभास दिन्छ र हरहमेशा जागरित राख्छ, विश्वास उत्पादन गर्दछ र विश्वासका अमर नियमहरूद्वारा स्वर्ग र ईश्वरको चेत खँदिलो बनाउँछ, जसले मानवताको आह्वान आत्मालाई कसरविना उचालेर प्रत्युत्तरदायी बनाउँछ । मैले त्यसै बेला सम्झें पढ्नुको गफलत । हामी कति अनुवाद बन्दा रहेछौं । उल्था हुनु हाम्रो शिक्षाको किताब बनिरहेको थियो । हाम्रो विश्वासमा भुकम्प लगाउनु हामी शिक्षा भन्दथ्यौं । हामी स्वदेशी मोलतोलबाट बञ्चित थियौं । हामी साहित्यलाई धर्म र जीवनबाट अलग सम्झन्थ्यौं । हामी साधारण र अनपढलाई घृणा गर्दथ्यौं । हामी आर्य विचारका आदतहरूबाट टाढा रहेका थियौं र तैपनि हामी अज्ञातको कान ठाडो गरेर जनतालाई चश्मा झल्काएर रवाफ देखाउँथ्यौं । हामी मानौं करका प्रवृत्ति थियौं, स्वदेशी स्वतन्त्रता गुमाइरहेका थियौं । हामी आफ्नो भाषाको अवहेलना गर्दथ्यौं ।

"मैले त्यसबेला साँच्चीकै शिक्षा सुरु गरें, जब मैले कलेज छाडेर जीवन देख्न लागें । तब मैले बुझें कि विश्वविद्यालयका खोस्टामा शिक्षा रहेनछ । पंडित भनेका ती हुँदा रहेछन्, जो जीवनको जादूको सट्टा किताबको यान्त्रिकता साट्ता रहेछन्, जो स्वजातिलाई विदेशी ढङ्गमा हाल्न चाहँदा रहेछन्, र आँखा छोपेर सुधार गर्न चाँहदा रहेछन् । पढ्नुमा खालि विदेशी जानी बुझ्नु रहेछ, खालि उल्थाउनु र उल्था हुनु ।"

✡ ✡ ✡

प्रस्तुती : आरुणि

श्रोत : लक्ष्मी निबन्ध सग्रह

गुरु

कोठाभित्रबाट आकाशलाई हेर्न जसरी झ्यालको आवश्यकता हुन्छ त्यसैगरी संसारको कारागार बाट ईश्वरको दुनियाँ हेर्नको लागि गुरुरूपी झ्यालको आवश्यकता हुन्छ । यसै कारणले प्राचीनकालदेखिनै मर्यादाका साथमा गुरुलाई ब्रह्मा, विष्णु, महेश्वरसँग तुलना गर्दै आइरहेका छौं । गोस्वामी तुलसीदासले यतिसम्म भन्नु भएको छ कि "यदि मेरो अगाडि भगवान् र गुरु सँगै आउनु भयो भने म पहिला त गुरुलाई नै प्रणाम गर्छु ।" किनभने गुरुको अनुकम्पाले नै मैले भगवान्लाई चिन्न सक्ने भएँ ।

— स्वामी चन्देरा

आयुर्वेद–विज्ञान

अनेकौं रोगको ओखती "शिलाजित"

डा. श्याममणि अधिकारी

शिलाजित एक बहुगणकारी प्रसिद्ध औषधि हो । यो पहाड वा पहराभित्रबाट रसाएर निस्कने हुनाले यसलाई संस्कृतमा शिलाजतु, शैलनियाँस, शैलेय, गिरिज, अश्वत्थ आदि नाम दिइएको पाइन्छ । यो ग्रीष्म ऋतुमा वा जेठ-असार महिनामा चर्को घामले गर्दा पहाड-पहराभित्रबाट पग्लेर निस्कने हुँदा यसमा विभिन्न खनिज तत्त्वहरू समेत मिसिएका हुन्छन् । त्यसमाथि यसरी रसाएर निस्केको शिलाजित पहरा बाहिर आएर जम्मा हुने ठाउँमा ढुंगा-माटो, पात-पतिंगर, बाँदरको दिसा आदि समेत मिसिएको हुन सक्ने हुँदा राम्रोसँग शोधन गरेर मात्र प्रयोग गर्नुपर्छ ।

शिलाजित शोधनको लागि शिलाजित र त्यसको ३-४ गुना पानी अटाउने खालको फराकिलो मुख भएको फलामको कराही र पन्यू चाहिन्छ । प्रथमत: शिलाजितमा मिसिएका ढुंगा-माटो, पात-पतिङ्गर आदि अन्य वस्तुहरूबाट शिलाजितलाई अलग गर्नको लागि एउटा ठूलो भाँडोमा शिलाजित र ३-४ गुना पानी मिसाई हातले मिचिमिचिकन वा पन्यूले बेसरी घोलेर एकैछिन थिग्रन दिनुपर्छ । त्यसपछि पिंधको फोहोर छोडेर माथिको पानीजति कपडाले राम्ररी छानेर अर्को भाँडोमा राख्नुपर्छ । यसरी घोलेर छानेर आएको पानीलाई माथि बताएजस्तो फराकिलो मुख भएको फलामको कराहीमा राखी घाममा राख्नुपर्छ । जब माथिल्लो सतहमा दूध तर् लागेजस्तो गरी


शिलाजित

शिलाजितको बाक्लो लेदो (तर्) जम्मा हुन्छ र पिंधमा फोहोर एकत्रित हुन्छ, त्यसपछि लेदोजस्तो शिलाजितको माथिल्लो भागलाई त्यस्तै फराकिलो मुख भएको अर्को कराहीमा पानी घोलेर पुन: घाममा राख्नुपर्छ । यस प्रकारले पिंधमा फोहोर जम्मा हुँदासम्म सामान्यत: ३-४ पटक अर्को भाँडोमा सार्दै घाममा राख्दै रहनुपर्छ र अन्त्यमा पानीमाथि तैरेको शिलाजित लिनुपर्छ । साथै पिंधमा जमेको फोहोर र पानीमा बचेको शिलाजितको अंश पनि पुन: घोलेर घाममा राखी त्यसरी नै तर् लाग्न दिएर वा पानीलाई उमाली सुक्न लागेपछि शिलाजित लिन सकिन्छ । तर घाममा तर् लाग्न दिएर प्राप्त गरेको "सूर्यतापी" शिलाजित बढी गुणकारी हुन्छ । यसरी अशुद्धिहरू हटाएपछि शरीरको लागि हानिकारक दोषहरू पनि हटाई अझ गुणकारी तथा खान योग्य बनाउन दूध, त्रिफलाक्वाथ वा भृंगराजको रसमा घोलेर पुन: तर् लाग्न दिई अथवा

रोगानुसार पुनः दूध, त्रिफलाक्वाथ एक भृंगराज स्वरससँग मिसाई खलमा घोटेर शिलाजित शोधन गर्ने विधान छ।

शिलाजित गोमूत्रगन्धी र कपूरगन्धी गरी २ प्रकारको तथा सुवर्णशिलाजित (रातो), रजत-शिलाजित (सेतो), ताम्रशिलाजित (नीलो) र लोहशिलाजित (कालो) गरी ४ प्रकारको भए तापनि यहाँ आजकाल बढी सुलभ, प्रचलित तथा सबैभन्दा उपयोगी गोमूत्रगन्धी लोहशिलाजितको बारेमा वर्णन गरिनछ। रासायनिक परीक्षण गर्दा स्रोत अनुसार शिलाजितमा पाइने घटकहरूमा केही न्यूनाधिकता भए पनि सामान्यः शुद्ध शिलाजितमा आर्द्रताको अतिरिक्त बेन्जोइक एसिड, हिप्यूरिक एसिड, फेट्टि एसिड, एल्बुमिनाइड्स, गमरेजिन, नाइट्रोजन, फलाम, पोटाश, चुना, सल्फ्यूरिक एसिड आदि जैविक एवं खनिज तत्त्वहरू पाइने हुनाले शिलाजित वानस्पतिक वा जैविक र अजैविक खनिज तत्त्वहरूको सम्मिश्रणयुक्त औषधि-द्रव्य मानिन्छ।

राम्रोसँग शुद्ध नगरेको वा अलकत्रा, गोबर, ध्वाँसो, गोमूत्र आदि मिसाएको नक्कली शिलाजितको सेवनले लाभको बदला हानि गर्नसक्ने भएकाले सक्कली वा नक्कली छुट्याउने उपायहरूको जानकारी हुनु आवश्यक हुन्छ। शुद्ध शिलाजित गोमूत्रको जस्तो गन्ध भएको, केही तीतो-टर्रो, कालो रंगको चमकयुक्त (तथा सामान्यः लेदो अवस्थामा) हुन्छ। एक ग्लासमा चिसोपानी लिएर त्यसमा थोरै शिलाजित राख्दा नफैलिकन तर्जस्तो भएर पिंधमा जम्मा हुन्छ। आगोमा अलिकति शुद्ध शिलाजित राख्दा धूवाँ आउँदैन र लिंगाकार भई उठ्छ।

शिलाजित बाह्य प्रयोगमा किटाणुनाशक तथा वेदनानाशक भएकाले घाउ, चोटपटक, सड्केको-मर्केको आदिमा लगाउँदा (घाउ भए राम्ररी सफा गरी) घाउ सञ्चो गराउन र दुःखेको कम गराउन साह्रै उपयोगी हुन्छ।

शुद्ध शिलाजित खासगरी मूत्र र शुक्रधातु सम्बन्धी रोगहरू, पाण्डु (रक्ताल्पता), कामला (जण्डिस), शोथ (सुन्निने रोग), रक्तविकार, चर्मरोग, मानसिक रोग, वाथरोग तथा श्वास-प्रश्वास सम्बन्धी जीर्ण रोगहरूमा बढी उपयोग गरिन्छ।

शुद्ध शिलाजित लगाउनभन्दा खानमा बढी प्रयोग गरिन्छ। शिलाजित स्वादमा तीतो-टर्रो र केही नुनिलो मिसिए जस्तो, तथा तीक्ष्ण गोमूत्रगन्धी हुनाले त्यत्तिकै खान धेरैलाई मन पर्दैन, त्यसैले आजकाल बजारमा शिलाजितको क्याप्सुल वा अरु औषधि द्रव्य मिसाई गोलीको रूपमा बनाएको पनि पाइन्छ। रोगको अवस्था र रोगीको उमेर अवस्था आदि अनुसार एक पटकमा २ सय ५० मि.ग्रा. देखि १९, २० ग्रामसम्मको मात्रामा शुद्ध शिलाजित दिनमा २ पटक रोग अनुसारको अनुपातसँग खान सकिन्छ। यसको असर सामान्यतः १ देखि ७ हप्तासम्म प्रयोग गर्दा राम्रोसँग अनुभव हुन्छ। उचित योग र अनुपात मिलाएर मात्रा, पथ-परहेज, खाने समय आदि चिकित्सकको सल्लाह अनुसार गरी विधिपूर्वक सेवन गरेमा शिलाजितले प्रायः सबैजसो रोगहरूमा राम्रो फाइदा दिनुको साथै स्वस्थ व्यक्तिमा पनि रोग प्रतिरोधक क्षमता बढाउन र स्वास्थ्य सम्बर्द्धन गर्न मद्दत पुर्‍याउँछ।

शुद्ध शिलाजित खासगरी मूत्र र शुक्रधातु सम्बन्धी रोगहरू, पाण्डु (रक्ताल्पता), कमला (जण्डिस), शोथ (सुन्निने रोग), रक्तविकार, चर्मरोग, मानसिक रोग, वाथरोग तथा श्वास-प्रश्वास सम्बन्धी जीर्ण रोगहरूमा बढी उपयोग गरिन्छ। साथै शुद्ध

शिलाजितबाट चन्द्रप्रभावटी, शीतरस, शिलाजित वटी, शिलाजतवादि लौह, आरोग्यबर्धिनी वटी लगायत विभिन्न सिद्ध फलदायी औषधिहरू पनि बनाइन्छन्। वातारक्त जस्तो (गाउट वा यूरिक एसिड् बढ्ने) रोगमा पंचकर्म गरेर गुर्जोको रस वा गुड्चीसत्त्वसँग मिसाएर लामो समयसम्म शुद्ध शिलाजित सेवन गर्दा राम्रो फाइदा गरेको पाइन्छ।

प्रमेह, मधुमेह, पिसाब पोल्ने, मूत्राघात, पत्थरी, पाण्डु, कमला, अम्लपित्त, उदरशूल, गुल्मअर्श, सामान्य मानसिक रोग, स्वप्नदोष, लिंगशिथिलता, शुक्रदोष, श्वेतप्रदर लगायतका महिलाहरूको योनि एवं गर्भाशयगत केही रोग, ज्यादा मोटाउने, कपाल फुल्ने, कपाल झर्ने, चाँडै बूढोजस्तो देखिने, सधैं कमजोरी भइरहने आदि अवस्थामा शुद्ध शिलाजित उपयोगी भए तापनि यसको सेवन के सँग, कुन कुन बेला, कति मात्रामा, कति पटक गर्ने र अरु आहार-विहार सम्बन्धी के-कस्तो नियम पालन गर्नुपर्छ भन्ने बारेमा सधैं सबैको लागि एउटै निश्चित विधि वा नियम हुँदैन। अतः अरु औषधि सेवन गर्नुअघि जस्तै शिलाजित सेवन गर्नुअघि पनि आफ्नो रोग र अवस्था सम्बन्धमा स्पष्ट भई यस सम्बन्धी ज्ञान भएका अनुभवी व्यक्ति वा चिकित्सकसँग सल्लाह गरेर सेवन गरेमा फाइदा भए-नभएको अनुभव आफैंले पनि गर्न सकिन्छ। शिलाजित सेवन गर्नुअघि वमन-विरेचन आदिद्वारा शरीर शुद्ध गरेमा बढी लाभदायक हुन्छ।

निरोगी व्यक्तिले बिहान सूर्योदय हुनासाथ आफ्नो शरीरको प्रकृति अनुसार दूध, मह, चिसोपानी वा मनतातो पानीसँग आधादेखि एक ग्रामसम्म मात्रामा सूर्यतापी शिलाजित सेवन गर्नु स्वास्थ्य सम्बर्द्धनको निम्ति हितकर हुन्छ। आयुर्वेदमा शिलाजितको भस्म बनाएर तथा सत्त्व निकालेर पनि विभिन्न अवस्थामा प्रयोग गर्ने गरिन्छ।

जीवक वैद्य

विश्व विख्यात जीवक वैद्यले आयुर्वेद तथा शैल्यकरण (Surgery) विद्यामा विशेष प्रतिभा र पारदर्शीता प्राप्त गर्नु भएको थियो। कथित छ कि, दीर्घकाल अध्ययन पश्चात् जीवकले आफ्नो गुरुलाई सोधेछन् —"गुरुदेव ! अब म कहिले वैद्य बनुँला ?" गुरुले एउटा कुटो उसको हातमा दिएर भन्नु भएछ कि —"तिमीले चार कोस परिक्रमा गर र त्यस भित्र औषधिको लागि कुनै काममा नआउने रुख, बिरुवाहरू खोजेर ल्याऊ ! यदि ल्याउन सक्यौ भने तिमीले वैद्यको दर्जा पाउने छौ।" जीवकले पनि हस् भनेर बहुत कष्ट सहेर खोज्न थाले। परन्तु चारकोस भ्रमण पूरा गर्दा पनि कहिं पाउन नसकी खिन्न अनुहार लिएर जीवक फर्केछन् र गुरुलाई बिन्ति चढाएछन् —"गुरुदेव ! मैले काम नलाग्ने बोट, बिरुवा त कहिं पनि भेट्टाउने सकिन !" प्रफुल्लता साथ हाँस्दै गुरुले भन्नु भयो —"जीवक अब तिम्रो विद्या पूर्ण भयो। लौ आजैदेखि तिमीलाई वैद्यको उपाधि प्राप्त भयो" भनी घरतिर पठाउनु भयो।

"प्रसाद" पुस्तकबाट

वैदिक उद्‌बोधन (VEDIC REALISATION) पत्रिकाको आजीवन सदस्यहरुको नामावली

१.	श्रीमती शकुन्तला पौडेल	– धुम्वाराही, चक्रपथ, काठमाडौं ।
२.	श्री कल्याण नाथ शर्मा	– पाटन, ललितपुर
३.	श्री शिवराम पौडेल	– सिस्नेरी, ललितपुर
४.	श्रीमती कपिला अधिकारी	– कमलपोखरी, काठमाडौं
५.	श्री शंकरप्रसाद पौडेल	– भीमसेनगोला, वानेश्वर, काठमाडौं
६.	श्रीमती अम्विका शर्मा भण्डारी	– जाउलाखेल, ल.पु.
७.	श्री कमलकृष्ण ताम्राकार	– प्रधान कार्यालय, ने.वै.लि.
८.	नेपाल वित्तिय संस्था कर्मचारी संघ केन्द्रीय समिति (संस्थागत)	– ने.बैं.लि., भूगोलपार्क काठमाडौं
९.	श्री अरुण कुमार केडिया	– गोदारी मार्वल इण्डष्ट्रिज प्रा.लि.– कमलपोखरी, काठमाडौं
१०.	श्री नारायण हाडा	– भक्तपुर
११.	श्रीमती चन्द्रा थापा	– सामाखुशी, काठमाडौं
१२.	श्रीमती सुमित्रा शाही	– गैह्रीधारा, काठमाडौं
१३.	श्री रामबहादुर खड्का	– जावलाखेल, ललितपुर
१४.	श्री ऋषभदेव भट्टराई	– जावलाखेल, ललितपुर
१५.	श्री शशीन्द्र केशरी पौडेल	– जावलाखेल, ललितपुर
१६.	श्री प्रदीप सुवेदी (इशान स्टोर)	– इमाडोल, ललितपुर
१७.	श्रीमती सविता भट्टराई	– कोटेश्वर, काठमाडौं
१८.	श्री दिपक रिमाल	– तफालोल्हँ, जावलाखेल
१९.	श्रीमती माधवी नेपाल	– डिल्लीवजार, काठमाडौं
२०.	श्रीमती वैदेही वराल	– चावहिल, काठमाडौं
२१.	श्री हरिप्रसाद पौडेल	– इमाडोल, ललितपुर
२२.	श्री श्यामबहादुर पाण्डे	– जावलाखेल ललितपुर
२३.	श्री मोहन ढकाल	– जावलाखेल ललितपुर
२४.	श्री हेमन्त पराजुली	– वानेश्वर, काठमाडौं
२५.	श्री कृष्णप्रसाद नेमकूल चश्माघर	– तफालोल्हँ, जावलाखेल
२६.	ॐ सत्संग परिवार(संस्थागत	– जावलाखेल, ललितपुर
२७.	सुश्री आवु राणा	– महाराजगंज, काठमाडौं
२८.	श्री केशव प्रसाद रिसाल	– जावलाखेल, ललितपुर
२९.	श्रीमती मीरा शर्मा	– बत्तिसपुतली, काठमाडौं
३०.	श्रीमती सीता शर्मा	– बत्तिसपुतली, काठमाडौं
३१.	श्रीमती शशी थापा	– तीनकुने, कोटेश्वर, काठमाडौं

ॐ

"We love you to love your Pooja"
The Idols statues, Yantras
All your Items of the
"Pooja" .... Your Deep regards & Service
To the almighty.
Total Protection Against Theft. Burglary, Tresspassing etc...
Plus Fire & special Jobs. Kindly oblige us by your enquiries.

LIGHTMEN CLOLLABORATE

Tripureswore ka-1/11 P.Box No. 4461 Phone: 2-25332 Kathmandu, Nepal.

ॐ

WITH BEST COMPLIMENTS FROM

RAKSHYA TRAVELS & TOURS (P.) LTD.

P.O.Box : 6137, Kamaladi, Kathmandu, Nepal.
Tel. 412871 (Off.), Fax : 977-1-412871

यतो धर्मास्तयो जयः ।

श्रीकृष्ण जन्माष्टमीको
पुनीत अवसरमा ग्राहक वर्ग एवं समस्त देशवासीहरूमा
हार्दिक मंगलमय
शुभ–कामना ब्यक्त गर्दछौं ।

Famous KTH (Rental Service)
फेमस काठमाडौं टेन्ट हाउस
त्रिपुरेश्वर, टेकु, (मिलन मार्ग) काठमाडौं,
फो.नं. २४४७४६, २४५६९१

नेपालदेशीय महात्मा–९

श्री १०८ हैडियाखानी बाबा

सम्माननीय डा. स्वामी प्रपन्नाचार्य

श्री हैडाखानवाले बाबा

स्वर्गका पावन धरती नेपालमा अनेक सिद्ध महापुरुषहरूले अवतरित भएर लीला गरेका छन्। त्यसमा पनि महासिद्धहरूको अर्कै स्थान छ। महासिद्धहरूको विभूति स्वरूप लीलाहरू पनि अलौकिकै हुन्छन्। पृथिवीको स्वर्ग नेपालले पश्चिमी देशहरूलाई पनि अध्यात्म ज्योत्स्नाको लवलेश मात्र भए पनि अनुभव गराएको छ। यसमा सन्देह छैन। यस्ता धेरै सिद्धहरू नेपालमा नै जन्मे तापनि आफ्नै राष्ट्र, देश वा जन्मभूमिमा भने एक महान् वृक्ष भएर फुलेर फल्नु सकेको भने देख्न वा सुन्न

पाइएन। यसैले कता कता चिसो लाग्नु स्वाभाविकै कुरा हो।

स्वयं भारतका स्वामी विवेकानन्द मद्रासबाट अमेरिका पुगेपछि मात्र भारतले चिन्न थालेको हो । तथापि भारतमा पनि अनेक सिद्ध महापुरुषहरू भए। शङ्कर, रामानुज, निम्वार्क, आदि दार्शनिक तथा रामकृष्ण परमहंस, भूरेबावा ज्योतिमुनि तैलङ्गस्वामी, भृगुराम ब्रह्मचारी तथा विशुद्धानन्द परमहंस आदि महापुरुषहरू प्रख्यात भए भने नेपाल भूमिमा याज्ञवल्क्य, बुद्ध, आनन्द, शशिधर, ज्ञानदिल, स्वामी सोमेश्वरानन्द, स्वर्गद्वारी महाप्रभु हंसानन्द, हेडाखानी बाबा आदि अनेक विभूतिहरूको जन्मभूमि र लीलाभूमि भएको छ नेपाल।

यी उपर्युक्त नेपाली महापुरुषहरूमध्ये अन्तिम हेडाखानी बाबाको बारेमा एउटा सानो झिल्का परिचय दिने प्रयास गरिएको छ। किन भने हेडखानी बाबा जस्ता महासिद्ध महापुरुषलाई नेपालले जन्म दिएर स्वयं नेपालले मेरो छोरा हो भनेर नचिन्नु कति दुःखको कुरा हो ? कति कति हास्यास्पद कुरा हो ? आज सम्म हेडाखानी बाबाको बारेमा कुनै पनि नेपाली परिचित छैनन्। यदि एक दुइ जना परिचित छन् भने पनि हेडाखानी बाबा नेपाली हुन् भन्ने इतिहास थाहा छैन। त्यसैले यसै विषयको लागि यो लेख सानो रूपमा भए पनि उपक्रम गरिएको छ।

सर्वप्रथम हेडाखानी बाबाको बारेमा केही भन्नु भन्दा पूर्व 'हेडाखानी' कै बारेमा केही भन्नु उपयुक्त होला। उत्तराखण्डका साना ठूला सबै राज्यहरूमा कुमाऊ (कूर्माचल) सबै भन्दा सानो राज्य हो। परन्तु प्राकृतिक सौन्दर्यले गर्दा अत्यन्त रमणीक र दर्शनीय राज्य हो। त्यसै पनि प्राचीन इतिहास र भूगोललाई हेर्दा कुमाऊमा कत्यूरी किरातहरूको राज्य थियो र हिमालयको पाँचखण्ड मध्ये चौथो मानस खण्डमा कुमाऊको नाम आउँछ। जस्तै काश्मीरलाई नीलमतखण्ड, हिमाचल प्रदेशलाई जालन्धरखण्ड, गढवाललाई केदारखण्ड, कुमाऊलाई मानसखण्ड, नेपाललाई हिमवत्खण्ड भनेर प्राचीन इतिहासमा भौगोलिक विभाजन गरिएको छ। यसै मानसखण्ड कुमाऊमा तीन जिल्ला छन्। जसमा जिल्ला नैनीताल, जिल्ला अलमोडा, जिल्ला पिथोरागढ। यी जिल्लाहरू मध्ये जिल्ला नैनीतालको छेउमैं भीमताल र चैखुरियाताल छन्। यस पछि कुमाऊको एउटा सानो कैलास पर्वत नामको चुचुरा भएको पहाड आउँछ। त्यसै कैलास पहाडको फेंदीमा 'हेडखान' भन्ने सानो गाँउ छ। यो शब्द हर्राबाट हेडा बनेको हो। हर्रा, वर्रा आवला आयुर्वेदका प्रसिद्ध औषधि हुन्। त्यस गाँउमा तथा आसपासका जङ्गलमा हर्रा धेरै पाइने भएको हुनाले यस गाउँको नाम 'हर्राखान' बाट 'हेडाखान' भएको हो। यो पहाडी गाव हो। साथै दुर्गम पनि थियो। ऐले भन्न सकिन्न। यसै गाउँलाई छुएर एउटा सानो खोला बग्छ। हिउदोमा अलि अलि मात्रै पानी रहन्छ। वर्षामा भने वारपार गर्न कठिनै हुन्छ। यस खोला वा नदीको नाम गौतम गङ्गा हो। यद्यपि त्यहाँका जन जिब्रोमा अर्कै नाम छ। तथापि अब गौतम गङ्गा भनेर लेखकहरूले लेखिसकेका छन्। हलदानीबाट हेडाखान जाँदा हेडाखान गाव भन्दा अलि तलै गौतम गङ्गाको किनारैमा देब्रे पट्टि एउटा मानिस बस्न हुने प्राकृतिक गुफा छ। त्यसै

> **हेडखानी बाबा जस्ता महासिद्ध महापुरुषलाई नेपालले जन्म दिएर स्वयं नेपालले मेरो छोरा हो भनेर नचिन्नु कति दुःखको कुरा हो ? कति कति हास्यास्पद कुरा हो ? आज सम्म हेडाखानी बाबाको बारेमा कुनै पनि नेपाली परिचित छैनन् ।**

हेडाखान गुफामा सर्व प्रथम ई.सं. १८०० (वि. सं. १८५७) मा गाव निवासीहरूले महावतार बाबाको दर्शन पाएका थिए । त्यो भन्दा पूर्व महावतार बाबाको नामले प्रसिद्ध थिए । यसै हेडाखानको गुफामा धेरै बर्षसम्म साधनारत भएर बसेको हुनाले हैडाखानी बावाको नामले प्रसिद्ध हुनु भयो ।

अनेक नाम

हैडाखानी बाबाका अनेक नाम छन् जस्तै महावतार बाबा, त्र्यम्वक बाबा, शिवावतार बाबा, साम्बसदाशिव बाबा, महामुनीन्द्र तथा हैडाखान वाले बाबा आदि अनेक नामले कुमाऊ तथा देश विदेशका भक्त तथा बुद्धिजीवीहरूले जान्दछन् । हैडाखान बाबा त्यस वेलाका कुमाऊका मात्र होइन अपितु समग्र भारत वर्षका सर्वश्रेष्ठ सिद्ध महापुरुष थिए । रामकृष्ण परमहंस, तैलङ्ग बाबा, शिवशर्मा सूरि, सोमवारी बाबा, श्यामबाबा आदि ।

लगभग एकै समयमा देखापरेका महापुरुषहरू थिए । यहाँ यद्यपि कुनै महापुरुषलाई होच्याउन अथवा कुनैलाई बढाइ चढाइ गर्न खोजेको होइन । तथापि उनीहरूको आ-आफ्ना समयमा देखा परेका समाज सेवा, धर्म प्रचार, तथा अलौकिक सिद्धिको चमत्कार नै उनीहरूको कांम र प्रमाण भएको छ । कोही मणिमा र महिमा सिद्धिमा थिए भने कोही गरिमा र लघिमा सिद्धिसम्म पुगेका थिए । कोही कोही प्राप्ति र प्राकाम्य सिद्धिसम्म पुगेका थिए । कोही चाहिं ईशित्त्व र वशित्व सिद्धिका मालिक महापुरुषहरू थिए । परन्तु हैडाखान बावालाई आठै प्रकारका सिद्धिहरूले दासी भएर पच्छ्याइराखेका थिए । यस बारेमा भारतको प्रख्यात भाषावैज्ञानिक विद्वान डा. हेमचन्द्र जोशी डी. लिट्को 'मेरे प्यारे भगवान् हैडियाखानी बाबा' भन्ने पुस्तकमा यस बारेमा विस्तृत जानकारी दिइएको छ ।

जन्मभूमि

कतै पनि महात्मा, साधु, सन्त, सिद्ध महापुरुषहरूको जात, जन्मभूमि हुँदैन भन्छन् । परन्तु महावीर, बुद्ध, शङ्कर, रामानुज आदि जस्तै थेलीज, सुकरात, प्लेटो, कनफूसिया, आदिको देश, काल, जन्म भूमि तथा जस्तै हैडियाखान बाबाको पनि देश तथा जन्म समय अवश्य थियो भन्ने बुझिन्छ । स्व. खप्तड बाबा स्वामी सच्चिदानन्द सरस्वतीका कथनानुसार हैडाखानी बाबा पश्चिम नेपाल डोटीका विष्ट ब्राह्मण कुलमा जन्मनु भएको थियो । 'म. ई.सं. १८७० मा अलमोडा जिल्लाको रानीखेत भन्ने ठाउँमा हैडाखान बाबासँग ६ वर्ष सत्सङ्ग गर्दै बसेको हूँ' खप्तड बाबा भन्नु हुन्थ्यो । खप्तड बाबाका कथनानुसार त्यस बेला हैडाखान बाबाको उमेर दुई सय वर्ष नाघिसकेको थियो । किन्तु सर्वशक्तिसम्पन्न सिद्ध महापुरुष हुनु हुन्थ्यो । त्यसैले आयुको पता चल्दैनथ्यो । हैडाखानी बाबा नेपाल डोटीकै थिए भन्ने प्रमाण स्व. पं. उमाकान्त भट्टको वचन पनि प्रमाण छ । उमाकान्त भट्ट भन्नु हुन्थ्यो– "हाम्रो डोटी यस्तो भाग्यमान देश हो, जसमा ठूला ठूला भगवान् महापुरुष र विद्वान्हरू भए । डोटीका विष्ट ब्राह्मण परिवारमा महावतार बाबा – हैडाखान बाबा जस्ता सिद्ध पुरुष भए । रामचन्द्र जोशी (डोट्याल) पं. करुणाकर पनेरु जस्ता विद्वान्हरू पनि डोटी मै भए' उमाकान्त भट्टको स्वर्गवास ९४ वर्षको उमेरमा भएको थियो । उनी विद्वान् मात्रै

महावतार बाबा "हैडाखान बाबा"
(श्री श्रीलाहिडि महाशयका गुरु)

होइन बहुश्रुत पनि थिए । उमाकान्त भट्टले महावतार– हैडाखान बाबाको वंशपरम्पराबाट चल्दै आएको परम्परालाई प्रचार गर्दै आउनु भएको थियो। उमाकान्तजी भन्नु हुन्थ्यो –"हाम्रो डोटीको गौरव परम्परा महावतार – हैडाखान बाबा हो ।"

श्रीचरणाश्रित महेन्द्रले पनि पश्चिम नेपालकै हो भनेर 'श्रीचरणाश्रय' भन्ने पुस्तकमा लेख्नु भएको छ । 'भगवान् श्री हैडाखान वाले बाबा' भन्ने पुस्तकमा लेखक गिरिधारीलाल मिश्र बी.ए. एल. एल.बी. ले हैडाखान बाबाको बारेमा धेरै राम्रो कुरा लेखेका छन्। यसरी नै 'श्रीमहाप्रभु वाणी सङ्ग्रह' उनकै अवतार नवीन हैडाखान बाबालाई सङ्केत गरेर हैडाखान बाबालाई नै लेखेका छन्। योगानन्दजीले पनि 'एक योगीको आत्मकथा' (Autobiography of a Yogi) भन्ने पुस्तकमा महावतार बाबाको बारेमा धेरै लेखेका छन्।

विशेष लीलाक्षेत्र र आश्रम निर्माण :

हैडाखान वाले बाबाले विशेष लीला कूर्माचलको रमणीय भूस्वर्गमा गर्नु भयो । आफ्नो लीलाकालमा जहाँ जहाँ लीला गर्दै बस्नु भयो त्यही आश्रम र कुटिया बने। सर्व प्रथम हैडाखानमा एक शिवमन्दिर र एक धर्मशाला बनाउनु भयो । ई.सं.१८८० मा निर्माण गर्नु भएको थियो। त्यसपछि ज्यादै सुन्दर रानीखेतमा गणदोलिया आश्रम, हल्द्वानीमा कठघरिया आश्रम, नैनीतालमा खुर्पाताल आश्रम, शीतला खेतमा सिद्धाश्रम, अलमोडामा छेदू आश्रम, बनाउनु भयो । उहाँ जुन गुफामा बस्नु हुन्थ्यो ती गुफा हुन् रानीबागमा बाँसुरी गुफा, शीतलाखेतमा सहजा ग्राम गुफा, ऋउणीमा द्वारसी गुफामा रहनु भयो । तिब्बतमा 'ल्हासा आश्रम, तेजममा श्रीब्रह्मचारी आश्रम, हिमालयको निर्जन वनमा नीलम क्षेत्रीय आश्रम, नेपालको राजधानी काठमाडौं बागमती नदीको किनारैमा 'श्री तपस्वी बाबा आश्रम' बनाउनु भयो । परन्तु यस 'तपस्वी बाबा आश्रम' लाई पत्ता लगाउन सकिएको छैन। यसैगरी वृन्दावनमा 'साम्बसदाशिव आश्रम' विशेष उल्लेखनीय छन्। हेडाखान बाबा कुमाऊ र नेपाल गर्दै यी प्रान्तहरूमा पाँच सय वर्षदेखि लीला गर्दै आएको इतिहास जनविश्वासमा छ। एक ठाउँको गुफाको विषयमा प्रश्न गर्दा त्यस गुफामा सबै आसनमा तीन सय वर्षसम्म तपस्या गरेर बसेको कुरा बताउनु भयो । यो हेडाखान बाबाको 'पुण्य स्मृति' भन्ने किताबको दश पृष्ठमा उद्धृत गरेको हो।

हेडाखान बाबाको रहन सहन र वेषभूषा र भाषाको बारेमा पनि अलिकति जानकारी गर्नु आवश्यक देखिन्छ। त्यसैले पाठक वर्गको ज्ञानको लागि यहाँ यसो च्वास्स छ्वाइदै छ । हेडाखान बाबाले एक मिर्जई, कौपीन, र कन्छोपी टोपी लाउनु हुन्थ्यो । कैले कहीं भक्तहरूले शिरमा फेटा पनि गुताइदिन्थे। बाबाले गेरुवा वस्त्र लाउनु भएन ।

हेर्दा एक सामान्य मानिस देखिन्थे। नेपाली डोटीतिरका जस्ता देखिन्थे। बोलचालको भाषामा बोल्दा आधा हिन्दी तथा आधा डोटीतिरका नेपाली बोल्ने गर्थे। त्यसो भएता पनि हेडाखान बाबामा विलक्षण प्रभाव थियो । (पुण्य स्मृति पृ. ११-१२ बाट उद्धृत)

अष्टसिद्धि र चमत्कार

जनसेवा नै राष्ट्रसेवा हो भन्ने उद्देश्य भएका महामुनीन्द्र बाबाले आफ्नो सिद्धि कसैलाई देखाउने प्रयास गर्नु भएन । तथापि अनायासै भक्तहरूले सिद्धिहरूको प्रत्यक्ष दर्शन पाउँथे । कुमाऊको हेडाखान र रानीखेत मै बसीबसी विश्वभ्रमण गर्ने गर्थे । हुन नसक्ने र विश्वास नलाग्ने काम महामुनीन्द्र –हेडाखान बाबाले गरेर देखाउनु भएकै हुनाले डा. हेमचन्द्र जोशीजीले 'मेरे प्यारे भगवान्' भनेर लेखेका छन्। हेमचन्द्र कै श्वसुरा टी.वी.को बिरामीले ५० वर्षको उमेरमा मरेपछि श्मशान घाट लैजान तैयार गरेको बेला बाबा आइपुग्नु भयो र भन्नु भयो 'अहो तिमीहरूले यो मान्छेलाई भोकै राखेका रहेछौ, दूध ल्याऊ' यो



डोटी, नेपाल जन्म स्थल



कुमाऊँ, भारत लीला क्षेत्र

बाबाको वचन सुनेर मर्नेको आमा र श्रीमतीले दूध ल्याइदिए । बाबाले मरेको मुर्दालाई कात्रो उघारेर दूध मुखमा हालिदिनु भयो । मुर्दाको पेटमा दूध पुग्यो । त्यस पछि दाम्ला, डोरी सबै फुकाएर कात्रो उतारे । एक क्षण पछि मुर्दा मान्छे जस्तै उठेर बस्यो । पछि ती मान्छे ७५ वर्षको उमेरमा कालगतिले परलोक भए । सो व्यक्ति थिए– भारत प्रख्यात विद्वान् डा. हेमचन्द्र जोशीका श्वसुरा । नाम थियो पं. धनानन्द जोशी । यस्तै बाबाका परम भक्त ठाकुर गुमानीको एक मात्र छोरा जयसिंह सन्निपातको रोगले मरेकै दिन मुर्दा लैजाने बेलामा बाबा र गुमानी भक्त घर आइपुगे । एक मात्र छोरो मऱ्यो भनेर गुमानी भक्तलाई कुनै चिन्ता थिएन । हेडाखान बाबाले 'यो बच्चालाई तिमीहरूले के गरेको ?' भन्ने वित्तिकै प्राण सञ्चार भएको सबैले देखे । त्यो जयसिंह ज्युँदो भयो । त्यसको शाखा सन्तानसँग लेखकले पनि भेट गरेको छ । त्यसैले बाबाको नाम 'मृत्युञ्जय बाबा' पनि पऱ्यो । काशीपुरको विश्वविख्यात दारासिंह पहलमानले आफ्नो शारीरिक बलको गर्वले बाबालाई बोकेर २० गज जति मात्रै पुऱ्याएको थियो कि आफ्नो शरीरमा चट्टान परे जस्तो लाग्यो । बाबालाई राखी त्यहीं आराम गर्न थाले । त्यस पहलमानको स्थिति सुधनलाई हप्ता दिन लाग्यो । यो गरिमा सिद्धिको चमत्कार थियो । हैडाखान वाले बावा हमेशा यज्ञ गर्दा घृतको सट्टा पानीले हवन गर्ने गर्थे । तर यो सबैले पत्याउने कुरा होइन । रानीखेत निवासी रामदत्तको छोराले कलेजको ईसाई प्रिन्सीपललाई यो कुरा सुनायो । तर ईसाई प्रिन्सीपलले विश्वास गरेन । ईसाईले भन्यो– बाबाले जालसांदी गरेर कतै घिउ तेल लुकाएर राखेको हुनु पर्छ । नत्र आगोमा पानी बल्नै सक्दैन । बाबालाई त के फरक पर्थ्यो र ? परन्तु भक्तजनहरूमा खैलाबैला मच्चियो । त्यसपछि ईसाई प्रिन्सिपलकै घरमा दुई तलामाथि हवन कुण्ड बनाएर बाबाजीले पानीले हवन गर्न सुरु गर्नु भयो । आगोमा पानी हाल्दा स्वाहा गर्दा जो आगोको ज्वाला निक्लन्थ्यो, त्यसलाई देखेर त्यो ईसाई लज्जित भयो ।

साथै घरमा आगो लाग्ने डर भयो र ईसाईले प्रार्थना गऱ्यो । बाबा मेरो घरमा आगो लाग्न सक्छ अब शान्त गराइदिनुहोस् भने पछि दन्केको आगोमा बाबाले राखेको बाल्टीको बाल्टी पानी सकिएको थियो । केही पानी बाल्टीमा अलि कति शेष थियो । त्यसै पानीले बाबाले अग्निदेवलाई

शान्त गर्नु भयो । यस कार्यलाई देखेर ईसाई प्रिन्सिपल लज्जित भएर क्षमा माग्न थाल्यो । यो पूर्वीय दर्शनको योगी सिद्धान्तको गौरव थियो । त्यसै पानीले आगो दन्किने र त्यसै पानीले आगो निभ्ने यो कस्तो आश्चर्य ? असम्भवलाई सम्भव गर्न सक्ने क्षमता महावतार – हैडाखान बाबामा थियो, यसमा सन्देह छैन ।

<u>महावतार बाबाको अर्को पक्षको सिद्धि</u>

महावतार-हैडाखान बाबा कुमाऊंको हेडाखान, रानीखेत आदि र प्रयाग इलाहावादमा महामहोपाध्याय आदित्यराम भट्टाचार्यको निवास स्थान वाहेक विदेशमा कहीं कतै गएको कसैलाई पनि थाहा छैन । परन्तु स्विडनका दार्शनिक तथा फिल्म कलाकार क्रिसैण्डर एक दिन आफ्नो घरबाट कारमा आफ्नो कामको लागि निक्ल्यो । कार आफैले एक सय किलोमीटरको रफतारमा हाकीराखेको थियो । चल्दैगरेको रफतारी कारमा पछाडी फर्केर हेर्दा त एक जना टोपी र कुर्ता लगाएको साधु पो वसीराखेको रहेछ । त्यत्तिकै कार हाँकेर आफ्नो ठाउँमा पुग्नु भन्दा पहिले फेरि फर्केर हेर्दा साधुले हाँसिदियो । तर अदृश्य भइहाल्यो । त्यो देख्ने मानिस 'निल्स ओल्स क्रिसैण्डर' थियो । यो कुरा क्रिसैण्डरलाई आश्चर्य लाग्यो । वोल्न पाइएन भनेर पश्चात्ताप पनि भयो । परन्तु किसैण्डर आफ्नै कार्यवस स्विडनबाट फेरि फ्रान्स गयो । फ्रान्सको एउटा होटेलमा उही वावा यूरोपियन भेषमा धाराप्रवाह अंग्रेजी भाषमा वोल्दै गरेको किसैण्डरले देख्यो । कार्यवस किसैण्डर फेरि रुसको राजधानी मास्को गयो । त्यतिखेर किसैण्डरकी श्रीमती पनि साथै थिइन् । किसैण्डरले अर्कै ठाउँमा श्रीमतीलाई बास व्यवस्था गरेर सय किलोमिटर टाढा मास्को शहरमा आएर राति वास बस्यो । एक बजे राति क्रिसैण्डरकी श्रीमतीले टोपी र कुर्ता लगाएको हिन्दू भेषको एउटा विचित्र प्रभामय साधुलाई देखिन् । को, कहाँबाट आएको भनेर सोधिन् । बाबाले म भारतबाट आएको भन्नु भयो । परन्तु त्यत्तिकैमा अदृश्य हुनु भयो । श्रीमती किसैण्डरलाई आश्चर्य लाग्यो । यता किसैण्डरलाई पनि उसै समयमा उसै भेषमा दर्शन दिए । त्यस पछि किसैण्डरले बाबाको दर्शन गर्ने अठोट गऱ्यो । बाबाको दर्शन गर्न लालायित भएर भारता पस्यो । अनि सबैभन्दा पहिला पाण्डीचेरी अरविन्द आश्रममा आयो । त्यस पछि कलकत्ता रामकृष्ण आश्रम वेलुर मठमा गयो । यी दुई आश्रमहरूमा पत्ता न लागे पछि , ऊ वाराणसी हुँदै दिल्ली पुग्यो । दिल्लीमा छ महिनासम्म बस्दा एक भक्त परिवारमा कीर्तन गर्दै गरेको सुने पछि किसैण्डर कीर्तन सुन्न भनेर गयो । त्यस कीर्तन मन्चमा किसैण्डरले स्वीडन, फ्रान्स, मास्को आदिमा दर्शन गरेको महात्माको फोटो टोपी कुर्ता भेषमा देखे । त्यस पछि सोधखोज गर्दा महावतार हैडाखान बाबा भन्ने पता लाग्यो । त्यस पताबाट किसैण्डर विकट बाटो हुँदै हेडाखान गुफामा पुग्यो । परन्तु बाबा भरखरै रानीखेत गइसक्नु भएको थियो । किसैण्डर रानीखेत पुग्दा अल्मोडा गइसकेको पता

बाबा मेरो घरमा आगो लाग्न सक्छ अब शान्त गराइदिनुहोस् भने पछि दन्केको आगोमा बाबाले राखेको बाल्टीको बाल्टी पानी सकिएको थियो । केही पानी बाल्टीमा अलि कति शेष थियो । त्यसै पानीले बाबाले अग्निदेवलाई शान्त गर्नु भयो । यस कार्यलाई देखेर ईसाई प्रिन्सिपल लज्जित भएर क्षमा माग्न थाल्यो । यो पूर्वीय दर्शनको योगी सिद्धान्तको गौरव थियो । त्यसै पानीले आगो दन्किने र त्यसै पानीले आगो निभ्ने यो कस्तो आश्चर्य ? असम्भवलाई सम्भव गर्न सक्ने क्षमता महावतार – हैडाखान बाबामा थियो, यसमा सन्देह छैन ।

लाग्यो। यसो गर्दा गर्दै तीन वर्ष बीत्यो। एक दिन किसैण्डरले अल्मोडाको जङ्गलमा आत्माहत्या गर्ने विचार गऱ्यो र आत्यहत्या गर्ने हतियार निकाल्दै गरेको बेलामा महावतार बाबा हाँस्दै आइपुग्नु भयो। अनि बाबाले 'आत्माहत्या गर' भन्नु भयो। किसैण्डरले उत्तरमा भन्यो – प्रभो ! तपाईलाई न पाएर पो आत्महत्या गर्न लागेको थिएँ। जसको लागि आत्महत्या गर्न तैयार थिएँ, त्यो मलाई प्राप्त भइहाल्यो। अब किन आत्माहत्या गर्ने ! बाबा प्रसन्न हुनु भयो। किसैण्डरले बाबाको एउटा ढुङ्गाको मूर्ति बनाउने इच्छा व्यक्त गरे। बाबाजीले स्वीकृति दिनु भयो। किसैण्डरले बनाएको बाबाको मूर्ति ऐले पनि अल्मोडा शहरमा एकजना भक्तको घरमा छ भन्ने सुनिन्छ। यस्ता अनेकौ अलौकिक चमत्कारहरू छन्। यसप्रकार चीन, जापान, फ्रान्स, स्वीडेन, रुस आदि विश्वकै भक्तहरूलाई दर्शन दिनु भएको कुरा धेरैले उल्लेख गरेका छन्।

हैडाखान बाबाको आयु :

आयुको बारेमा धेरै मानिसलाई शङ्का हुनु स्वाभाविकै हो किन भने आफू जस्तै अरुलाई ठान्ने संसारको प्रवृत्ति नै भएको छ। परन्तु केही साक्षात् प्रमाणहरूबाट बुझ्नु पर्ने कुरा पनि छन्। भारतका देवराह बाबा तीन सय वर्ष बाँचेर स्वर्गवास भएको ७–८ वर्ष मात्रै भएको छ। जसको दर्शन लेखकले ई.सं. १९६० देखि ई.सं. १९८० सम्म गरेको छ। समय समयमा सत्सङ्ग पनि गरेको छ। यस्तै स्वामी सच्चिदानन्द सरस्वती (खप्तड बाबा) १८८ वर्ष यस धराधाममा रहेर स्वर्ग हुनुभएको एक वर्ष मात्रै भएको छ। यस्ता सय वर्ष नाघेका महापुरूषहरू नेपालमा पनि धेरै भए र धेरै छन्। प्रसङ्गमा हैडाखान बाबाको जन्मभूमि पछि आयुको बारेमा पाठकवृन्दले जान्नु पनि आवश्यक देखिन्छ। जन्मभूमि र कुल परम्पराको बारेमा माथि नै लेखिसकियो। बाबाको आयुको बारेमा भारतीय लेखक डा. हेमचन्द्र जोशी, गिरिधारीलाल मिश्र आदि धेरैले लेखेका छन्। महावतार बाबा कुमाऊको हेडाखान गुफामा ई.सं. ८०० मा देखिएका थिए। त्यतिखेर ८० वर्ष, ७० वर्ष, ६० वर्ष र ५० वर्ष सम्मका थिए भनेर लेखेका छन्। परन्तु १६ औं शताब्दीको राजा मिलिन्द पालको 'हवन कुण्ड' यहाँ थियो भनेर भक्तहरूलाई बताए पछि, अविश्वासेहरूलाई विश्वास भएन र त्यस ठाउँलाई खोदाई गरे। त्यस पछि हवन कुण्ड, खरानीको थाक र राजा मिलिन्द पालको चिन्नहरू प्राप्त भएपछि त्यस क्षेत्रमा महावतार –हैडाखान बाबा पाँच सय वर्षदेखि बसेका रहेछन् भन्ने जन विश्वास भयो। यसको अर्थ यो हो कि महावतार – हैडाखान बाबा १५ शताव्दीदेखि नेपाल, कूर्माचल आदिमा भ्रमण गरिरहनु भएको स्पष्ट बुझिन्छ। त्यसैले भक्तजनहरूले बाबालाई अष्टचिरञ्जीवीहरूमा– अश्वस्थामा, व्यास, कृपाचार्य, हनुमान्, मार्कण्डेय आदि साक्षात् मान्ने गरेका छन्। यी उपर्युक्त चिर ञ्जीवीहरूमा पनि अश्वस्थामा र कृपाचार्य मान्ने गरेका छन्। त्यसमा पनि अश्वस्थामाको रूपमा धेरैले सेवा गर्ने गरेका थिए। किन भने हैडाखान बाबाले आफ्नो शिरको टोपी कैले खोलेनन्। एकदफे अनन्य भक्त ठाकुर गुमानीले स्नान गराउँदा टोपी खोलेर हेर्दा शिरमा कहिलै निको नहुने घाव देखियो। गुमानी भक्त आदिले इलाज गर्ने सल्लाह गर्दा यो यस्तै हो निको हुँदैन भन्नु भयो। बाबाले गुमानी भक्तको आग्रह सबै मान्नु हुन्थ्यो। छांछ–मोही मात्रै पिएर बस्ने बाबाले गुमानीको आग्रहमा रोटी पनि खान थाल्नु भयो।

शिष्यपरम्परा :

'एक योगीको आत्मकथा' भन्ने पुस्तकमा परमहंस योगानन्दले आफ्ना गुरु मुक्तेश्वर गिरिका पनि गुरु श्यामाचरण लाहिडीको मनोहर उल्लेख गरेका छन्। यसै प्रसङ्गमा लाहिडी महाशयका गुरु त्र्यम्बक बाबा महावतार हैडाखानी बाबाको पनि अद्‌भुत चित्रण गरिएको छ। लाहिडी महाशयको

जन्म बंगालमा भएको थियो । उनी सरकारी उच्चकोटिका कर्मचारी थिए । उनीलाई केही समयको लागि अल्मोडा–रानीखेत भन्ने मनोरम सुन्दर ठाउँमा परिवर्तन गरेर पठाएका थिए। त्यसै बेला ई.सं. १८६१ मा रानीखेतदेखि १४ मील टाढा द्रोणगिरि नन्दादेवी गङ्गाको उद्‌गम स्थलमा घोर विकट जङ्गलमा त्र्यम्वक–हैडाखानी बाबासँग भेट भयो। यो जन्म जन्मान्तरको संस्कार थियो। स्वयं हैडाखानी बाबाले विश्वका भक्तहरूलाई अनेक रूपमा दर्शन दिएका थिए भने त्यस्ता गुरुका शिष्य श्यामाचरण लाहिडी पनि अत्यन्त प्रख्यात योगी भए।" लाहिडी महाशयका शिष्य युक्तेश्वरगिरि पनि उस्तै प्रख्यात भए अर्थात् भन्नुको तात्पर्य यो हो कि – हैडाखानी बाबाले श्यामचरण लाहिडीमा आफ्नो योग शक्तिपात गरे भने, लाहिडी महाशयले युक्तेश्वर गिरिमाथि शक्तिपात गरे। युक्तेश्वर गिरिले परमहंस योगानन्द माथि शक्तिपात गरेका थिए। योगानन्दले भारतको विहार राज्यमा पर्ने मुगेरमा योगाश्रमबाट योग प्रचार सुरु गरेर अमेरिकासम्म पुऱ्याएका छन्। यस्तै श्रीचरणाश्रित महेन्द्र महाराजमा पनि शक्तिपात भयो र हैडाखानी बाबाको शिष्य परम्परा सुदृढ रहेको देखिन्छ। यहाँ पाठकहरूले अर्को कुरा के बुझ्नु पर्ने छ भने शङ्कराचार्यको गद्दीमा अर्को शङ्कराचार्य बसे जस्तै असली हेडाखानी बाबाको गद्दीमा उनैका उत्तराधिकारी हैडाखानी बाबा थिए। जो आज भन्दा १० वर्ष पूर्व हेडाखानको आश्रम मै उनको सन्देहात्मक मृत्यु भयो। ऐले के कस्तो छ भन्न सकिन्न । तर असली हैडाखानी महावतार त्र्यम्वक बाबाको शिष्यपरम्परा अत्यन्त सुदृढ छ।

गृहस्थ शिष्यहरू पनि अत्यन्तै सुदृढ थिए। जसमा गुमानी भक्त, डा. हेमचन्द्र जोशी, गिरिधारीलाल मिश्र बी.ए.एल.एल.बी., पं.रामदत्त ज्योतिषी, शिरोमणि पाठक, आदि हजारौं शिष्यहरू थिए । हिन्दू मुसलमान, ईसाई, जैन, बौद्ध तथा राजा, महाराज, मन्त्री, सेठ साहुकारदेखि एक साधारण किसान, नोकरचाकर बालक बालिका सबैसँग एकै भाव हैडाखानी वाले बाबाले राख्नु हुन्थ्यो । सबैलाई रागानुराग भक्तिको उपदेश तथा 'ॐ नमः शिवाय' मन्त्र जपगर्न लगाउनु हुन्थ्यो । यसरी हैडाखानी बाबाले भक्तहरूको माझमा लीला गरेर ई.सं. १८२२ मा नेपाल जान्छु भनेर भक्तहरूलाई भन्नु भयो।

नेपाल तिर प्रस्थान

महावतार बाबाले कुमाऊ छोड्नु भन्दा केही पूर्व हल्द्वानीको कठघरिया आश्रममा एउटा कुंवा बनाउनु भयो। त्यो कार्य पूरा हुनुभन्दा पहिले नै कैलास यात्रामा जानु भयो । अरु भक्तहरूले साथ जाने आग्रह गरे । तर गुमानी भक्त जस्तो निष्ठावान् भक्त प्रभुलाई प्यारो भइसकेको थियो । त्यसैले अरु कसैलाई लगेनन्। कैलासबाट फर्केपछि नेपालबाट गएको महावतार हैडाखान बाबा नेपालै फर्कने इच्छाले आजको नेपालको सीमाना महाकालीको पारिपट्टि आसकोटमा तात्कालिक राजा खड्‌गमानसिंहको राजदरवारमा पुग्नु भयो। राजा खड्‌गमान सिंहले आदर श्रद्धा भक्ति पूर्वक हैडाखान बाबाको पूजा अर्चना गर्नु भयो। खड्‌गमान सिंह कुमाऊका किरात राजाहरूमा अन्तिम राजा थिए। बाबाका अनन्य भक्त थिए। त्यसैले राजा खड्‌गमान सिंहले बाबालाई केही दिन राजदरवारमा नै विश्राम गर्ने आग्रह गरे । परन्तु बाबाले 'म नेपालतिर जाँदैछु' भन्नु भयो । त्यसपछि आफ्नो दरवारी लावा लस्कर कर्मचारी सहित आफै बाबालाई डोलीमा बोकेर दरवारको बाहिरसम्म निकाले । त्यसपछि बाबाले राजालाई डोली बोक्न मना गर्नु भयो र फर्कने आदेश दिनु भयो । राजाले गरुङ्गो मनले अश्रुपात गर्दै बाबालाई भावपूर्ण विदा गरे।

राजाले आफ्नो दरवारमा राख्न धेरै प्रयत्न गरे । तर बाबाले भने म यस प्रदेशमा अब बस्दिन भन्नु भयो । यसरी राजाले बावालाई विदा गरेपछि उनी राजमहलमा फर्के । भक्त र कर्मचारीहरूलाई राजाले बावा जहाँसम्म जानु हुन्छ र जे भन्नु हुन्छ, ती सबै कुरा मानेर सेवा गर्नू भनेर पठाए । मुनीन्द्र बावाले जहाँबाट फर्काउनु हुन्छ, त्यहींबाट फर्कनु भनेर राजाले कर्मचारीहरूलाई आदेश दिएर पठाए । यता मुनीन्द्र बाबा आसकोट राजदरवारबाट प्रस्थान गरेर काली नदी र सेती नदीको सङ्गममा आएर रोकिनु भयो । काली भारत नेपालको सीमाना हो । बावा डोलीबाट त्यहीं उत्रेर सबैलाई फर्कने आदेश दिनु भयो । बाबाको आदेश मानेर सबै फर्के । परन्तु बावालाई हेर्दै फर्किए । त्यहाँ काली र सेतीको सङ्गममा अथाह जल राशि थियो । फेरि ती भक्त कर्मचारीहरूले फर्केर हेर्दा अथाह जलराशिमा नेपालतिर मुख गरेर जाँदै गरेको बाबालाई देखे । हेर्दा हेर्दै केही क्षण पछि दिव्य आलोकमा अन्तर्ध्यान हुनु भयो । त्यसपछि कुमाऊ प्रान्तमा त्यस आकारमा कैल्यै बाबाको दर्शन भएन । नेपालबाटै गएका थिए नेपालै फर्के । तर नेपाललाई थाहा छैन ।

सिद्धसिद्धेश्वर, महावतार त्र्यम्वक, हैडाखान बाबाका परम भक्त गुमानीको रामायणको पाना छेउ छेउमा उहाँले आफ्नो हस्ताक्षर लेखेर छोड्नु भएको छ । तर ऐलेसम्म कसैले पनि पढेर अर्थ निकाल्न सकेका छैनन् । कैयौं वर्षसम्म फोटोग्राफरहरूले बाबाको फोटो लिन सकेनन् । एउटा अंग्रेज फोटोग्राफरले अभिमानवश १०७ फेरसम्म बाबाको फोटो खिच्यो । परन्तु रील धुलाई गर्दा एउटै फोटो निक्लेन । आखिरी हार मानेर क्षमा माग्यो । अर्को एकजना फोटो ग्राफरले एकै बार फोटो खिच्यो । तर सम्पूर्ण रीलहरूमा बाबाका अनेक प्रकारका अनेक पोजहरूमा फोटा निक्ले । वर्तमान फोटो जो प्रचलित भएको छ । त्यो फोटो महामहोपाध्याय आदित्यराम भट्टाचार्यको घर प्रयाग, दारागञ्ज मुहल्लामा गुमानीभक्तको आग्रहमा खिचेको हो भन्छन् । बावा म.म. भट्टाचार्यको श्रद्धापूर्वक आमन्त्रणमा प्रयाग गएका थिए । भट्टाचार्यजी शिवशर्मा सूरि तथा हैडाखान बाबाबाट अत्यधिक प्रभावित थिए । आज पनि अन्तर्ध्यान पछि समय समयमा भक्तहरूलाई दर्शन दिनेनै गरेका छन् भन्छन् । हेडाखान बाबा विश्वले चिनेको सिद्धसिद्धेश्वर महापुरुष हुनुहुन्थ्यो । हैडाखान बावाले काठमाडौंमा वाग्मतीको तीरमा 'तपस्वी बाबा आश्रम' बनाएका थिए । त्यो तपस्वी [१] आश्रम भने नेपालीहरूले खोज्नै परेको छ ।

– मृगस्थली, पशुपति, काठमाडौं ।

---

१. 'मेरे प्यारे भगवान् हैडाखानी बाबा' ले.डा. हेमचन्द्र जोशी डी.लिट्.

(क) 'भगवान् हैडाखान वाले बाबा' ले. गिरिधारीलाल मिश्र, वी.ए.एल.एल.बी.

(ख) 'श्रीमहाप्रभु वाणी संग्रह' हैडाखण्डी समाज, हेडाखान, जि.नैनीताल, आदि र मेरो हेडाखान यात्राको अनुभवका साथ उपर्युक्त ग्रन्थहरूका आधारमा यो लेख तैयार पारिएको छ । यस बारे लेखकले पुस्तक नै तयार पार्दैछ ।

मन्त्रमा, तीर्थमा, ब्राह्मणमा, दैवमा, औषधिमा र गुरुमा जस्तो भावना राखेर जति विश्वास गरिन्छ त्यस्तै सिद्धि र लाभ प्राप्त हुन्छ ।

बुद्ध–दर्शन

भगवान् बुद्ध

स्वामी विवेकानन्द

हरेक धर्ममा हामी कुनै एक प्रकारको साधनालाई चरम सीमासम्म पुगेको पाउँछौं। बौद्ध धर्ममा निष्काम कर्मको भाव अत्यन्त प्रवल छ। तपाईहरूले बौद्ध धर्ममा अथवा ब्राह्मण्य धर्मको भेद छुट्याउन सक्नु भएको नहोला। बौद्ध धर्म हाम्रो धर्मको केवल एउटा सम्प्रदाय मात्र हो। भारतीय वर्ण–व्यवस्था, कठिन कर्मकाण्ड एवं दार्शनिक वाद विवादहरूबाट कमजोर हुँदै जाँदा गौतम नामक एक महापुरुषले बौद्ध धर्मको स्थापना गरेका हुन्। केही मानिसहरू भन्ने गर्दछन् कि हाम्रो एक विशेष कुलमा जन्म भएको छ र यसैले हामी उनलाई मानिसहरूमा श्रेष्ठ मान्दछौं जसको जन्म यस्तो वंशमा भएको छैन। भगवान् बुद्धलाई यस सिद्धान्तमा कुनै विश्वास थिएन। उहाँ यसप्रकारको जाति भेदको विरोधी हुनुहुन्थ्यो र पुरोहितहरू धर्मको नाममा जो कपट आचारणद्वारा स्वार्थ सिद्धि गर्दथे, यसको पनि उहाँ घोर विरोधी हुनुहुन्थ्यो। यसकारण उहाँले एक यस्तो धर्मको प्रचार गर्नुभयो, जसमा कामकाज वा वासनाहरूको लागि कुनै स्थान थिएन। यस्तो दर्शन तथा ईश्वर सम्वन्धी नानाप्रकार मतवादीहरूको आलोच्चना गर्न चाहनु हुन्नथ्यो – यस सम्वन्धमा उहाँ सम्पूर्ण रुपबाट अज्ञेयवादी बन्नु भयो।

बुद्धसँग धेरै पटक ईश्वरको अस्तित्वका सम्वन्धमा प्रश्नहरू सोधिए, उहाँले सधैंभरी यही

उत्तर दिनुभयो – "म जान्दिन"। उहाँसँग सोधियो कि, मनुष्यको प्राकृतिक कर्तव्य के हो ? उहाँले उत्तरदिनु भयो – "चरित्रवान् बन्नु र अर्काको सेवा गर्नु ।" एकपटक पाँच ब्राह्मणहरू आएर उहाँसँग विन्ति गरे "भगवन् ! हाम्रो विवादमा न्याय दिनुहोस्। उनीहरूमध्ये एकले भन्यो "भगवन् हाम्रो शास्त्रमा ईश्वरको यो स्वरुप वताइएको छ र उहाँको प्राप्तिको लागि यस्तो मार्ग वताइएको छ ।" अर्को ब्राह्मणले भन्यो "होइन, यो सबै झुटो हो, किनकि हाम्रो शास्त्रमा यसको विपरीत लेखिएको छ र ईश्वर प्राप्तिको अन्य मार्ग वताइएको छ ।" यसप्रकार अर्कोले पनि शास्त्रको दुहाई दिंदै ईश्वरको स्वरुप तथा उहाँको प्राप्तिको सम्बन्धमा आ–आफ्नो मत प्रकट गरे बुद्धदेव यी विवादलाई शान्तिपूर्वक सुन्दै उनीहरूसँग क्रमशः सोध्न लाग्नुभयो । "के कसैको शास्त्रमा यो पनि भनाइ छ कि ईश्वर कहिले क्रोध गर्नुहुन्छ ? कसैको हानि गर्नुहुन्छ वा अशुद्ध हुनुहुन्छ। उनीहरू सबै बोले "होइन भगवन्! हाम्रा सबै शास्त्र यस्तो भन्दछन् कि ईश्वर शुद्ध विकार रहित र कल्याणकारी हुनुहुन्छ तव भगवान् बुद्धवाट आज्ञा भयो – "साथीहरू तपाईंहरू पहिले शुद्ध र सदाचारी बन्ने चेष्टा किन गर्नु हुन्न, जसद्वारा तपाईहरूलाई ईश्वरको ज्ञान हुन सकोस् ?"

म बौद्धदर्शनसँग पूर्ण तथा सहमत छैन । मलाई आफ्नो लागि दार्शनिक विचार गर्ने यथेष्ट आवश्यकता प्रतीत हुन्छ । मेरा बुद्धका केही सिद्धान्तहरूसँग मतभेद छन्, किन्तु यो मेरो त्यस महान् आत्माको चरित्र वा भाव सौन्दर्यको दर्शनमा वाधक भने होइन । बुद्ध नै एक व्यक्ति हुनुहुन्थ्यो जो पूर्णतया वा यथार्थमा निष्काम भन्न सकिन्छ। यस्ता अन्य केही महापुरुष हुनुहुन्थ्यो, जो आफूलाई ईश्वरको अवतार भन्नुहुन्थ्यो र विश्वास दिलाउँनुहुन्थ्यो कि जो उनमा श्रद्धा राख्दछन्, उनीहरू स्वर्ग प्राप्ति गर्न सक्नेछन् । तर बुद्धको जीवनको अन्तिम क्षणसम्म यही शब्द थियो – "आफ्नो उन्नति आफ्नै प्रयासबाट हुन्छ । अरु कोही यसमा तिम्रो सहायक हुन सक्दैन । स्वयम् आफ्नो मुक्ति प्राप्त गर ।"

आफ्नै सम्वन्धमा भगवान् बुद्ध भन्ने गर्नुहुन्थ्यो – "बुद्ध शब्दको अर्थ हो – आकाश समान अनन्तज्ञान सम्पन्न । म गौतमलाई यो अवस्था प्राप्त भएको छ । तिमीहरू पनि यदि प्राणपणद्वारा प्रयत्न गर्दछौं भने त्यस स्थितिलाई अवश्य प्राप्त गर्न सक्दछौ ।" बुद्धले आफ्नो सबै कामनाहरूमाथि विजय प्राप्त गरिसक्नु भएको थियो। उहाँलाई स्वर्ग जाने कुनै लालसा थिएन न कुनै ऐश्वर्य सुखभोगको नै कामना थियो । आफ्नो राजपाठ एवं सवैप्रकारका सुख सुविधालाई तिलांजलि दिएर यी राजकुमार आफ्नो सिन्धु जस्तै विशाल हृदय लिएर नर–नारी वा जीव–जन्तुहरूको कल्याण हेतु, आर्यावर्तको वाटै–बाटोमा भ्रमण गर्दै भिक्षा वृत्तिद्वारा जीवन–निर्वाह गर्दै आफ्नो उपदेशलाई प्रचार गर्न थाल्नु भयो ।

जगत्मा उहाँ नै एकमात्र यस्तो हुनुहुन्थ्यो जो यज्ञमा पशु–वलि निवारणको हेतु कुनै प्राणीको जीवनरक्षार्थ आफ्नो जीवन पनि न्यौछावर गर्नमा

आफ्नै सम्बन्धमा भगवान् बुद्ध भन्ने गर्नुहुन्थ्यो – "बुद्ध शब्दको अर्थ हो – आकाश समान अनन्तज्ञान सम्पन्न । म गौतमलाई यो अवस्था प्राप्त भएको छ । तिमीहरू पनि यदि प्राणपणद्वारा प्रयत्न गर्दछौ भने त्यस स्थितिलाई अवश्य प्राप्त गर्न सक्दछौ ।"

तत्पर रहनु हुन्थ्यो। एकपटक उहाँले एक राजासँग भन्नु भयो "यदि कुनै निरीह पशुलाई होम गरेमा तिमीलाई श्वर्ग प्राप्ति हुनसक्दछ भने मनुष्यको होम गर्नाले अझ कुनै उच्च फलको प्राप्ति हुन सक्तछ। हे राजन्! त्यस पशुको वन्धन बाँधेर मेरो आहुति देऊ – शायद तिम्रो धेरै कल्याण हुन सक्नेछ।" राजा स्तब्ध हुन पुगे। यसप्रकार हामी देख्दछौं कि भगवान् बुद्ध पूर्णरूपबाट निष्काम हुनुहुन्थ्यो। उहाँ कर्मयोगको ज्वलन्त आदर्शस्वरूप हुनुहुन्थ्यो र धेरै उच्च अवस्थामा पुग्नु भएको थियो, भन्ने कुरा प्रतीत हुन्छ। यसर्थ कर्म शक्तिद्वारा हामी पनि उच्चतम आध्यात्मिक शक्तिलाई प्राप्त गर्न सक्नेछौं।

ईश्वरमा विश्वास राख्नाले अनेक व्यक्तिहरूको मार्ग सुगम हुन जान्छ। किन्तु बुद्धको चरित्र वताउँदछ कि एक यस्तो व्यक्ति पनि जो नास्तिक छ, जसको कुनै दर्शनमा विश्वास छैन, जो न कुनै सम्प्रदायलाई मान्दछ तथा न कुनै मन्दिर – मस्जिदमा नै जान्छ, जो घोर जडवादी छ, परमोच्च अवस्था प्राप्त गर्न सक्दछ। बुद्धको मनमा मत राख्ने या उहाँका कृयाकलापहरूको मूल्याङ्कन गर्ने हामीलाई कुनै अधिकार छैन। उहाँको विशाल हृदयको सहस्रांश पाएर नै म स्वयम्‌लाई धन्य मान्दछु। बुद्धको आस्तिकता या नास्तिकतासँग मलाई कुनै मतलब छैन। उहाँलाई पनि यसै पूर्ण अवस्था प्राप्त भएको थियो। जो अन्यजन भक्ति, ज्ञान, योगका मार्गद्वारा प्राप्त गर्दछन्। केवल यसमा – उसमा विश्वास गर्नाले (दोधार रहनाले) पूर्णता प्राप्त हुँदैन कल्पनाद्वारा कुनै अर्थ, सिद्धि हुँदैन। यो त सुगा पनि गर्न सक्दछ। केवल निष्काम कर्मले नै मनुष्यलाई पूर्णत्त्वसम्म लैजान सक्दछ।

उहाँको विशाल हृदयको सहस्रांश पाएर नै म स्वयम्‌लाई धन्य मान्दछु। बुद्धको आस्तिकता या नास्तिकतासँग मलाई कुनै मतलब छैन। उहाँलाई पनि यसै पूर्ण अवस्था प्राप्त भएको थियो।

-- अस्तु --

– अनु. पुण्यसुन्दर पथिक

卐

कालजयी संस्कृति

आर्यजनको धर्म, संस्कृति र परम्परागत मर्यादाको मौलिक रुप आज पनि मेटिएको छैन। सर्वव्यापक चिन्तन र वादविवाद, तर्कद्वारा निस्केको तथ्यलाई शिरोधार्य गरेको हुनाले अन्य धर्मका विचार र दार्शनिक पक्षले यो धर्म र दर्शनलाई परास्त गर्न सकेन। यसले गर्दा मुहम्मद र क्राइष्टका चिन्तन र दर्शनले संसारमा कमजोर धर्म संस्कृतिका पक्षलाई मटियामेट गरेर नयाँ जग लगाउन सक्यो, त्यो वैदिक धर्म–दर्शनका अनुयायीहरूका निमित्त महत्वपूर्ण हुन सकेन।

वहुदेववादी इजिप्ट, युनानी सभ्यताका पौराणिक गाथाले इसाई र इस्लामको बाढी रोक्न नसकेर अस्तित्त्व विहीन भएर वगे। सुमेर, असिरिया, मेसोपोटामिया र मिस्रका सभ्यताहरू भूमिको गर्तमा विलीन भए।

– आर्य संस्कृति पुस्तकबाट

श्रीकृष्णाय नमः

श्रीकृष जन्माष्टमीको

पुनीत अवसरमा ग्राहक वर्ग एवं समस्त देशवासीहरूमा हार्दिक मंगलमय

शुभ-कामना ब्यक्त गर्दछौं ।

देशब्यापी फैलिएको सम्पूर्ण शाखाहरूबाट छिटो छरितो सेवाको लागि हामी सदा तत्पर छौं

नेपाल बैंक लिमिटेड

प्रधान कार्यालय (स्थापित १९९४)

श्रीकृष्ण जन्माष्टमीको

पुनीत अवसरमा ग्राहक वर्ग एवं समस्त देशवासीहरूमा

हार्दिक मंगलमय

शुभ-कामना ब्यक्त गर्दछौं ।

गोपीकृष्ण (मूभिज) प्रा.लि.

गोपीकृष्णनगर, चावहिल

"ॐ शान्ति"

वडालाई सफा स्वस्थ र रमणीय पार्न हामीलाई सहयोग पुऱ्याउनुहोस् ।

"वातावरण सफाइ नै आजको ठूलो धर्म"

रत्न जोशी

(वडाध्यक्ष)

का.म.न.पा. वडा नं. ४

"ॐ स्वस्ति"

कलकत्ता हलदिया बनदरगाह भै आयात निर्यात हुने सामानहरूको क्लियरिङ् कार्य किफायति दरमा यस कम्पनी मार्फत गराइ लाभ उठाउनुहोस् ।

⊗ सहुलियत अण्डरकेटिङ सेवा ⊗ सुरक्षित गोदाम (कलकत्ता, रक्सौल, विरगंज विराटनगर)

⊗ क्लेयरिङ् फरवाडिङ सेवा ⊗ कन्टेनर गार्ड सुविधा ⊗ निःशुल्क पारवहन सूचना तथा परामर्श

नेपाल पारवहन तथा गोदाम व्यवस्था

प्र.का. बागबजार, काठमाडौं २-२१५५१

"मृत्योमा अमृतम् गमय"

श्रीकृष्ण जन्माष्टमीको
पुनीत अवसरमा ग्राहक वर्ग एवं समस्त देशवासीहरूमा
हार्दिक मंगलमय शुभ-कामना ब्यक्त गर्दछौं ।

नेपाल आयल निगम परिवार
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं ।

"सर-सफाई साथ हराभरा रहनु नै आजको ठूलो धर्म हो"

श्रीकृष्ण जन्माष्टमीको पुनीत अवसरमा समस्त देशवासीहरूमा
हार्दिक मंगलमय शुभ-कामना ब्यक्त गर्दछौं ।

नरोत्तम वैद्य
(वडाध्यक्ष)
का.म.न.पा. वडा नं. ८ परिवार

"मृत्योमा अमृतम् गमय"

भगवान् श्रीकृष्ण जन्माष्टमीको
पावन अवसरमा सम्पूर्ण भक्तजनहरूमा
हार्दिक मंगलमय शुभ-कामना ब्यक्त गर्दछौं ।

सानु श्रेष्ठ
सभापति तथा जिल्ला विकास समिति परिवार,
काठमाडौं ।

"मृत्योमा अमृतम् गमय"

भगवान् श्रीकृष्ण जन्माष्टमीको
पावन अवसरमा सम्पूर्ण भक्तजनहरूमा
हार्दिक मंगलमय शुभ-कामना ब्यक्त गर्दछौं ।

माधव पौडेल
सभापति तथा जिल्ला विकास समिति परिवार,
ललितपुर ।

वैदिक–विज्ञान

हाम्रा परम्पराहरू – यस्ता किन ?

उमेश पाण्डे

हाम्रा पूर्वजहरूले प्राचीन ग्रन्थहरूमा आचरणका लागि अनेकौं कुराहरू निर्देशित गर्नु भएको छ । आजको यो वैज्ञानिक युगमा जुन सीमासम्म विज्ञान पुग्न सकेको छ, त्यसभन्दा पनि निकै अगाडि हाम्रा पूर्वजहरूको ज्ञान थियो । त्यही गूढ ज्ञानलाई नै उहाँहरूले धर्मसंग संबन्धित गरेर स्थान–स्थानमा विभिन्न क्रियाकलापहरूको निर्देश हामीलाई दिनु भएको छ । खेद छ कि त्यस गहिराइलाई बुझ्नुका अतिरिक्त हामीले ती निर्देशहरूलाई अन्धविश्वास सदृश सम्झँदै उपेक्षाको दृष्टिले हेर्दै आइरहेका छौं ।

हाम्रा पूर्वजहरूद्वारा निर्देशित केही क्रियाहरूलाई सम्पन्न गर्नु पछाडि के के रहस्य थिए ? यसको विवेचन गर्नु अगाडि श्रद्धेय गोविन्दजी शास्त्रीका केही वाक्यहरूलाई उद्धृत गर्न उपयुक्त हुनेछ । उहाँ भन्नु हुन्छ –"चेतना तथा सचेतन ऊर्जा अर्थात् प्राणसँग हाम्रा प्राचीन ऋषिहरू पूर्ण परिचित हुनुहुन्थ्यो । उहाँहरू त्यसको कार्य विधि मात्र होइन, उसलाई यथेच्छा शासित गर्नमा पनि सक्षम हुनु हुन्थ्यो .... उहाँहरू 'वेवलैंथ' तथा 'फ्रीक्वेन्सी' (आवृत्ति) जस्ता तरिकाका टर्मलाई चेतनायुक्त गरेर सम्झाउनु हुन्थ्यो । कुनै मृत शक्तिलाई जीवित गर्ने शक्ति सिद्धजनहरूमा हुन्थ्यो अथवा जड वस्तुमा प्राण प्रतिष्ठा गर्नु हाम्रा यहाँका केवल उपाख्यानहरूमा मात्र होइन सामान्य व्यवहारमा पनि अपनाइँदै आइएको छ । विज्ञानले जसलाई गतिज तथा स्थितिज भनेको छ हाम्रो यहाँ त्यसलाई



'जड' एवं 'जङ्गम' भनिने गरिन्थ्यो .... प्राचीनकालमा मन्दिरहरूको रचना जैव ऊर्जालाई सुगम विधिले संग्रहीत एवं सुरक्षित राख्ने आधारमा गरिन्थ्यो । मूर्तिको मुद्रा, रुप एवं धातु आदिको पनि यसरी परीक्षण गरिन्थ्यो कि उनीमा निक्षिप्त ऊर्जा अत्यधिक कालसम्म बनी रहुन् एवं यही संचित ऊर्जाका ह्रासलाई रोक्न मूर्तिहरूको पूजाविधिको आविष्कार गरियो । साथै पूजाका लागि उपयुक्त मन्त्ररूको पनि निर्देश गरियो। किनकि कुनै परिस्थितिमा त्यो तेजस् मन्द नहोस् ।

पुन: विशाल मन्दिरहरूमा स्थापित मूर्तिहरू सुवर्ण जस्ता गुणवान् तथा सुसंग्राही धातुद्वारा वनाइन्छन् । तिनीमा उत्तम कोटिका मूल्यवान् रत्न यही प्रयोजनले लगाइन्छन् कि दर्शन गर्न आउने व्यक्तिका दु:ख ती रत्न आफ्ना अदृश्य शक्तिशाली किरणहरूद्वारा मुक्ति दिलाउन सकून्। यसरी नै आरतिका समय घ्यू अथवा कपूरलाई बालेर त्यसलाई मूर्तिका चारैतिर एक नियत शैलीमा घुमाउनु, पूजनार्थ स्वर्ण, रजत अथवा ताम्र पात्रलाई

नै प्रयोग गर्नु, पूजाका बेला मन्त्रोच्चारण गर्नु, शङ्ख, घण्ट आदि बजाउनु इत्यादि क्रियाहरू मूर्तिमा उसको प्राण प्रतिष्ठाका समय सञ्चित गरिएको ऊर्जालाई न केवल नष्ट हुनबाट बचाउँछन्, अपितु त्यसलाई प्रवर्द्धित गर्नमा पनि सक्षम हुन्छन्।

अस्तु, केही क्रियाहरू हाम्रा पूर्वजहरूद्वारा किन निर्देशित छन् ? यसको संक्षिप्त विवेचन तल गरिंदै छ –

हाम्रा पूर्वजहरूले प्रारम्भबाट नै हामीलाई शयन गर्दा दक्षिण दिशातिर शिर गर्ने निर्देश दिनु भएको छ।

यस निर्देशलाई, यदि हामीले विज्ञानको दृष्टिबाट हेऱ्यौं भने निश्चयनै यो कुराको ठोस वैज्ञानिक सिद्धान्तमा आधारित हुनु स्पष्ट हुन जान्छ। वस्तुतः पृथ्वी एक चुम्बक हो र उत्तर तथा दक्षिण दिशा यसका दुई ध्रुव हुन्। यो एक वैज्ञानिक तथ्य हो कि चुम्बकबाट निस्कने चुम्बकीय तरङ्गहरू अर्थात् चुम्बकीय बल रेखाहरू सदैव उत्तरबाट दक्षिण दिशातिर गमन गर्दछन्। पृथ्वीरूपी चुम्बकमा पनि यही कुरा लागु हुन्छ। पुनः मानव रक्तमा उपस्थित हिमोग्लोबिनमा लौहतत्त्वको अधिकता पनि एक प्रामाणिक तथ्य हो। चुम्बकको र फलामको सम्बन्ध सर्वविदितै छ। यस्तो स्थितिमा दक्षिण दिशा तर्फ शिर गरेर शयन गर्नाले पृथ्वीबाट निस्कने अदृश्य चुम्बकीय तरङ्गहरूको अनुकूल प्रभाव शयन कर्ताका शरीरमा पर्दछ। यही कारण हो कि दक्षिण दिशा तिर शिर गरेर शयन गर्नेलाई रात्रिमा दुःस्वप्न देखिदैनन् तथा उसको मानसिक संतुलन सदैव उत्तम श्रेणीको बनी रहन्छ।

हाम्रा पूर्वजहरूले हामीलाई भोजनोपरान्त केहीबेर बायाँ कोख गरेर शयन गर्ने आज्ञा दिनु भएको छ। यस विषयमा स्वर विज्ञान छ। प्रतिदिन हाम्रा नासिकारन्ध्रबाट वायुको आवागमन कुनै बेला बायाँ त कुनै समय दाहिने नासिकाद्वारबाट एवं कुनै कुनै वखत दुवैबाट हुन्छ। जुन समय प्राण वायुको आवागमन दाहिने नासिका रन्ध्रबाट हुन्छ, त्यसबेला यसलाई 'सूर्य स्वर' चलेको भन्दछन्। यसका विपरीत वायें नासिका रन्ध्रबाट यही आवागमनलाई 'चन्द्र स्वर' भनिन्छ र जुन समय यी दुई नासिकाद्वारबाट प्राण वायुको आवागमन हुन्छ त्यसबेला यसलाई 'सुषुम्ना स्वर' चलेको भनिन्छ। जुन समय सूर्य स्वर चलिरहेको हुन्छ त्यसबेला हाम्रा शरीरमा अधिक ऊर्जाको संचार हुन्छ जो भोजन पचाउनमा अत्यन्त आवश्यक हुन्छ। बायाँ कोल्टे परेर शयन गर्नाले केही क्षणमा नै सूर्यस्वर क्रियाशील हुन्छ र यस प्रकार भोजन पाचन क्रिया यथारूप प्रारम्भ हुन्छ। यही रहस्य शास्त्राज्ञाको हो।

तुलसीका आसपासका स्थानहरू पवित्र मानिएका छन्। त्यसमा मलेरियाको विषाक्त वायुलाई दूर गर्ने अद्भुत क्षमता छ। मृत्युका बेलामा पनि तुलसी मिश्रित गङ्गाजल पिलाइन्छ जुनद्वारा आत्मा पवित्र भएर शान्तिपूर्वक लोकान्तर हुन सक्दछ।

प्राचीन हाम्रा ग्रन्थहरूमा तुलसीको महिमा दर्शाउँदै जुन कुरा उल्लेख गरिएको छ केवल त्यसैले यस विरुवालाई घर घरमा लगाउनुको कारण स्पष्ट हुन्छ। वर्णित छ –

"तुलसी काननं चैव गृहे यस्यावतिष्ठते ।
तद्गृहे तीर्थभूतं हि नायान्ति यमकिङ्करा ॥
तुलसी विपिनस्यापि समन्तात् पावनं स्थलम् ।
क्रोध मात्रं भवत्येवगाढेन्येनेव चाम्भसा ॥"

तुलसीका आसपासका स्थानहरू पवित्र मानिएका छन् । त्यसमा मलेरियाको विषाक्त वायुलाई दूर गर्ने अद्‌भुत क्षमता छ । मृत्युका वेलामा पनि तुलसी मिश्रित गङ्गाजल पिलाइन्छ जुनद्वारा आत्मा पवित्र भएर शान्तिपूर्वक लोकान्तर हुन सक्दछ । विषाक्त वायुलाई तुलसीले स्वच्छ पार्दछ। मलेरियाका उत्पादन एवं प्रसारमा सहायक मशक (लाम्खुट्टे) यसदेखि टाढा भाग्दछन्। यसले सबै किसिमका ज्वरहरूलाई हटाएर स्वास्थ्य प्रदान गर्दछ। जुन रोगीहरूलाई स्वास्थ्यार्थ गङ्गातटसम्म पुग्ने सुविधा हुँदैन, तिनीहरूलाई तुलसीका मठका नजिक राखिन्छ । गङ्गातटको लाभ तिनीहरूलाई त्यहीं मिल्दछ ।

हाम्रा पूर्वजहरू जडोपासक हुनुहुन्नथ्यो । जडवस्तुहरूका अधिष्ठातृ देवता मानेर उनको पूजा गर्नुहुन्थ्यो। स्वास्थ्य भएमा नै कर्माचरणमा प्रवृत्ति हुन सक्दछ। अतः स्वास्थ्यवर्द्धक वस्तुलाई धर्मसँग सम्बन्धित गरिदिइएको छ ।

शिवमन्दिरहरूमा विभूति प्रसादका रुपमा वितरित गरिन्छ । पुनः विभूतिलाई मस्तकमा लगाउने पनि प्रथा छ। यसमा पनि मूल कारण यो हो कि गुँइठाको भस्म (खरानी) मा काम वासनालाई दमन गर्ने अद्‌भुत क्षमता छ। गुँइठाको भस्मलाई किञ्चित् मात्र भक्षण गर्नाले शरीरमा कामोन्माद शमन हुन्छ । यही कुरा मात्र होइन कि उक्त भस्मलाई अल्प मात्रा मात्र लगाउनाले (शरीरमा घस्नाले) पनि व्यक्तिका मस्तिष्कबाट कामको प्रभाव नष्ट हुन जान्छ । भगवान् शिवजीलाई कामजयी मानिएको छ । कामलाई उहाँले भस्म गरिदिनु भएको थियो। यसकारण शिव मन्दिरहरूमा प्रसाद स्वरूप भस्म (विभूति) वितरण गरिन्छ – तथा त्यसलाई मस्तकमा धारण गर्नु एवं भक्षण गर्नुका पछाडि मूल कारण–'काम–दमन' हो। साधु–जन पनि यही कारणले शरीरमा भस्म घस्ने गर्दछन्।

प्राचीनकालदेखि नै यहाँ यज्ञ गर्ने प्रथा चल्दै आइरहेको छ। यज्ञमा उच्च श्रेणीका सुगन्धित पदार्थहरूलाई शुद्ध घ्यूका साथ अग्निमा समर्पित गरिन्छ, साथै विशिष्ट वेद मन्त्रहरूको उच्चारण पनि गरिन्छ ।

यज्ञ गर्ने विषयमा अनेकानेक व्यक्तिहरूको मान्यता छ कि यस कार्यको मूल प्रयोजन वायु शुद्धि हो । किन्तु यज्ञको प्रयोजन केवल वायुशुद्धि मात्र होइन, अपितु त्यसका साथै यसको मुख्य लक्ष्य देवताहरूलाई तृप्त गर्नु हो। यदि यज्ञ सम्पादन गर्नुको मुख्य लक्ष्य वायु शुद्धि मात्र हुन्थ्यो भने त्यसका लागि किन मूल्यवान् सुगन्धित पदार्थहरू तथा घृतको प्रयोग गरिन्थ्यो ? किन कि यी भन्दा सस्ता पदार्थहरूबाट पनि वायुशुद्धि हुन सक्थ्यो । फेरि यदि यज्ञहरूको प्रयोजन वायु शुद्धि मात्र हुन्थ्यो भने यज्ञ कार्य स्वच्छ स्थानमा अतिरिक्त दुर्गन्धित एवं अस्वच्छ स्थानहरूमा सम्पादन गरिन्थे तथा यज्ञ गर्दा मन्त्रोच्चारणको पनि आवश्यकता पर्दैन थियो । यज्ञहरूको शुद्ध स्थानहरूमा सम्पादन गर्नु अनेक सुगन्धित पदार्थहरूलाई शुद्ध घ्यूका साथ मिलाएर अग्निलाई मन्त्रोच्चारणका साथ समर्पण गर्नुले यो सिद्ध गर्दछ कि यज्ञको मूल प्रयोजन देवताहरूलाई तृप्त गर्नु हो एवं यस कार्यमा निस्कने धुवाँले वायु–शुद्धि पनि गर्दछ। यज्ञद्वारा देवताहरू तृप्त हुने कुरा श्रीमद्‌भागवतमा वर्णित यस तथ्यबाट पनि स्पष्ट हुन्छ कि जब देवाप्सरा उर्वशी पुरुरवाका पासमा आएर बसेकी थिइन् उनलाई खानेकुराको विषयमा सोधियो, अनि उनले, उत्तर दिएकी थिइन्– 'घृतं मे वीर भक्ष्यं स्यात्' यसबाट देवताहरूको भक्ष्य घ्यू (घृत) सिद्ध हुन्छ। फेरि ऋग्वेदमा पनि

भनिएको छ – 'न ऋते त्वाममृता मादयन्ते' अर्थात् हे अग्नि ! तिमीविना देवता तृप्त हुँदैनन् ।

यसकारण यज्ञहरू सम्पादन गर्दा विशेष सुगन्धित तथा देवताहरूको प्रिय पदार्थ नै वेद मन्त्रहरूका साथ अग्निलाई समर्पित गरिन्छ एवं यज्ञ कार्यलाई स्वच्छ तथा पवित्र स्थानमा गरिन्छ र यस कार्यबाट उत्पन्न धुवाँ वायुमण्डललाई शुद्ध गर्नमा पूर्ण सक्षम छ ।

तपाईले कैयौं व्यक्तिहरूलाई प्रात: प्रात: ताम्रपात्रले जलपान गर्दै गरेको देख्नु भएको होला । यस विषयमा हाम्रा पूर्वजहरूको भनाइ छ कि भररात्रि ताँमाका लोहटा अथवा अंखरामा राखिएको जल प्रात: (कुल्ला गरे पश्चात्) पान गर्नु स्वास्थ्यका लागि उत्तम हुन्छ । बिहान यो नियमलाई पालना गर्नेवालाले यो कुरालाइ राम्ररी अनुभव पनि गरेका होलान् । यसमा वैज्ञानिक कारण यो छ कि ताम्रपात्रमा रात्रिभर राखिएको जलमा ताम्र आयान्स (आवेशित परमाणु) आउँछन् । ताँमा हाम्रो शरीरको लागि जुन अंशमा उपयुक्त हुन्छ त्यो यो जलबाट प्राप्त हुन जान्छ । यो नै स्वास्थ्य रक्षक या स्वास्थ्य निर्माता हुन्छ । प्राचीन कालदेखि नदीहरूमा द्रव्य चढाउने कुरा पनि यही कारण हो किनकि पुराना जमानामा द्रव्य केवल ताम्र, रजत अथवा स्वर्णका नै हुने गर्दथे एवं नदीहरूमा यी मुद्रा हाल्नाले तिनको जल सम्वन्धित धातुहरूको आयान्ससँग सदैवयुक्त रहन्थ्यो ।

अन्त्यमा, विवाहका समय स्त्रीहरूलाई प्राय: रक्तवस्त्र एवं आभूषणादिद्वारा विभूषित गराइने प्रथा छ । स्त्रीहरूको सिउँदोमा सिन्दूर पनि अर्पण गरिन्छ । यी सबै कुराका पछाडि मूल कारण मंगल ग्रहका कुप्रभावलाई नष्ट गर्नु हो । यो एक प्रामाणिक तथ्य हो कि मंगल ग्रहका किरणहरू रक्त रङ्का हुन्छन् एवं यो पनि एक वैज्ञानिक तथ्य हो कि रक्त वस्तुहरू रक्त रंगलाई परावर्तित गर्न सक्षम हुन्छन् । उक्त मंगल कार्यमा राता रंगका वस्त्रहरू धारण गर्नाले मंगलका रक्त किरणहरू जातकका शरीरबाट परावर्तित हुनाले, आफ्नो कुप्रभाव पार्न समर्थ हुँदैनन् । यही प्रयोजनले नै यसो गरिने गरिएको हो । अस्तु !

प्रस्तुती : पं. चेतनारायण घिमिरे

हे भारतवर्ष

हे प्राचीन भारतवर्ष ! हे मानव जातिलाई पालन गर्ने ! हे पूजनीया ! हे पोषणदात्री ! तिमीलाई नमस्कार छ ! शताब्दीयौंदेखि लगातार भइरहेको पाशविक अत्याचारले तिमीलाई आजसम्म नष्ट गर्न सकेको छैन । तिमीलाई स्वागत छ । हे श्रद्धा, प्रेम, कला विज्ञानकी जन्मदात्री ! तिमीलाई वारम्वार नमस्कार छ ।

– एम. लुई. जेकोलियट

हिन्दूको अकृत्रिमता

हिन्दूहरूको मुखाकृतिमा जीवनको प्रकृतरूपको दर्शन हुन्छ हामीले त कृत्रिमताको आवरण ओडेका छौं । हिन्दू मुखमण्डलको सुकुमार रूप रेखाले कर्ताको कराङ्गुष्ठको छाप देखिन्छ ।

– जर्ज वर्नाड शा

"सत्यं वदः धर्म चरः ।"

कृषि विकास बैंक

किसान, व्यापारी, उद्यमीहरू र सबैको हो । हामी ग्रामीण कृषिकर्जा, व्यापार–कर्जा र बैंकिङ्ग सुविधाहरू समेत प्रदान गर्दछौं । हाम्रा मुख्य ऋण लगानी कार्यक्रमहरू निम्न अनुसार छन् :–

- कृषि उत्पादन
- कृषि सामाग्री
- सिंचाई
- फलफूल खेती
- चिया/कफि
- घरेलु तथा साना उद्योग
- उपयुक्त प्रविधि आदि ।

हाम्रा प्रमुख प्राथमिकताका क्षेत्र विशेष गरी कृषि विकाससंग सम्बन्धित छन् । यसको लागि हामी सुलभ व्याजदरमा ऋणहरू उपलव्ध गराउँछौं । सरकारका कतिपय कार्यक्रमहरू कार्यान्वयन गर्ने जिम्मेवारी पनि बैंकलाई छ । बदलिदो प्रतिस्पर्धात्मक बैंकिङ्ग बातावरणमा हामीलाई सेवा गर्ने मौका प्रदान गर्नुहोस् ।

कृषि विकास बैंक

मुख्य कार्यालय
रामशाहपथ, काठमाडौं ।
फोन नं. २११७४४, २११८०२–८०६, टेलेक्स २२६७,
तार: कृषि बैंक, फ्याक्स: ९७७–१–२२५३२९

"सबैको भलाई हाम्रो उद्देश्य"

विद्युत वचत गरौं – विद्युत विल घटाऔं

१. कोठा वा घरको अन्य भागमा कोही नभएको बेला वत्ती निभाउने गरौं ।

२. चिमको सट्टा ट्यूव लाइट प्रयोग गरौं ।

३. समय–समयमा चिम र ट्यूव लाईटमा जमेको फोहर सफा गरौं ।

४. साधारणतया: धेरै उज्यालो नचाहिने ठाउँहरू जस्तै भऱ्याङ बाथरुम आदिमा कम वाटको चिम प्रयोग गरौं र

५. कोठामा सकेसम्म उज्यालो रङ्ग प्रयोग गरौं ।

विशेष अनुरोध

१. विद्युत खपत वढी हुने साँझको समयमा इस्त्री लगाउने, पानी तताउने, लुगा धुने जस्ता विद्युत उपकरणहरू सकभर प्रयोग नगरौं ।

२. सडकको वत्ती दिउँसो निभाऔं ।

३. कसैले विद्युत दुरुपयोग गरेको थाहा भएमा तुरुन्तै नजिकको विद्युत कार्यालयमा खवर गरौं । नाम गोप्य राखी आकर्षक पुरस्कार पनि दिइने छ ।

नेपाल विद्युत प्राधिकरण

वितरण तथा ग्राहक सेवा निर्देशनालय

"सेवा नै हाम्रो सन्तुष्टी"

श्रीकृष्ण जन्माष्टमीको

पुनीत अवसरमा ग्राहक वर्ग एवं समस्त देशवासीहरूमा

हार्दिक मंगलमय

शुभ-कामना ब्यक्त गर्दछौं ।

नेपाल वंगलादेश बैंक लिमिटेड

रामरुक्मणी सदन, पो.ब.नं. ९०६२ रामशाहपथ, काठमाडौं

फो.नं. ४१९२९७, ४१८७०७ फ्याक्स नं. ९७७–१–४१०६४४

"सर-सफाई साथ हराभरा रहनु नै आजको ठूलो धर्म हो"

श्रीकृष्ण जन्माष्ठमीको
पुनीत अवसरमा समस्त देशवासीहरूमा
हार्दिक मंगलमय शुभ-कामना ब्यक्त गर्दछौं ।

विदुर विक्रम शाह
वडा अध्यक्ष तथा ३४ नं. वडा परिवार, काठमाडौं

"सर-सफाई साथ हराभरा रहनु नै आजको ठूलो धर्म हो"

श्रीकृष्ण जन्माष्ठमीको पुनीत अवसरमा समस्त देशवासीहरूमा
हार्दिक मंगलमय शुभ-कामना ब्यक्त गर्दछौं ।

बेलप्रसाद श्रेष्ठ
(नगरप्रमुख)
धुलिखेल नगरपालिका परिवार, काभ्रेपलाञ्चोक

"मृत्योमा अमृतम् गमय"

उत्तर अमेरिकामा बस्ने प्रवासी नेपालीहरूको प्रतिनिधित्व गर्ने उत्कृष्ठ पत्रिका

"दियालो" (त्रैमासिक)

लेख, रचना, संस्मरण, रोचक जानकारिमूलक समाचारसाथ देश विदेशका
विविध ज्ञान सहित अव वजारमा सर्वत्र उपलब्ध छ ।

नेपाल सम्पर्क कार्यालय :
वैदिक उद्‌बोधन संघ
वत्तिसपुतली, काठमाडौं ।

पो.व.नं. : ६१३७
फोन : ४७१७०९

(धर्म, कला, संस्कृति, साहित्य र दर्शन सम्बन्धी संगालो)

चैतन्य ज्योति
(अर्धवार्षिक)

साथमा
विविध रोचक जानकारी सहित

अब बजारमा शिघ्र उपलब्ध हुँदैछ

सम्पर्क :
वैदिक उद्‌बोधन संघ

क्रमागत श्रृङ्खला – २

आचार्य चाणक्य र अर्थशास्त्र

प्रा. डा. ऋषिराम पोखरेल



आचार्य कौटिल्य – तक्षशीला विश्व विद्यालयमा

१. प्रसङ्ग र प्रवेश

१.१ "आचार्य चाणक्य र अर्थशास्त्र" शीर्षकमा लेखिएको यो दोस्रो श्रृङ्खला हो। श्रृङ्खला शव्द संस्कृत भाषाको श्रङ्ग+खल्+टाप् (आ) = श्रङ्गेन (प्रधान कुराको वरिपरी घुम्ने चर्चा गर्ने हुँदा) सिंगले स्खलति= कुरा फुस्काउँदै, चर्चा चलाउँदै जान्छ भन्ने व्युत्पत्तिवाट स्त्रित्त्व विवक्षा (स्त्रीलिङ्ग वुझाउने अर्थ) मा वनेको हो। संस्कृतमा अर्थका आधारमा अर्थात् जस्तो शव्दको अर्थ वुझाउनुपर्ने, जुन लिङ्गले साथ दिनुपर्ने हुन्छ। त्यसैको भरमा तीनै लिङ्गमा प्रयोग हुन्छ। अत: पृषोदरादि गणमा पर्ने "स्खल" धातुवाट वन्ने हुँदा व्याकरणका सामान्य नियम भन्दा भिन्नै विशेष गुण अनुसारको प्रक्रियाले वनेको 'श्रृङ्खला-ल-लम्' संस्कृत शव्द भण्डारवाट नेपाली भाषाले श्रृङ्खला शव्द लिएको हो। तसर्थ एउटा मुख्य शीर्षक वा विषयलाई लिएर अगाडि बढ्दै जाने चर्चा वा लेखमाला आदिलाई श्रृङ्खला शव्दले वुझाउने गर्दछ र त्यहीं क्रममा आचार्य चाणक्य र अर्थशास्त्रको यो चर्चालाई श्रृङ्खलाको उपनाम (विशेषण) दिइएको हो।

१.२ आचार्य कौटल्य (चाणक्य–चणकका छोरा) लाई कुटिल राजनीति (कपटपूर्ण, कूट, टेडो-मेडो,

छल-छाम गरी स्वार्थ, लक्ष पूर्णगर्न) मा सिपालु भएकोले कौटिल्य भनिएको हो। कसैले कौटिल्यकी आमाको नाम कुटला थियो। कुटलाको छोरा वा अपत्य (सन्तान) भन्ने अर्थमा संकृत व्याकरण अनुसार 'अण्' प्रत्यय भएर कौटल्य बन्दछ भनेका छन्। अर्काथरिले 'कुटिला' भन्ने आमाको सन्तान (अपत्य) भएकोले उनलाई कौटिल्य मानेका छन्। यसरी चाणक्य र कौटल्य या कौटिल्य यी नामले चणक उनका बुवा र कुटला वा कुटिला भन्ने उनकी आमाको संझना हुन्छ। यहाँ अर्को कुरा के पनि बुझ्नुपर्ने छ भने आचार्य कौटिल्यको विष्णुगुप्त भन्ने नाम उनका पिताले न्वारनमा राखेका थिए।

काव्य, निबन्ध, नाटक र कोष ग्रन्थहरूमा सर्वत्र स-सम्मान उल्लेखित छ। विश्वको इतिहासमा अर्थशास्त्रको निर्माण र प्रयोग गरी आफ्नै जीवनमा पूर्ण सफलता पाउने व्यक्तिहरूमा आचार्य कौटिल्यभन्दा अर्को मान्छे अझै जन्मेको छैन। हिन्दू, बुद्ध, जैन, आदिले मात्र हैन क्रिश्चियन, मुहम्मद, यहुदी आदिले पनि कौटिल्यकै कुटनीति प्रयोग गर्दै आएका छन् र कौटिल्यकै कुटनीतिले आजको विश्वको राजनीति बाँचेको छ। विश्वको राजनैतिक सन्तुलन कायम रहेको छ। हैन भने अर्को कुन चाहिं त्यस्तो प्रामाणिक ग्रन्थ छ त्यो कुनै हिम्मतवालले देखाउन सक्नुपर्छ। स्वार्थले,

आचार्य कौटिल्यको अर्थशास्त्रभित्र एउटा राज्यभित्र (अथवा भनौं एउटा सानो संसारभित्र हुन सक्ने र हुनुपर्ने कुरो भनौं कि संसारमा पाइने र चाहिने) सबै कुरा परेका छन्। "अतएव कौटिल्यको अर्थशास्त्रले यस दुनियाँका सबै कुरा समेट्ने प्रयत्न गरेको छ र विश्वमा कौटिल्य अर्थशास्त्रको दाँजोमा आउन सक्ने कुनै पनि अर्को अर्थशास्त्र आजसम्म बनेको छैन, भने उनी जस्तो अर्को अर्थशास्त्री पनि जन्मेको छैन।"

यसो हुँदा चाणक्य, विष्णुगुप्त, कौटिल्य वा कौटल्य मध्ये यहाँ कुनैपनि नामले आचार्य चाणक्यलाई नै संकेत गरेको सम्झिनुपर्ने हुन्छ।

१.३ आचार्य कौटिल्यको दुई किसिमको व्यक्तित्व यो दुनियाँमा देखिन्छ। उनले नन्दवंशको उन्मूलन गरेर मौर्य साम्राज्यको स्थापना गरी आफ्नो कुशल राजनीतिको परिचय दिए। यसबाट उनी एक कुशल एवं सफल राजनीतिका ज्ञाता र प्रयोक्ता ऐतिहासिक व्यक्तित्वहरूमा जेठा गनिए। दोस्रो व्यक्तित्वले उनको त्यो व्यक्तित्वलाई पनि उछिन्ने गरी विश्वको अनौठो र अद्वितीय अर्थशास्त्र प्रणेताको पहिलो ठाउँ पायो। संस्कृत साहित्यमा आचार्य कौटिल्यको नाम ज्यादै आदरणीय र उल्लेखनीय रहेको छ। कौटिल्यको नाम पुराण, महाभारत,

डाहाले, लोभले अथवा डर-धाक धम्की र शक्तिले संसारमा सत्यलाई सधैं छोपेर राख्न सकिदैन। यो त्रिकाल सत्य छ।

२. अर्थशास्त्रको विशेषता

२.१ कौटिल्य, चाणक्य, विष्णुगुप्त आदि नामका एकै व्यक्ति हुन्। उनको अर्थशास्त्रलाई कौटिल्य अर्थशास्त्र भनिन्छ। शास्त्र भनेको मर्यादाको, कर्तव्य-अकर्तव्यको अनुशासन गर्ने (सिकाउने, शिक्षा दिने) वाङ्मय हो। संस्कृत वाङ्मयमा अर्थशास्त्रको अर्थ भन्ने शब्दले आठ किसिमको अर्थ बुझाउँछ। (१) प्रकार (२) विषय (३) वित्त (धन) (४) कारण (५) वस्तु (पदार्थ) (६) अभिधेय (शब्दार्थ) (७) वृत्त (गतिविधि, व्यवहार, चालमाल) र (८) प्रयोजन। यहाँ अर्थ

शब्दले जिन्सी र नगदी पदार्थ वा धन-सम्पत्ति बारे आवश्यक योग र क्षमलाई बुझाउने शास्त्र भन्ने बुझिन्छ । योगको अर्थ संस्कृत वाङ्मयमा धेरै विद्वान्ले धेरै प्रकारले बुझाएका छन् । आचार्य पतञ्जलिले योगसूत्रमा योगको अर्थ चित्त र वृत्तिलाई जथाभावी हिड्न नदिई एकै वस्तु तत्त्वमा स्थिर हुने गरी रोक्नुलाई भनेका छन् – "योगश्चित्तवृत्तिनिरोधः" योगेश्वर जगद्गुरु श्रीकृष्णले गीतामा योगको "कर्ममा कुशलता" भन्ने अर्थ गरेका छन् ।

२.२ चित्त र वृत्तिलाई रोकेर एकलव्य झैं लागी परेमा ने कर्ममा कुशलता प्राप्त हुने कुरो दुनियाँले बुझेको छ । केही आचार्यहरूले जीवात्माले पर मात्माको अनुसन्धान गरी त्यसमा आफुलाई जोड्नु योग हो भनेका छन् । गणितज्ञहरूले योग भनेको दुई अलग–अलग राशि वा वस्तुलाई एउटै ठाउँमा, एउटै राशिमा, एउटै थुप्रोमा मिलाउनु वा जोड्नु नै हो भन्दछन् । यी सबैले गरेका अर्थ हेर्दा जोड्नु वा मिलाउनु वा प्राप्त गर्नु भन्ने अर्थ सबैतिर मिल्ने देखिन्छ । सामान्य अर्थमा अप्राप्त वस्तुलाई प्राप्त गर्नु वा गराउनु नै योग हो । क्षेमको अर्थ हो हित -कल्याण र सुरक्षा । यसकारण अर्थ अर्थात् धन दौलतको प्राप्ति र हित सुरक्षा गर्न गराउन अनुशासन (मर्यादा, तौर, तरिका) सिकाउने शास्त्रलाई अर्थशास्त्र भन्नु युक्तिसंगत देखिन्छ । संस्कृत साहित्यमा प्रयोग हुने अर्थ शब्दले आठ कुरा बुझाउँदछ । ती आठै वटा अर्थलाई कौटिल्यले आफ्नो अर्थशास्त्रको सीमाभित्र राखेका छन् । "समाजका हरेक कुरा विना प्रयोजनका छैनन् । संसारमा अर्थ एवं राज्यनीति नै सबैकुरा हो । राजनीति र अर्थनीति एक-अर्काका पूरक हुन् । अतः अर्थशास्त्रले राज्य वा विश्वका सबै कुरा बताउनु पर्छ ।" भन्ने धारणा आचार्य कौटिल्यको रहेको छ ।

२.३ आचार्य कौटिल्यको अर्थशास्त्रभित्र एउटा राज्यभित्र (अथवा भनौं एउटा सानो संसारभित्र हुन सक्ने र हुनुपर्ने कुरो भनौं कि संसारमा पाइने र चाहिने) सबै कुरा परेका छन् । "अतएव कौटिल्यको अर्थशास्त्रले यस दुनियाँका सबै कुरा समेट्ने प्रयत्न गरेको छ र विश्वमा कौटिल्य अर्थशास्त्रको दाँजोमा आउन सक्ने कुनै पनि अर्को अर्थशास्त्र आजसम्म बनेको छैन, भने उनी जस्तो अर्को अर्थशास्त्री पनि जन्मेको छैन ।" भनिन्छ वेदव्यासको महाभारतमा नभएको धर्म-अर्थ-काम-मोक्षको कुरो कतै छैन भने झैं कौटिल्यको अर्थशास्त्रमा उल्लेख नभएको राज्य सम्बन्धी ज्ञान र सामाजिक शास्त्रको विषयमा वा क्षेत्रमा अन्यत्र कतै पनि एकै ठाउँमा लेखिएको देख्न पाइएको छैन र पाइदैन होला पनि ।

३. <u>कौटिल्य अर्थशास्त्रको अन्तर विभाजनः</u>

३.१ आचार्य कौटिल्यले आफ्नो अर्थशास्त्रलाई १५ अधिकरण, १५० अध्याय र १८० प्रकरणमा निर्माण गरेका छन् । अधिकरणको अर्थ कुनै एक कुरालाई उठाएर त्यसको सर्वाङ्गपूर्ण निरुपण गर्नु हो । जो करीब ६ हजार श्लोक हुन सक्छ । अर्थात् आचार्य कौटिल्यको अर्थशास्त्रमा भएका सबै अक्षरलाई ३२ अक्षरको अनुष्टुप छन्दमा लेख्ने हो भने लगभग ६ हजार श्लोक हुन्छ । पहिलो अधिकरणको नाम विनयाधिकारिक अधिकरण रहेको छ । कौटिलीय अर्थशास्त्रले मंगलाचरण र पूर्वाचार्य (पहिलेका अर्थशास्त्री, आचार्यहरू) को स्मरण गर्दै ओंङ्कार सहित आचार्य वृहस्पति र शुक्राचार्यको नाम लिएका छन् । ग्रन्थको मंगलाचरण र शुक्र-बृहस्पति स्मरण पछि आचार्य कौटिल्यले आफूले लेख्न सुरु गरेको "अर्थशास्त्रको ग्रन्थ बनाउनुको प्रयोजन राज्य लाभ र संरक्षण हो र पूर्वाचार्यहरूले जे जति पक्ष वा अर्थशास्त्रको नाममा चलाए, ती सबैलाई प्रायः

समेटेर मैले यो अर्थशास्त्रको ग्रन्थ बनाएको हूँ" भन्ने कुरा लेखेका छन्। आचार्य कौटिल्यले आफ्नो अर्थशास्त्रको पहिलो विनयाधिकारिक अधिकरणको आरम्भमा राजवृत्ति निरुपण गर्नु अगि त्यसमा (कौटिल्य अर्थशास्त्रमा) बताइने सम्पूर्ण विषयहरूको विवरण सूक्ष्म रूपमा दिएका छन्। ती प्रत्येक विषयको उल्लेख गर्नु यस चर्चाको विषय भएकोले यहाँ यथा प्रस्तुत गरिनेछ।

३.२ कौटिलीय अर्थशास्त्रका प्रकरण र अधिकरणहरूका प्रत्येक समुद्देश (निरुपण क्रम) को विवरण अनुसार राजवृत्ति निरुपण नामक पहिलो अधिकरणमा (१) विद्या विषयक विचार (२) वृद्धजनहरूको संगत (३) इन्द्रिय जय (४) अमात्यहरूको नियुक्ति (५) मन्त्री र पुरोहितको नियुक्ति (६) गोप्य तरिकाले अमात्य आदिको आचरण परीक्षा (७) गुप्तचरहरूको परिचय (८) गुप्तचरको नियुक्ति (९) स्वदेशका कार्याकार्य सुरक्षा (१०) परराष्ट्रको कार्याकार्य ज्ञान (११) मन्त्रणा गर्ने र लिने दिने अधिकार (१२) राजदूतहरूको नियुक्ति (१३) राजपुत्रको सुरक्षा प्रवन्ध (१४) नजरबन्द राजपुत्रको व्यवहार (१५) नजरवन्द ``गको व्यवहार (१६) राजाका कार्यहरू (१७) राजदरवार वा अन्तरंग राजभवनको निर्माण र (१८) राजाको आत्मरक्षाका उपायहरू, विशेष रूपमा निंरुपण गरिएका छन्।

३.३ कौटिल्य अर्थशास्त्रको दोस्रो अधिकरणको मुख्य विषय अध्यक्ष प्रचार अर्थात् अध्यक्षहरूको योग्यता, नियुक्ति र कामको निरुपण गर्नु हो। यस अन्तर्गत (१) जनपद (गाउँवस्ती र देश) को संस्थापन (२) जमीनलाई कामको प्रकृति र जमीनको प्रकृति हेरेर वर्गीय उपयोगमा ल्याउने कार्य योजना (३) किल्ला र गढ-गढीहरूको निर्माण (४) किल्ला रक्षकद्वारा सुरक्षा व्यवस्था (५) समिधाताको काम (संचयकोष, शस्त्रागार, आदिको निर्माण एवं जिम्मेवारी) (६) समाहती (किल्ला, खानी, वन, बस्ती, व्यापारी र बजारवाट कर लिने) को व्यवस्था (७) अक्ष गृह (आय-व्यय गर्ने पण्य गृह) का गणकको काम (८) बाँकी र शोधभर्ना (९) उचित जाँच गर्ने व्यवस्था (१०) आधिकारिक शासक र अधिकार (११) राजकोषमा राख्न योग्य रत्नपरीक्षा व्यवस्था (१२) खानीहरूको निरीक्षण परीक्षण र व्यवस्था (१३) अक्षशाला (सुनचाँदी व्यापार) मा सुवर्णकारको नियुक्ति र व्यवस्था (१४) राज्यका सुवर्ण गहना व्यपारी र गहना बनाउनेको व्यवस्था (१५) कोष्ठारागाराध्यक्ष (जिन्सी तिरो बुझ्ने राख्ने, कुटान-पिशान गर्ने आदि हेर्ने अधिकारी) को व्यवस्था (१६) पण्याध्यक्ष (व्यापार सम्वन्धी रेखदेख गर्ने अधिकारी) को व्यवस्था (१७) कुट्याध्यक्ष (वन र वन पैदावार एवं वन्य जन्तु सम्वन्धी अधिकारी) को व्यवस्था (१८) आयुधागाराध्यक्ष (अनेक हातहतियार सम्बन्धी व्यवस्थापक) को व्यवस्था (१९) तुलमानपोत व्यवस्था (मालपोत, नापतौल आदि हेर्ने अधिकारी व्यवस्था) (२०) देश र कालको मानव व्यवस्था (२१) शुल्काध्यक्षको नियुक्ति र कार्य व्यवस्था (२२) सूत (रथ यान चालक) एवं कपडा बुनाई उद्योग आदिका अध्यक्षको काम र नियुक्ति (२३) जमीन जोतेर रेखदेख गरेर कृषिकार्य गर्ने अध्यक्ष (नाइके) को नियुक्ति र काम (२४) मादक वस्तु मदिरा आदि कुराको उत्पादन बिक्री बितरण आदिको व्यवस्थापक, (२५) सूनाध्यक्ष व्यवस्था (बध्यस्थान एवं शिकार गर्ने ठाउँ र व्यवस्थापन) (२६) गणिकाध्यक्ष (वेश्यालयको व्यवस्थापक र नियन्त्रक) (२७) नावध्यक्ष (डुङ्गा, जहाज, पुल, साँघु, घाट, घिर्लिङ्ग आदि जलीय उत्पादन माछा, शंख, मोती आदि हेर्ने) (२८) गोष्टाध्यक्ष (पशु विभाग हेर्ने,

वस्तुपालन उत्पादन, वितरण, पशु रोग उपचार, रोकथाम, पशु ढुवानी पशुजन्य उत्पादन र वितरण) (२९) अश्वाध्यक्ष (तवेलाको रेख-देख घोडा उत्पादन प्रयोग आदि हेर्ने) (३०) हस्त्यध्यक्ष (हात्ती घरको र हात्तीको व्यवस्था हेर्ने) (३१) हस्तिहरूका तह एवं हस्ति प्रचार (तालिमे, लडाकू, सवारी (ढुवानी) र ज्यानमारा हात्ती आदिको व्यवस्था गर्ने) (३२) रथ र पैदल सेनाध्यक्ष तथा सेनापतिको कार्य व्यवस्था (३३) राहदानी (पासपोर्ट) र चौर, चरन एवं जंगली मैदानको रेख-देख व्यवस्था (३४) समाहर्ताको व्यवस्था (राष्ट्रको सबैथरी अपकर, मालपोत असूली, शुल्क आदि उठाउने र तिनको किसिम एवं तहको अभिलेख समेत राख्ने) (३५) नगर व्यवस्थापक (नगरमा प्रवेश, व्यापार, भोजन, आवास, वस्तु उत्पादन वितरण आदि हेर्ने) समेत सबै विभागाध्यक्षहरूको नियुक्ति काम, कर्तव्य र अधिकार यसमा पर्दछन्।

बाँकी अर्को अंकमा......

अब इन्टरनेटमा आयुर्वेदिक कलेज



संसार भरि नै आयुर्वेदिक चिकित्सा बढ्दो लोक प्रियताको कारणबाट भारत, हरियाणा राज्यको फरिदावादको जीवा संस्थाले एउटा विशेष खालको आयुर्वेदिक कलेजको स्थापना गरेको छ। यो कलेज इन्टरनेटमा आधारित छ। यस कलेजको छात्र छात्राहरूको रूपमा डाक्टर, वैज्ञानिक र प्रोफेसरहरू रहेका छन्।

तपाईहरूलाई आस्चर्य लाग्न सक्छ इन्टरनेटको कलेजले कसरी काम गर्छ? यो कलेज भिन्दै ढंगले चल्छ। कलेजले इन्टरनेटमा लेक्चर प्रसारित गर्छ जसवाट कलेजका छात्र–छात्राहरूले ग्रहण गर्छन्। त्यसपछि "चर्चा पत्र" हुन्छ जसमा विद्यार्थीले सोधेको प्रस्नको जवाफ डा. प्रताप सिं चौहानले दिनु हुन्छ। उनले एक वर्ष अगाडिदेखि नै इन्टरनेटको माध्यमबाट आयुर्वेदिक क्लिनिक चलाई रहेका छन्।

विद्यार्थी तथा रोगीहरूलाई आफ्नो घर तथा देशमा भएको जडिवुटि केहि केहि औषधि वनाउन र अनुसन्धान गर्ने सल्लाह पनि दिनु हुन्छ। घरमा नै उपलब्ध हुने अदुवा, मह आदि साधारण चीजवाट तयार गर्न सकिन्छ जुन सर्व सुलभ पनि छ।

श्रोत : इण्डिया पर्सपेक्टिभ

बाल–बगैंचा

सुदामासित भेट

श्रीमती हिरण्यकुमारी पाठक

भगवान् श्रीकृष्णका गुरुकुलका साथी सुदामा अत्यन्त गरीब थिए तर उनी बडो सन्तोषी थिए । एक दिन उनकी पत्नीले भगवान् श्रीकृष्ण सारै दयालु हुनुहुन्छ र साथी पनि हुनुभएकाले हाम्रो अवश्य मद्दत गर्नुहुनेछ, एकपटक भेटेर आउनुस् भनेर जिद्दी गरी एउटा सानो चिउराको पोको साथमा दिएर पठाइन् । श्रीकृष्णले सुदामालाई देखेर बडो प्रसन्न भई आदरसाथ आफ्नो पलङ्मा बसाल्नुभयो र नाना व्यञ्जन तयार गरी भोजन गराउनु भयो । त्यत्रो महलमा आफूले ल्याएको चिउराको सानो पोको सुदामालाई देखाउन लाज भइरहेको थियो । भगवान् श्रीकृष्णले त्यो चाल पाएर पोको तानेर एक मुठी चिउरा खानुभयो । त्यो चिउरा खानेबित्तिकै सुदामाको घर अपार सम्पत्तिले भरियो । जब सुदामा आफ्नो घर फर्के, त्यो सबै सम्पत्ति र नयाँ घर देखेर छक्क परे र प्रभु श्रीकृष्णको कृपा पाएकोमा धन्य सम्झी सुखपूर्वक बसे ।

एकचोटी कुरुक्षेत्रको समन्तपञ्चक तीर्थमा सूर्यग्रहण स्नान गर्दा ब्रजबाट नन्दबाबा, गोप, गोपीहरू, मैया यशोदा सबै परिवारसँग भगवान् श्रीकृष्ण र बलरामको भेट भयो र यसै खुसीमा श्रीवसुदेवले त्यहाँ एउटा यज्ञ गराउनुभयो ।

ग्रहण स्नान गर्दा श्रीकृष्णले समुद्रमा डुबेका आफ्ना गुरुका छोरालाई यमलोकबाट ल्याएर दिनुभयो । यसको जानकारी माता देवकीलाई भएपछि कंसले उनका पुत्रलाई मारेको थियो । तिनलाई पनि फिर्ता ल्याइदिन आग्रह गर्नुभयो । श्रीकृष्णले माताको आज्ञा त मान्नैपर्‍यो । दुवै भाइ रथमा चढेर सुतल लोकमा जानुभयो । त्यहाँका राजा दैत्यराज बलिले बडो प्रेमपूर्वक पूजा गरे । मरीची ऋषिका पुत्रले ब्रह्माजीको खिसी उडाएकाले ब्रह्माजीको श्रापले उनीहरू राक्षस भएका थिए ।

तिनीहरूले नै योगमायाको कृपाले देवकीको गर्भबाट जन्म पाएका थिए जसलाई कंसले बडो निर्दयी भएर मारेको थियो । मारेपछि उनीहरू फेरि सुतलमा नै थिए । राजा बलिसँग आफ्ना ती भाइहरूलाई मागेर श्रीकृष्ण र बलराम द्वारिका आउनुभयो । माता देवकीले खुसी हुँदै ती सबैलाई आफ्नो काखमा राखेर माया गर्नुभयो । श्रीकृष्णले सबैलाई छोएको हुँदा श्रापबाट मुक्त भए ।

मिथिलाका राजा बहुलान र मिथिलामा बस्ने श्रुतदेव ब्राह्मण दुवैकहाँ जान ऋषिहरूसँग भगवान् मिथिला पुग्नुभयो । मिथिला पुग्नेबित्तिकै राजा र ब्राह्मण दुवैले पहिले आ-आफ्ना घरमा आउन निमन्त्रणा गरे । दुवै प्रभुका प्रेमी थिए, अनादर त भएन । त्यस कारण श्रीकृष्णले ऋषिसहित दुवैतिर आफूलाई आधाआधा भाग लगाउनुभयो र दुवैका घरमा श्रीकृष्णचन्द्रको स्वागत भयो । दुवैले आफ्ना घरमा नै प्रभु बस्नुभएको छ भन्ने ठानेर प्रसन्न भई खुब स्वागत गरे । श्रीकृष्ण केही दिन बसी द्वारका फर्कनुभयो ।

दुर्योधनले अर्जुनलाई युद्ध नगरीकन पाँच गज पनि नदिने भनेपछि युद्ध हुने निश्चय नै भयो । भगवान् श्रीकृष्णसँग सहायता माग्न दुवै

जना एकैचोटि पुगे। श्रीकृष्ण त्यस वेला सुतिरहनुभएकाले दुर्योधन पुगेर सिरानी छेउमा बस्यो। एकछिनपछि अर्जुन आएर प्रभुको पाउसँगै बसे । श्रीकृष्णका आँखा खुल्नासाथ अर्जुनलाई देख्नुभयो र के कारणले आएका सोध्नुभयो तर त्यत्तिकैमा दुर्योधनले म त पहिला आएको प्रभु भन्यो । श्रीकृष्णले भन्नुभयो, "तिमी पहिले आएको भए पनि मैले त पहिले अर्जुनलाई देखें । त्यसै कारण म दुवैको सहायता गर्छु । ल भन, एकातिर म भएको छु र अर्कातिर मेरो नारायणी सेना हुन्छ। कसले के लिने हो भन।"

यस्तो सुन्दा अर्जुनले भगवान्लाई नै रोजे। दुर्योधनले पनि खुशी हुँदै सेना लिन स्वीकार गऱ्यो ।

आफू-आफूमा युद्ध नहोस् भनेर सम्झाउन श्रीकृष्ण हस्तिनापुर जान लागेको थाहा पाएर द्रौपदीले, दुःशासनले आफ्नो अपमान गरेको कुरा नबिर्सनू भन्दै आफ्नो फुकाएर छाडेको कपाल देखाइन्। श्रीकृष्णले 'युद्ध त भइहाल्छ तैपनि कसैलाई दोष नलागोस् भनी म दूत बनेर जान लागेको' भनी द्रौपदीलाई सम्झाउनुभयो ।

श्रीकृष्णले सुदामालाई देखेर बडो प्रसन्न भई आदरसाथ आफ्नो पलङ्मा बसाल्नुभयो र नाना व्यञ्जन तयार गरी भोजन गराउनु भयो । त्यत्रो महलमा आफूले ल्याएको चिउराको सानो पोको सुदामालाई देखाउन लाज भइरहेको थियो । भगवान् श्रीकृष्णले त्यो चाल पाएर पोको तानेर एक मुठी चिउरा खानुभयो ।

卐

मुक्ति

दुष्ट जरासन्धले अनायास वीस हजार आठ सय राजाहरूलाई मुद्धमा पराजय गरेर दुर्गम पर्वतको एक जिल्लामा कैद गरेर राख्यो। भगवान् श्रीकृष्णले ती निरीह राजाहरूलाई जरासन्धको कैदवाट जव मुक्त गरिदिनु भयो – ती राजाहरूका शरीर र बस्त्र मयलले ढाकिएको थियो, भोकले दुर्वल भएका र मुख पनि सुकिरहेको थियो। धेरै लामो समयदेखि जेलवन्द भएकाले शरीरको सवै अङ्ग कमजोर देखिन्थ्यो। जेलवाट वाहिर निस्केपछि तीन सतिहरूले वर्षाकालिन मेघको समान सावला र सुन्दर शरीर भएका रेशमी पिताम्वर धारणा गरेको मन्द मन्द मुस्कानयुक्त श्रीकृष्ण भगवान्लाई देखे । उनीहरूको साथ पाप त भगवान्को दर्शनवाट धोइ सकिएको थियो । उनीहरूले भगवान् श्रीकृष्णको चरणमा शिर राखेर प्रणाम गरेर स्तुति गर्न लागे ।

प्रभु श्रीकृष्णको दर्शनवाट ती राजाहरूलाई यति आनन्द र शान्ति आयो कि कैदको सवै क्लेश विर्सदै गए । उनीहरूले हात जोडेर विनम्र वाणीवाट श्रीकृष्णको स्तुति गर्न लागे ।

- श्रीमद्‌भगवद्‌गीता

नेपाल सम्पदा

मन्दिर-परिचय

॥ जुन मनुष्यले भत्केको मन्दिर उद्धार वा जीर्णोद्धार गर्दछ, त्यो मनुष्य साक्षात् भगवान् नै हो ॥
– अग्निपुराण

हाम्रा महान् पूर्वजद्वारा श्रद्धा र भक्तिले ओतप्रोत भएर बनाइएका सांस्कृतिक निधिहरूको हालतअत्यन्त नाजुक भएर घोर चिन्ताको विषय बनेको छ। विश्वमा नै सर्वश्रेष्ठ कहलिएका हाम्रा मठ, मन्दिर, पाटी, पौवा, दरवार, ढुङ्गेधारा, चैत्य, स्तूप आदि चेतनाको अभाव र उपेक्षित भावनाले गर्दा हाम्रो आँखा अगाडि भत्कने, नष्ट हुने र चोरी हुँदै खण्डहरूको रूपमा परिणत भइरहेका छन् । जबसम्म चेतनाको अभिवृद्धि हुँदैन, साथै जनसहभागिता बेगर कार्य हुन्छ भने यी प्राचीन कृतिहरूको संरक्षण, सम्बर्धन हुन नसक्ने कुरा निर्विवाद छ। यिनै गम्भीर तथ्यहरूलाई चिन्तन-मनन गरेर अथवा केही गर्न सकिन्छ कि भन्ने पवित्र भावनाले ओतप्रोत भएर यस संघले स्थानीय व्यक्तिहरूको सहभागिता लिएर व्यापक रूपमा सर-सफाई गर्ने गरेको छ। साथै चेतनाको अभिबृद्धिको लागि सांस्कृतिक एवं ऐतिहासिक जानकारी भएका चिनारी पाटी राख्ने गरेको छ। संघले यस महान् कार्यलाई अभियानको रूपमा लैजान कटिबद्ध भएको र समाजका सबै बर्गबाट सहयोग र सद्भावको अपेक्षा राखेको छ।

– सम्पादक

ओं उग्रतारा बज्रयोगिनी



परापूर्वकालमा ब्रम्हा बिष्णु महेश्वरबाट मणिचूड पर्वतमा तप गर्दा प्रसन्न भै प्रकट भएकी योगा निन्द्रा स्वरुपी भएकी ईश्वरी हुन् सत्य युगका अन्त्यमा कलिङ्ग देशका राजा देवीदासले संसारका सुख भोग त्याग गरी छोरालाई राज तिलक दिई ओं श्री महामाया उग्रताराका शरणमा आई १ लाख महामन्त्र जपी तप गर्दा ईश्वरीबाट कार्तिक शुदि ९ का दिन शिव शक्ति दर्शन दिई स्वदेह मुक्ति दिई शिवलोक पठाए यस ठाउँमा मन्त्र जपेको अरु ठाउँभन्दा कोटी गुण बढी फल हुनेछ भनी बाणी भै अन्तरध्यान भइन् । फेरि कलियुग प्रथमपादमा सूर्यबंशी राजा धर्मागत देवले तप गरी नित्य तैलपाक कढाईमा प्रवेश भैयाक गरी ईश्वरीलाई तृप्त भोजन गराई फेरि जीव वर पाई र नित्य

सुवर्ण धेरै वरपाई ब्राह्मण, योगि गरीवलाई नित्य सुवर्ण दान गरी प्रजा पालना गरी आएका बखत उज्जयन नगरका राजा श्री विक्रमसेनको १२ वर्षको उमेरमा प्रथम कर्म नेपाल हो भनी ओं श्री पशुपतिनाथको दर्शन दिई यिनै परमेश्वरी उग्रताराबाट आकाशवाणी गरी स्वप्नविषे बोलाउनु भएकोले नेपाल विशालनगरमा आई धर्मागत देवराजाको चाकरी गरी चालचलन वुझी धर्मागत देव भन्दा अघि ओं श्री बज्रयोगिनीमा गै आफ्ना शरीरमा अनेक मसलाहरू राखि तैलपाक भै भोग लगाउँदा आफ्ना गण समेत भै ईश्वरी आई भोजन गर्दा साविकको भन्दा वहुतै खुशी भै हाडखुड जोडी जियाई हेर्दा आफैले आकर्षण गरी बोलाएको विक्रमसेन राजा नजर भै अव उप्रान्त यस्तो कर्म गर्नुपर्दैन भनी कढाई घोप्ट्याई विक्रमसेनलाई स्पर्शमणि समेत सो पिवरप्रसाद दिई पठायो र सो कुरा धर्मागत राजालाई सुनाउँदा विक्रमसेन राजालाई आफ्नो राजगद्दी सोपि दिई उद्धार भै गए उप्रान्त १२ वर्षसम्म विशालनगरमा बसी राज्यभोग गरी पछि आफ्ना स्वस्थान गए कलिगत १७९९ जाँदा श्री राजा श्री राजा शंकर देवले साँखु शहर बनाई यिनै ईश्वरीलाई प्रीति गरी चढाए। पछि नेपाली सम्वत् ६७० जाँदा श्री राजा सूर्यमल्लले यिनै शंखपुरमा ६ वर्षसम्म बसी ओं श्री बज्रयोगिनीलाई प्रार्थना गरी चैत्र शुदि पूर्णिका दिन ओं श्री बज्रयोगेश्वर महाकाल भैरब सिंहिणि व्यांघ्रिणि लगायत शंखपुरमा ल्याई चैत्र शुदि ३ का दिन र क्षारोहण मूल यात्रा गरी देश घुमाई वैशाख कृष्ण ७ का दिन स्वस्थानमा लैजाने गरी नगर यात्रा गर्नालाई धेरै खेत गुठी राखिदिए। कलिगत ३२४८-५० मा श्री राजा शिव देवघ दुराशा अंश १ योगि सहीत गै ओं श्री बज्रयोगिनीको बडो कष्टवाट चित्रकार मगाई रंगरोगन चढाई बडो सुन्दर रुप बनाई दिए। पछि विक्रम सम्वत् १९७१ साल फाल्गुण महिनामा अकस्मात् यात्रा गर्न देवीका घर मनि छेडीमा वाली राखेको अखण्ड धुनिबाट आगो बढी आई सल्की सो देवी चैत्ये बसुंधरा सिंहिनी व्याघ्रिनी घरको पीठमा १ चुकुल सुधा बाँकी नभई जम्मै जली मैदान भै भष्म भैगयो र श्री ३ महाराज चन्द्र शम्सेर ज.व.रा.बाट ७२ सालको यात्रालाई अर्को मूर्ति तयार गरी बनाई जीव न्यास प्राण प्रतिष्ठा गराई स्थान पनि दरवारी काइदाले गुमोज फलामको सत्तरी लगाई मजबुत तवरले बनाई बक्सेका हुन्। सो आगलागि हुँदा छेडीमा भएको फलामको कढाई र टाउको आगोले छुएन भष्म भएन यस्तो अद्भुत भयो। १९९० साल माघ शुदी ३० रोज २ का दिन भुकम्पले केही भएन।

–साभार देवमाला वंशावली

ॐ

हिन्दूको निष्कपटता

हिन्दूको चरित्र निष्कपटता र इमान्दारी नै मुख्य पहिचान हो। उनीहरू कहिल्यै पनि अनीतियुक्त वचन बोल्दैनन्।

– श्री क्रिडील

हिन्दूजन धार्मिक प्रशन्न न्यायप्रिय, सत्यभक्त, कृतज्ञ र प्रभुभक्त हुन्छन्।

– कवि स्यामुएल जोन्सन

सम्पादकलाई चिठ्ठी

वैदिक उद्बोधन–के छानें र के पाएँ

ओममणि शर्मा

'वैदिक उद्वोधन' भनेपछि वेद सम्बन्धी ज्ञान गराउने क्रिया भनेर अर्थ लगाउँछौं । त्यस वाहेक अरु पनि अर्थ लाग्न सक्छ होला । भावार्थ र शव्दार्थ जे लगाए पनि अहिले मेरो हातमा वैदिक उद्बोधन पत्रिका अंक ८ र अंक १० छ । त्यसमा रहेका रचनालाई दोहोऱ्याई पढिसकें र पनि चूरो निकाल्न गाऱ्हो भइरहेको छ ।

मेरो निम्ति 'वेद' रहस्यमय ब्रह्माण्ड जस्तै छ । जीवनको उत्तरार्द्धमा पाइला टेकेपछि मानिसमा धर्मप्रति चासो वढ्न थाल्छ भन्ने कता कता सुनेको थिएँ । त्यसैले होला आजकाल मलाई धार्मिक क्रियाकलाप प्रति अलि रुचिलाग्न थालेको छ । कतै त्यस किसिमको पत्र पत्रिका वा पुस्तक भेटियो भने बढो रुचि लिएर पढ्ने गरेको छु । त्यसैले वैदिक उद्वोधन पत्रिका मैले आजकाल रुचि लिएर पढ्ने पत्रिका मध्ये कै हो भन्न थालेको छु ।

पत्रिकामा छापिएका सवै सामग्री पढ्ने मेरो बानी थिएन र छैन । छापिएका सवै सामग्री मेरा रुचिका हुने गर्दैनन् । तर आजकाल शुरुदेखि अन्तसम्मका सबै रचना पढ्ने अभिरुचि बढाएको छ, वैदिक उद्वोधनले । यसमा छापिएका सवै रचना पढ्ने गरेको छु । वढो ध्यान दिएर पढ्दछु । धार्मिक जिज्ञासा नै यसको कारण भन्न सक्छु म ।

'वेद' रहस्यमय ब्रह्माण्डको नाउँवाट प्रकाशित यस पत्रिकाबाट मैले के छानें, के पाएँ र के सिकें त्यसलाई आफ्नै दृष्टिवाट व्याख्या गर्ने प्रयास गरेको छु ।

मानव शरीर ब्रह्मको अंश हो । ब्रह्म अनन्त छ, अक्षुण्ण छ । त्यसलाई चिन्न त्यस किसिमको ज्ञान चाहिन्छ, अन्तर्दृष्टि चाहिन्छ । ज्ञान हाम्रो शरीरभित्रै छ । आत्माको रुपमा शान्त भएर बसेको छ । अन्तर्दृष्टिले आत्मीय ज्ञानलाई जगाउनाले सत्, चित् र आनन्द प्राप्त हुन्छ । परमानन्दको प्राप्ति हुन्छ । "एउटा यस्तो वृक्ष छ जसको जरा माथि छ, हाँगाहरू तल छन् । त्यहि नै शाश्वत् ब्रह्म हो, त्यहि नै अविनाशी हो र त्यसैमा सवै लोकहरू आश्रित छन्, त्यहि नै आत्मा पनि हो ।" हांगा, पातहरू हुँदै त्यस वृक्षको जरासम्म पुग्नु नै ब्रह्म प्राप्ति हो र आत्मानुभूति प्रकाशबाट अविनाशी तत्त्वको प्राप्ति हो – पत्रिकाको अंक ८ मा रहेको श्यामसुन्दर ब्रह्मचारीद्वारा लिखित वेदान्त "शिर्षक" रचनाबाट आफ्नो लक्ष्य (ईश्वर) प्राप्तिका निम्ति अन्तरात्मालाई माझ्नु पर्नेतिर निर्देशित गरिएको पाइन्छ । त्यसैको ऋग्वेद: संक्षिप्त परिचय लेखवाट नारायणप्रसाद अधिकारीले ऋग्वेदको संक्षिप्त ज्ञान गराउनु भएको छ भने उमेश पाण्डेले स्वरोदय विज्ञान शिर्षकमा इडा, पिंगला र सुषुम्ना स्वरहरूवाट हाम्रो शरीरमा उत्पन्न हुने उर्जाको परिचय दिंदै वैदिक विज्ञानको प्रकाश पार्नु भएको छ ।

यस अंकमा सवैभन्दा बढी रचना राखिएको छ स्वामी चन्द्रेशको । उहाँको श्रीकृष्ण र भक्ति प्रसङ्गमा जीवनमा दैनिक क्रियाशील भइरहने काम

क्रोधादि मनोविकारहरूलाई भक्तिको आविर्भावले विलीन गराउनु पर्छ, भक्तिले विकृतिहरूबाट बचाउँछ, जीवनमा ब्रह्मको अनभूति प्राप्त गर्नका लागि भक्तिले नै बाटो लगाउँछ । भक्ति अनुभूति हो । आसक्ति, प्रमत्ततालाई पन्छाएर अन्तस्करणको पवित्रताबाट नै भक्ति पदको सोपान शुरु हुन्छ । मानसिक र आध्यात्मिक प्रस्तुति लिनु , दैनन्दिनीका कर्महरू ईश्वरलाई अर्पण गर्नु, अहंलाई त्याग्नु र निर्मल आचरण लिनु भक्तिको लक्षण हो । स्वामी चन्द्रेशले भक्तिले उपासना वढाउँछ र नित्य उपासनाद्वारा नै ईश्वरको सान्निध्य प्राप्त गर्न सकिन्छ भन्ने महा नायक श्रीकृष्णको उद्धरणलाई व्याख्या गर्नुभएको छ । उहाँको अर्को लेख शिक्षामा जीवन र धर्मको बारेमा व्यवहारिक ज्ञान, व्यवसायिक ज्ञान र विविध विषयको सैद्धान्तिक ज्ञान – यी तीन किसिमको नीति हुनुपर्छ र यसबाट मानवीय गुणहरूको अभिवृद्धि र व्यवहारिक दक्षता हासिल हुन सक्छ भन्ने धारणा दर्शाउनु भएको छ । त्यसैगरी हनुमान चरित्रमा कर्म गर्ने बेलामा आफूलाई ईश्वरको दास, विचार गर्ने वेलामा ईश्वरलाई पूर्ण ब्रह्म र ध्यानयोगद्वारा समाधिमा लीन हुँदा आफूलाई ब्रह्ममै एकीभूत हुन पुगिन्छ भन्ने हनुमान र रामको छोटो सम्वादबाट स्पष्ट पारिएको छ । परमप्रियको प्रमुखस्थान आत्माको वारेमा आत्म दर्शनका वारेमा मनन गरेर खोजेर आत्मालाई जान्न सकिन्छ । आत्मालाई जानेपछि मुक्ति पाइन्छ भन्ने महर्षि याज्ञवल्क्य र मैत्रेयी वीचको सम्वाद, उपनिषद कथा सर्वोत्तम धन शिर्षक रचनामा दैवज्ञराज न्यौपानेले ब्रह्म विद्याका बारेमा प्रकाश पार्नु भएको छ ।

स्वास्थ्य रक्षाको निम्ति प्रात: काल अझ खास गरेर सूर्योदयभन्दा चार घडी पहिले.– ब्रह्ममुहूर्तमा निद्रावाट जागा हुनुपर्छ भन्दै डा. मुरारीलाल द्विवेदीले प्रात: कालीन प्राकृतिक अलौकिकता स्वास्थ्य रक्षाको अचूक अवसर हो । यस अवसरलाई नगुमाउनु र निद्राबाट जागा हुने नियम बनाउनु भन्नु भएको छ ।

विषयानन्दको भन्दा ईश्वरप्रतिको आशक्तिले आत्मशान्ति र आत्मज्ञानतिर लैजान्छ, त्यही नै आनन्द हो र सत्य हो भन्ने आशय विल्वमङ्गल शिर्षकको कथामा स्वामी शान्तस्वरूपानन्दले उदाहरण दिनुभएको छ ।

आसक्ति त्याग नै पुरुषको धर्म हो । कामनाहरू नरकका ढोका हुन् । कामना जित्ने नै वीर पुरुष हो । आफ्नो आत्मस्वरूपलाई चिन्नु पुरुषको सफलता हो भन्ने आदर्श माता मदालसाद्वारा आफ्नो छोरोलाई दिइएको उपदेश प्रस्तुत गर्नु भएर खप्तड स्वामीबाट स्वप्नवत् संसार ब्युझिन मोहनिद्रा त्याग्ने उपदेश पाएका छौं ।

अज्ञात व्यक्तित्वको रुपमा स्वामी नरहरि तीर्थका बारेमा डा. स्वामी प्रपन्नाचार्यबाट खोज गरिएको रचनाले अज्ञात नेपाली अलौकिक साधक र सिद्धको बारेमा जानकारी पाउन सक्छौं । आयुर्वेद विज्ञानमा ऋषिकेश शर्माले बनौषधिहरूको परिचय र केही उपचारका बारेमा उल्लेख गरिएको पाइन्छ । बङ्गाल यात्रा: एक संस्मरण रामेश्वर के.सी को बंगाल यात्रा रोचकपूर्ण छ ।

यस अंकमा रहेको गीतासार, बुद्ध–वचन, समाधि, योगीको चमत्कार हिन्दू नारी र चाणक्य–नीति गहकिला गेडीहरू हुन् । यीनै गडीले पत्रिकाको वजन वढाएको छ र विभिन्न रचनाहरू उनेर वनेको मालामा प्रत्येक गेडी सुमेरु हुन पुगेको छ ।

<u>अब सोही पत्रिकाको अंक १० पट्टि लागौं ।</u>

जसले जन्म लिएको छ, त्यसको मृत्यु ध्रुवनिश्चित छ; जो मर्दछ त्यसको पुनर्जन्म पनि अनिवार्य छ । यस्तो अपरिहार्य विषयका निम्ति

शोक गर्नु उचित देखिदैन भन्ने गीताको सन्देशबाट थालनी गरिएको "जीवन र मृत्यु" रचनामा स्वामीले जीवन र मृत्युको शाश्वत चक्रमा शोक र विषादलाई ठाउँ दिनु अज्ञानता हो भन्नुहुन्छ । मान्छेले आध्यात्मिक विवेकलाई उजागर गरेर नश्वर (नाश हुने) वस्तुप्रतिको मोहबाट मुक्ति पाउने (लिने) प्रयास गर्नु पर्छ । आत्माको साक्षित्त्वमा देह र मनको समानान्तर भाव नै जीवन हो । पञ्च महाभूत र दश प्राण वायुबाट बनेको यो स्थूल र सूक्ष्म (दुई किसिमको) शरीर मृत्युंपछि स्थूल र सूक्ष्म लोकमा कर्मको भोग गर्न जान्छ । सत्त्व, रज र तम नै जीवात्मालाई बन्धनमा पार्ने कारक भएकाले मान्छेले सत्त्वगुणको आश्रयलिई त्रिगुणातीत अवस्थामा पुग्ने चेष्ठा गर्नुपर्छ । त्यहाँ पुगेको व्यक्ति मृत्युको अधीनमा हुँदैन र उसले अमृतलोक प्राप्त गर्न पुगेको हुन्छ । त्यो लोक प्राप्त गर्नु भनेको जन्म र मृत्युबाट मुक्त एकैचोटी महामृत्यु प्राप्त गर्नु हो । बुद्धिमान् मानिसले विषयलाई घटाउँदै ईश्वर भक्ति (हरिनाम) लाई बढाउँदै लैजाने अभ्यास गरेर मृत्युकालमा ईश्वर संग साक्षात्कार गरी ब्रह्मलोक प्राप्त गर्ने तिर लाग्नु पर्दछ भन्ने यस रचनाको निचोड रहेको छ । यसै अंकमा रहेको उहाको अर्को रचना "आहार शुद्धिमा" आहार अनुरुप बुद्धि हुने हुँदा शुद्ध आहारले बुद्धि स्वत: शुद्ध हुन्छ, बुद्धि शुद्ध हुनु भनेको ईश्वर स्मृतिमा दृढता आउनु हो । यो प्राप्त भएपछि मानिसको कष्ट निर्मूल हुँदै जान्छ । आहार भन्नु जिब्रोको स्वाद मात्र होइन; लेख्नु, सुन्नु, छुनु आदि अरु इन्द्रियहरूद्वारा अनुभूत गरिने अनुभूति पनि आहार नै हो भन्ने शङ्कराचार्यको व्याख्यालाई उद्धृत गर्दै स्वामीजीले उत्तम आहारले मन र शरीरलाई शुद्धि ल्याउँछ; शुद्ध मन भन्नु पवित्रता हो र ईश्वर सान्निध्य हुनु हो भन्ने विचार प्रस्तुत गर्नुभएको छ ।

शिवको अर्थ कल्याण हो । त्यागको प्रधानता भएकोले उनलाई त्यागराज (योगीराज) भनिन्छ । सर्प आभूषण हुनुको अर्थ प्रसुप्त अध: कुण्डलिनी शक्तिलाई जागृत गराउनु हो । प्रचुर योगवल भएकोले नै विष पचाउने, इन्द्रिय विकारलाई दग्ध पारेर विभूति धारण गरेर कामदेवको दहन गर्ने । साँढेमा विराज भै पशुहरूको समेत कल्याण गर्ने आदितत्त्वको कारण शिव परात्पर अजन्मा र अविनाशी छन् भनेर "शिव–तत्त्व" रचनामा हरि प्रसाद शर्माले वर्णन गर्नुभएको छ ।

"नेपालमा शैव धर्मको उत्पत्ति र विकास" बारेको अनुसन्धनात्मक रचनामा डिल्लीराम शर्माले नेपालमा प्रामाणिक इतिहासको थालनी मानदेव कालदेखि थालनी हुन्छ भने त्यो भन्दा अझै अघि जाँदा शैव धर्मलाई हिन्दू धर्ममा प्राचीनतम अस्तित्त्वको रुपमा रहेको पाइन्छ र शैवधर्मको प्राचीनता नेपालमा सत्य युगदेखि प्रचलित रहेको भन्ने जानकारी दिलाउने प्रयास गर्नुभएको छ ।

"दुर्गासप्तशतीमा अध्यात्मवाद" शिर्षक रचनामा डा. स्वामी रामानन्द गिरिले पुराणहरूको लक्ष्य कथाको माध्यमद्वारा दुर्बोध आत्मतत्त्वको सजिलोसंग बोध गराउने भएकोले दुर्गा सप्तशती पनि मार्कण्डेय पुराण अन्तर्गत पर्ने हो भन्दै दुर्गा सप्तशतीमा प्रथम, चतुर्थ, पंचम र एकादश अध्यायमा अध्यात्मवादको झलक प्रत्यक्ष रूपमा देखिन्छ भन्नु हुन्छ । म परमात्मारूपै हुँ भन्ने ज्ञान जसलाई हुन्छ यस्तो ज्ञानलाई ब्रह्मज्ञान भनिन्छ । यस प्रकारको ज्ञान पाउनेहरू मोहबाट मुक्त हुन्छन् भन्ने प्रथम अध्यायमा भनिएको छ भने चतुर्थ अध्यायमा देवताहरूले भगवतीको स्तुति गर्दै सम्पूर्ण जगतमा व्याप्त भएर वस्नु भएका तपाईंको (भगवतीको) महिमालाई ब्रह्मा, विष्णु र रुद्र आदिले पनि बुझ्न सक्नु हुन्न भनिएको, पाँचौ अध्यायमा संसारका

सवै भाव र अभावरूपका जति पनि पदार्थ छन् महामाया भगवतीदेखि भिन्न छैनन् भनिएको र एकादश अध्यायमा "विद्या समस्ता: तव देवि भेदा: स्त्रिय: समस्ता: सकला जगत्सु" श्लोकबाट वेद, स्मृति, पुराण आदि शास्त्रहरू तपाईंकै अंश हुन र सारा स्त्रीहरू पनि तपाईंकै अंश हुन् भन्ने भनाइनै शप्तशतीमा दार्शनिक वा अध्यात्मवाद विकल मात्रामा रहेको पाइन्छ भनि डा. स्वामी रामानन्द गिरिले स्पष्ट गर्नुभएको छ ।

"वाल्मीकि रामायण: संक्षिप्त विवेचना" मा नारायण प्रसाद अधिकारीले प्रखर प्रतिभाका पुञ्ज कवि वाल्मीकिको दृष्टि सुदूर अतीतदेखि वर्तमानलाई अतिक्रमण गर्दै भविष्यका गर्भमा समेत पुगेको छ भन्दै विषय वस्तु, चरित्र, कलात्मकता आदिको व्याख्या गरेर वाल्मीकिको रामायण चारित्रिक उच्चता, नैतिक आदर्श र मानवीय उच्च मर्यादाको शिक्षा दिने आर्य–काव्य हो भन्नु हुन्छ ।

यस अंकमा केही महान व्यक्तिका बारेमा जानकारी गराउने प्रयास पनि गरिएको छ । ती मध्ये १०८ परम् तपस्वी हिलेवावाको परिचय गराउने खोजपूर्ण रचनामा डा. स्वामी प्रपन्नाचार्यले प्रारब्ध कर्मको वन्धनमा फँसेका यज्ञमूर्ति घिमिरे पत्नी जयकलाको मृत्युका कारण सात्त्विक वैराग्य जाग्न गएकोले छोरो दीनानाथलाई समर्थ बनाएर घरवार जिम्मा लगाई जीवनको लक्ष्य प्राप्त गर्न हिलेको लेकतिर लागेको वानप्रस्थ आश्रममा रहेर २८ वर्ष तपस्या गरेर वाक्सिद्धि प्राप्त गरी हिले वाबाको नाउँबाट प्रयात हुन पुगेको जानकारी गराउनु भएको छ । 'वुद्ध जीवन पर्यन्त हिन्दू थिए' भन्ने प्रसिद्ध विद्वान डा. सर्वपल्ली राधाकृष्णनले वुद्ध दर्शन वारे लामो विश्लेषण गर्दै वुद्धको जीवन वैयक्तिक र सामाजिक दुईटा पक्षसंग समाहित छ । एकाग्र र अन्तरमुखी साधुका रूपमा तपस्यारत वुद्ध आन्तरिक समाधिको सुखमा लीन हुन्छ – यो बुद्धको वैयक्तिक पक्ष हो भने मनुष्यले दु:खको वाटोवाट त्राणको जीवनमा प्रवेश गर्नु, कष्टलाई दूर गर्नु, बहुजनहितायको सन्देश प्रसार गर्नु– यो सामाजिक पक्ष हो । उपनिषद्ले ब्रह्म लोकको जीवनवाट मोक्षलाई भिन्न अर्थ दिन्छ भने बुद्धले पनि देवता जगत्मा प्रकट हुन्छ भनेर निर्देशन दिन्छ । बौद्ध धर्म कुनै नयाँ स्वतन्त्र धर्मको रुपमा प्रारम्भ भएको होइन, त्यो त पुरानै हिन्दू धर्मकै एक अंग थियो भन्ने धारणा व्यक्त गर्दै डा. राधाकृष्णनले – बुद्धले हिन्दू धर्मको शुद्धिकरणको निम्ति हिन्दूको सास्कृतिक निधिको उपयोग गर्नुभयो भन्ने निष्कर्ष निकालिएको पाइन्छ । स्वामी विदेहात्मानन्दले स्वामी विवेकानन्द शिवभक्त थिए भन्ने प्रमाण दिनुभएको छ, आफ्नो रचना "शिवभक्त स्वामी विवेकानन्द" मा भने आचार्य कौटिल्यले विश्वको निम्ति अद्वितीय र अनौठो अर्थशास्त्र दिएर आँफैले त्यस नीतिको उपयोग पनि गरे भन्ने विवरण दिनु हुन्छ प्रा.डा. ऋषिराम पोखरेल "कौटल्य अर्थशास्त्र र आचार्य कौटिल्य" रचनामा। आर्य समाजका संस्थापक स्वामी दयानन्द सरस्वतीद्वारा प्रतिपादित आर्य समाजका सिद्धान्तहरूको परिचय दिने चाबहिल, मित्रपार्कका १० वर्षका योगेश कुमार ढुङ्गाना प्रति भने ईखलाग्न थालेको छ । डिस्को र ऱ्याप परिवेशमा जेलिएको वर्तमानको वाल–बगैंचामा एउटा अद्वितीय कमलको फूल भेटियो भने त्यसप्रति ईखलाग्नु स्वभाविकै हो ।

यस अंकमा आयुर्वेद–विज्ञानको एउटा रचना छ "स्वास्थ्यको लागि उपयोगी फल अमला" डा. शेषराज आचार्यले अमलामा पाइने विभिन्न तत्त्वले शरीरका विभिन्न रोगमा उपयोगी छ, यसको पात, फल र वियाँले समेत विभिन्न उपचारमा लाभदायक छ भन्दै केही अनुभूत प्रयोग पनि सिकाउनु भएको छ ।

"वाराणसी तीर्थ : सुखद अनुभूति" भन्ने यात्रा वर्णनमा द्वारिकाप्रसाद पौडेलले तीर्थस्थलको संस्मरणलाई अत्यन्त रोचक पाराले उल्लेख गर्नुभएको छ। काठमाडौंदेखि वनारससम्मको यात्रा गर्दा वाटामा पर्ने मन्दिरको दर्शन र बासको विवरण कति नबिराई वर्णन गरिएको छ। दशाश्वमेधघाट, प्रयाग घाट, डा. राजेन्द्र घाट, ललिताघाट, पंचगंगा घाट, आदि घाटको वर्णन र विश्वनाथ बाबा, अन्नपूर्णादेवी, भैरव गणेश, सारनाथ आदिको वर्णन अत्यन्त चाखलाग्दो छ। यस यात्रा संस्मरणले धेरै वर्ष अघिको वनारसको घुमाइलाई झलक्क संझन पुगें र रुजु गर्न थाले म।

"नयाँ वर्ष कस्तो होला" भन्ने ज्योतिष–विज्ञान रचनामा खिलनाथ बस्ताकोटीले प्रस्तुत गर्नुभएको राशिफलले २०५४ सालभरि त्यस राशिका व्यक्तिहरूले उपभोग गर्ने तल माथिलाई भविष्य वाणिका रुपमा ज्योतिष शास्त्रको आधार लिइएको छ।

"गुरुद्वारा सन्मार्ग–दर्शन" मा भने द्वारिका चौलागाइंले –गुरुलाई शक्तिशाली केन्द्रको रुपमा व्याख्या गर्दै ज्ञान, योग, शिक्षा जस्ता अनन्तमार्गहरूको पथ प्रदर्शन गुरुबाटै हुने र परम् पदको प्राप्ति निमित्त सद्‌गुरुको अनुग्रहभन्दा वढ्ता अर्को कुनै उपाय छँदैछैन भन्नु हुन्छ। त्यसै गरी साभार गरिएको "रोगहरू दूर गर्ने सरल उपाय" रचनामा श्री मांबाट शुद्ध स्वासको लाभ, श्रद्धा तथा ग्रहणशीलता आदिको परामर्श पाउँछौं, स्वस्थ मन लिएर निरोगी हुने ज्ञान पाउँछौं।

यस अंकमा रहेको श्री शिव प्रातः स्मरण स्तोत्रम्‌ले शिवको भक्तिमा योगदान पुऱ्याउँछ भने सद्‌गुरुको महिमा वारे उद्धालकद्वारा श्वेतकेतुलाई आत्मोपदेशले प्रष्ट पारेको छ। महाभारत सार, लघुचाणक्य, आयुर्वेदको बढ्दो आकर्षणले धर्म–दर्शन र आयुर्वेदको गहकिलो शिक्षा र लोकप्रियता बारे जानकारी पाइन्छ। "वैदिक वास्तुशास्त्र विज्ञानको कसौटीमा" व्यक्ति, पृथ्वी, घर वा मन्दीर, अनि अन्तरिक्ष परस्परको गुरुत्वाकर्ष एक अर्काको अनुकूल हुने किसिमवाट घर र मन्दीर निर्माण हुने गर्दछ भनेर व्याख्या गरिएको पाइन्छ भने कोटेश्वर महादेव र भगवान स्थान (वौद्ध मन्दिर) चाबहिलको मन्दिरहरूको परिचयले नेपाल सम्पदालाई समेत स्थान दिइएको छ। पत्रिकाको पुछारतिर वैदिक उद्‌बोधन संघको गतिविधिलाई स्थान दिई संघको क्रियाकलापवारे जिज्ञासुहरूलाई जानकारी गराउने प्रयास गरिएको छ।

दुई अङ्कका दुईटा पत्रिकामा छापिएका रचनाहरूबाट मैले जे छाने लेखिदिएँ। रचनाकारको भनाई र मेरो छनौट मिल्छ वा मिल्दैन मलाई थाहा छैन। प्रत्येक रचनावाट चूरो निकाल्ने प्रयासमा रचनाहरू नपढी लेख्न सकिएन। पढ्दै जाँदा अन्तर्दृष्टिको प्रसंग आयो। भक्तिको कुरो आयो। सत्व, रज र तम तीन गुणहरूका कुरा आयो। धेरै धेरै अरु कुराहरू पनि आए। जे आयो, जति आयो एउटा जिज्ञासुको लागि पर्याप्त आयो जस्तो लाग्छ।

अन्तर्दृष्टिले आत्मीय ज्ञान बढाउँछ, आत्मीय ज्ञानले परमानन्दको प्राप्ति हुन्छ भन्ने तथ्यबाट ब्रह्मत्त्वको निम्ति अन्तर्दृष्टिको खाँचो पर्ने रहेछ भने अन्तर्दृष्टि कसरी प्राप्त गर्ने त ; त्यस वारे अलिकता प्रकाश पारिनु पर्ने थियो कि ! त्यसै गरी ईश्वरको सान्निध्यमा पुग्न भक्तिलाई कसरी बढाउने ? यो सबैको निम्ति वानप्रस्थतिरै लाग्नु पर्ने हो त ? – कता कता प्रश्न उब्जिन थाल्दछ।

वर्तमान परिवेशमा दुई गाँसका निम्ति सूर्योदयदेखि सूर्यास्तसम्मको दगुरा दगुरमा लखतरान

परेको शरीर र इन्द्रियहरूबाट ईश्वरको भक्तिमा जांगर लाग्ला ? हामी परिवारप्रतिको जिम्मेवारीबाट पंछिन सक्तैनौं । तिनका सन्तोषमा आफूलाई हलिदिन्छौं । त्यस्ता गृहस्थहरूले ब्रह्मत्व प्राप्त गर्ने, ईश्वरको सान्निध्यमा पुग्ने उपाय, कर्म या मार्ग प्रति हाम्रा ग्रन्थहरू मौन नहुनुपर्ने हो– यतातिर भने विद्वत्‌जनहरूबाट दृष्टि दिइएको पाइएन ।

हाम्रा दैनन्दिनीमा सत्त्व, रज र तम मात्र होइन फट्याँइ, दुष्ट्याईसंग पनि कैलेकाँही पौंठजोरी खल्नुपर्ने आइलाग्छ। सदाचारको रक्षामा अनाचार पनि गर्नुपर्ने वाध्यता आइलाग्छ । यसलाई विकृति, वाध्यता, शाश्वत वा स्वभाविकता के भन्ने ? यस्ता परिस्थितिमा जेलिएको गृहस्थको निम्ति कतै प्रकाश नपारिएकोले अलिकता खल्लो खल्लो मात्र लाग्यो ।

हुन त यो मेरो निजी शङ्कामात्र व्यक्त गरेको हुँ । मनमा उब्जिएको शंकालाई स्पष्ट गर्ने प्रयास गरेको मात्र हुँ । यसलाई गम्भिर न ठानियोस् ।

बरु आगामी अंकमा श्रद्धेय विद्वत्‌गणबाट मेरो शंकाको समाधान भैहाल्छ कि ? भन्ने आसालाई मैले छोडेको चाहिं छैन । – *धोवीधारा, डिल्लीबजार*

ॐ ॐ ॐ

हिन्दूको बुद्धि र विचारशीलता

बुद्धि र विचारशीलतामा हिन्दु (स्थल) सबै देश भन्दा उच्च छ गणित र फलित ज्योतिषमा उनीहरूको ज्ञान अन्य जाति भन्दा बढता यथार्थ छ। चिकित्सा, विषयकमा हिन्दूको सम्मति प्रथम कोटिको छ ।

– *याकूबी (नवम् शताब्दी)*

हिन्दू धर्म र पर्यावरण

"भगवान, जो आगोमा छन्, पानीमा छन्, जो ब्रह्माण्डमा सर्वव्यापक छन्, जो औषधि (जडीबुटी) मा छन्, जो रुख विरुवामा छन्, उनलाई सादर प्रणाम ।"

– *उपनिषद्*

"हिन्दू धर्ममात्र त्यो महान् धर्म हो – जसलाई हामी सम्पूर्ण धर्मकी जननी भन्न सक्छौं ।

– *विवेकानन्द, शिकागो धर्मसभा*

भारतवर्षका करोडौं व्यक्ति साधु-सन्तकै भाँति रहदै आएका छन् – सहजरूपमा सरल, कपटरहित र ऋणरहित ।

– *प्रो. प्रि. जर्ज*



कृण्वन्तो विश्वमार्यम् — सम्पादकीय

श्रीमद्भगवद्गीता हिन्दूहरूको महान् ग्रन्थ हो, मुकुट–मणि हो। भगवान् श्रीकृष्णको मुखारविन्दबाट निस्किएको गीतालाई वेदव्यासले संकलन गरी विघ्न विनाश सिद्धिदाता भगवान् श्रीगणेशजीले लेख्नुभएको हो। विश्वका सवै धर्म, मत, सम्प्रदायका प्रमुख व्यक्तिहरूले गीताको बारेमा व्याख्या गरेका छन्। गीताको अध्ययन, पठन-पाठन, चिन्तन-मनन, लेखनबाट नै धेरै व्यक्तिहरू त्यागी, तपस्वी, महात्मा र महापुरुषको रूपमा प्रतिस्थापित भएको तथ्य इतिहासले वताउँछ। यति मात्र होइन सनातन हिन्दू धर्म वाहिरका विदेशी विद्वानहरूद्वारा पनि गीताको वारेमा प्रशस्त लेख, पुस्तकहरू तयार पारिएको छ। यस धरणीमा गीताको बारेमा जति पुस्तक–पुस्तिका, लेख–रचना, समालोचना, अभिव्यक्ति प्रश्नोत्तर आदि लेखिएका छन् त्यति अन्य ग्रन्थको विषयमा पाइदैन। विश्वमा भगवान् श्रीकृष्णको फोटो सर्वाधिक विक्री हुन्छ। अब प्रश्न उठ्छ – श्रीमद्भगवद्गीता प्रति विश्वका विद्वानहरूको यति धेरै चासो जिज्ञासा, आकर्षण किन त ? श्रीमद्भगवद्गीतामा कर्म, भक्ति र ज्ञानको त्रिवेणी छ, जसलाई अनुसरण गर्ने मानवले यस भवसागरबाट मुक्त भई मोक्ष प्राप्त गर्न सक्दछ।

एक्काइसौं शताव्दीको मानव जीवन जटील, तनावग्रस्त र अशान्त हुँदै गइराखेको अवस्थामा भगवद्गीता शुभ संकल्प लिई वास्तविक कर्म गर्न सिकाउँछ। भक्तिमार्गले हृदयमा प्रेमको फूल फुलाएर हृदयनै गद्गद् पारी व्यक्ति आफू पनि आनन्दित भई यो विश्वलाई नै आनन्दमय पार्दछ। ज्ञानमार्गले म, मेरो शरीर, मेरो परिवारको भावनाबाट माथि उचाली "वसुधैवकुटुम्बकम्" को भावनाले ओतप्रोत गराउँछ। गीताले यस जगत्लाई प्रकाश दिई मार्गदर्शन गराइराखेको छ।

मानव मात्रको लागि गीतामा जस्तो दिव्य–वाणी दिने भगवान् श्रीकृष्णको जन्माष्टमी पर्व सम्पूर्ण वैदिक हिन्दू सनातन धर्माबलम्बीहरूको मात्र महान पर्व नभएर विश्वकै मानव समुदायको पवित्र पर्व हो। यस्तो अपूर्व पर्वलाई एक दिनलाई मात्र सीमित नराखी गीताको सन्देशलाई आफ्नो जीवनमा उतार्नु आजको आवश्यकता छ।

वैदिक उद्बोधन (VEDIC REALISATION) पत्रिकाको एघारौं अंक यहाँको हातमा छ। आगामी अङ्कलाई अझ उत्कृष्ट कसरी बनाउने, कसरी निरन्तरता दिने आदि कुरामा यहाँको अमूल्य सुझावको आशा राख्दछौं। यस संघको पुनीत कार्यमा उत्साह देखाउनु हुने विद्वान् लेखक, संघ संस्था, व्यापारी, उद्योगपतिहरूमा हार्दिक साधुवाद प्रकट गर्दै भविष्यमा पनि यस्तै सहयोग एवं सद्भावना प्राप्त हुने [illegible]मा विश्वस्त छौं। यस पत्रिकालाई विशुद्ध निकाल्ने प्रयास हुँदा हुँदै पनि मुद्रा राक्षसको कारणवाट अशुद्ध हुन गएमा क्षमा – प्रार्थी छौं।

ॐ शान्तिः ॐ शान्तिः ॐ शान्तिः

– जय वैदिक हिन्दू–धर्म।

"अतिथि देवो भवः"

visit nepal '98

A WORLD OF ITS OWN

नेपाल भ्रमण वर्ष १९९८

पर्यटक हाम्रा पाहुना हुन्,
हृदयदेखि स्वागत गरौं ।

नेपाल भ्रमण वर्ष '९८ को सचिवालय

पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

सिंहदरवार, काठमाडौं, फोनः २२५८७०, २२५२६९ फ्याक्स : ९७७-१-२२७७५८

श्रीकृष्णजन्माष्टमी २०५४
वैदिक उद्बोधन